CC-0. Digitized by eGangotri and MIDF- Delhi

# योगवासिष्ठ-रस

( वासिष्ठका कतिपय श्लोकहरूको
प्रायः श्लोकमै अनुवाद )

अनुवादक

बदरीनाथ भट्टराई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# योगवासिष्ठ-रस

अनुवादक

**बदरीनाथ भट्टराई**

शुभ संवत् २०३१ ]

*

[ मूल्य ५/-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रथम-संस्करण

५००

© सर्वाधिकार लेखकाधीन

मुद्रक

अभयकुमार

**आर्यभूषण प्रेस**

ब्रह्माघाट

वाराणसी ● फोन : ५२४८३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



श्रीः

# निवेदन

वशिष्ठजी जस्तै जीवन्मुक्त नभई वासिष्ठको रस निचोर्छु भन्ने साहस गर्नु अनुचित र उपहासको विषय भए पनि छुकछुके स्वभावले गर्दा कलम यतातिर प्रवृत्त भयो। शायद बोक्रा निचोरेर सुन्तलाको रस यही हो भन्ने व्यक्तिसँग यो कलम पनि दाँज्न सकिएला। तर गुदीको स्वाद न आए पनि रंग त केही आएको छ कि !

वेदको रहस्य बुझेका श्री बाल्मीकि मुनिले चित्त-शुद्धिका लागि पूर्व रामायण र ज्ञानका लागि उत्तर रामायण अर्थात् योगवासिष्ठ बनाउनुभएको देखिन्छ। हुनत यी दुइको परस्परमा उल्लेख भएको देखिन्न, शायद कीर्तिको इच्छा नभएका वैदिक ऋषिहरुको यस्तै परम्परा होला। दुवै रामायणका एकै महर्षि हुनु हो भन्ने कुरामा भाषाको सादृश्य, एकै किसिमको वर्णनशैली र अलंकारको वैशिष्ट्य पनि हो। जे होस् योगवासिष्ठ-सूर्यका बत्तीस हजार किरण नै हृदयको अज्ञानरूपी अन्धकारको नाश गर्न समर्थ छन्।

योगवासिष्ठका छ प्रकरण छन्। पहिलो हो वैराग्य। तीर्थ घुमेर आएपछि श्री रामचन्द्रलाई वैराग्य आएको कथा यसमा देखाइएको छ। विषयमा राग रहुन्जेल मोक्षको बाटोतिर लाग्न सकिन्न। जब सारा विषयबाट विमुख भइन्छ, स्त्री, सुन, र कीर्तिहरूको चाहना छुट्छ अनि चित्त शुद्ध हुन्छ, अन्तर्मुख हुन्छ। यसै हुँदा पहिलो शुभेच्छा भूमिकाको मुख्य साधन रामचन्द्रको जस्तै दृढ़ वैराग्य हो। जस्तो आलबालमा पानी हाल्नाले वृक्ष बढ्दछ त्यस्तै वैराग्यबाट नै ज्ञानवृक्ष 'बढ्दछ भन्ने यहाँ निरूपण गरिएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



दोस्रो हो मुमुक्षु-व्यवहार-प्रकरण। अल्पबुद्धि भएको मैंले कसरी ब्रह्मज्ञान गर्नु ? भन्ने प्रश्नको उत्तर पुरुषार्थबाट जे पनि हुन सक्छ भन्ने यसमा दिइएको छ। दृढ वैराग्य भए मुमुक्षु भइन्छ, श्री शुकजी जस्तै उत्तम मुमुक्षु भए गुरुको एकै उपदेशले स्वरूप-स्थिति भइहाल्छ। दृढ वैरागी भए मोक्षका द्वारपाल शम, विचार, सन्तोष, र सत्सङ्गले ढोका खोलिदिहाल्छन्। मुमुक्षुको व्यवहार यस्तो किसिमको हुनुपर्छ भन्ने यहाँ देखाइएको छ।

तेस्रो हो उत्पत्ति-प्रकरण। यो जगत्को उत्पत्ति कसरी भयो भनी मुमुक्षुले संसारको स्वरूप बुझ्न उन्मुख हुनु स्वाभाविकै हो। द्रष्टा, दृश्य, म, तँ, इत्यादि जगत् नभए पनि देखिएको हो भन्ने यहाँ देखाइएको छ। जस्तो बाला, बाजुहरु सुनमा उत्पत्ति हुन्छन् त्यस्तै ब्रह्ममा जीवहरु पैदा हुन्छन्। विना कारण जगत् संकल्पबाट खड़ा भएको हो भन्ने नबुझी वैराग्य स्थिर हुन सक्दैन। यसै हुँदा समष्टिकोटिको संकल्पबाट यो जगत् देखिएको हो। अणु, प्रकृति इत्यादि कुनै कारणबाट जगत् पैदा भएको होइन भन्ने दृढ़ गराउन लीला आदिको उपाख्यान यहाँ दिइएको छ।

चौथो हो स्थिति-प्रकरण। जगत् संकल्पमा स्थित छ। संकल्प नभए आतिवाहिक भावबाट खसेर आधिभौतिक भाव प्राप्त हुन सक्दैन। अहं, जगत्, द्रष्टा दृश्य यसरी नै स्थिति प्राप्त भएको हो। चित्रकार र रङ्ग नै नभई आकाशमा चित्र देखिए जस्तै यो जगत् स्थित भएको छ भन्ने यहाँ देखाइएको छ।

पाँचौं हो उपशम-प्रकरण। 'जगत् कसरी हराउँछ' को उत्तर जनकको कथादेखि लिएर वीतहव्य सम्मका कथाहरूले दिन्छन्। चित्रमा देखिएको सेना, सपनामा देखिएको प्रपञ्च, पानीमा देखिएको छाल इत्यादि जस्तै यो जगत् हो, अनि संकल्पको अभाव भए हराउँछ भन्ने छर्लङ्ग हुन्छ। अनादिकाल देखिको यो संसारलाई रजोगुणी र तमोगुणीले चलाइरहेछन्। सत्त्वगुणीले त सकेसम्म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अनात्माकार वृत्ति उठ्न दिँदैन । आत्माकै चिन्तन, कथन गरिरहन्छ, सत्सङ्ग गर्छ, आत्मातिर नै लागिरहन्छ, संकल्प उठाउँदैन अनि जगत् हराइहाल्छ । आपत्ति आए पनि संपत्ति आए पनि ज्ञानी आफ्नो स्वरुपस्थितिमै रहन्छ । चित्रको सर्प हो भन्ने बुझे पछि डर हराए झैं दृश्य कल्पित हो भन्ने बुझेपछि सुख, दुःखले छुन सक्दैन ।

छैटौं हो निर्वाण-प्रकरण । चेत्य अर्थात् दृश्यले रहित अनुभवरूप एक स्वप्रकाश चैतन्य वस्तु हुनुहुन्छ जहाँ कुनै उपाधि छैन, कार्य, कारण, कर्तृत्व, हेय, उपादेय केही पनि छैन भन्ने बुझे चित्तको विलकुल नाश हुन्छ । आफ्नो स्वरूप सिवाय अरू केही रहँदैन । राजा शिखिध्वज, विपश्चित् आदिको कथाहरूबाट अनि मणि र काचको दृष्टान्त आदिबाट त्यसैको पुष्टि गरिन्छ । शंका र वासनाको आत्यन्तिक अभाव हो निर्वाण ।

योगवासिष्ठको पाठ गर्नाले मात्र पनि मन शान्त हुन्छ । तर यसलाई दोहऱ्याइरहनुपर्छ । जति आवृत्ति गऱ्यो उति रहस्य खुल्दै आउँछ । मु. १७-७ मा वसिष्ठ भन्नु हुन्छ, जस्तो निद्राबाट ब्यूँझेकालाई बलिरहेको बत्तीले इच्छा नगरे पनि उज्यालो दिएर पदार्थको यथार्थ स्वरूप दर्शाइदिन्छ त्यस्तो यो शास्त्र राम्ररी पढ्नाले व्यापक शुद्ध चैतन्य वस्तुलाई छर्लङ्गसँग देखाइदिन्छ ।

यो पुस्तक योगवासिष्ठको तात्पर्य-प्रकाश भन्ने, संस्कृत टीकाका आधारमा लेखिएको छ ।

जसको अर्थबाट यो प्रकाशित हुन गएको छ ती महाशयहरुलाई सुखशान्ति होस भनी भगवान् अन्तर्यामी परमात्मासँग प्रार्थना गर्दछु ।

—बदरीनाथ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# विषय-सूची


सर्ग (१) वैराग्य-प्रकरण १-१९

१ अरिष्टनेमि र भरद्वाजलाई वाल्मीकिवाट उपदेशको आरम्भ र रामचन्द्रको उद्‌गार १

२ रामचन्द्रको वैराग्य-वर्णन १०

(२) मुमुक्षु-व्यवहार-प्रकरण १९-३३

१ शुक जनककहाँ गएको कथा र वशिष्टलाई ब्रह्मावाट ज्ञान वताउनाको कारण इत्यादि १९

२ मोक्षका चार द्वारपाल २७

(३) उत्पत्ति-प्रकरण ३४-६५

१ रामलाई वशिष्ठको उपदेश ३४

२ मराडपाख्यान अर्थात् लीलाको कथा ४१

३ कर्कटीकों र ऐन्दव दश ब्रह्माको अनि लवण राजाको कथा ४९

४ रामलाई वशिष्टको उपदेश ५८

(४) स्थिति प्रकरण ६६-८३

१ भार्गवको र दाम, व्याल, कटहरूको कथा ६६

२ दाशूरको कथा इत्यादि ७५


Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



## (५) उपशम-प्रकरण ८४-१२९


| | | |
|---|---|---|
| १ | सिद्ध-गीता र जनकको मनन आदि | ८४ |
| २ | पुण्य र पावनको अनि बलिको कथा | ९३ |
| ३ | प्रह्लादको कथा | ९९ |
| ४ | गाधि र उद्दालकको कथा | १०५ |
| ५ | माराडव्य, सुरघु र परिघको कथा | ११२ |
| ६ | भास र विलासको कथा र संवर्तको विचार | ११५ |
| ७ | वीतहव्यको कथा र वशिष्ठको उपदेश | १२२ |


## (६) निर्वाणप्रकरण १३०-१८६


| | | |
|---|---|---|
| १ | वशिष्ठको उपदेश | १३० |
| २ | काकभुशुण्डको कथा | १३६ |
| ३ | शिवपूजा र अर्जुनको कथा | १४३ |
| ४ | जीवट, भगीरथ आदिको कथा | १५२ |
| ५ | चूडाला र शिखिध्वजको कथा | १५७ |
| ६ | ,, ,, ,, | १६५ |
| ७ | कचको र भृङ्गीशको कथा | १७३ |
| ८ | योगका सात भूमिकाको वर्णन•इत्यादि | १८१ |


Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

: श्री :

# योगवासिष्ठ-रस

## वैराग्य-प्रकरण

### पहिलो सर्ग

१ । १

जस्बाट सारा जन्मन्छन् जसमा स्थित[1] छन् अनि ।
हुन्छन् विलीन[2] जसमै ती आत्मालाइ ढोग्दछु ।।

शिष्य सुतीक्ष्णले मोक्षको साधन कर्म हो, या ज्ञान हो या दुवै हुन् भन्ने प्रश्न गर्दा अगस्ति मुनि भन्नुहुन्छ ।

१ । ७

दुवै पखेटाबाटै नै जस्तो उड्छन् चराहरू ।
त्यस्तै ज्ञान र कर्मैले पाइन्छ परमै[3] पद ।।

यही प्रसङ्गमा अग्निवेश्य र कारुण्यको कथा ल्याई छोराले कर्म नगरेको देखा 'किन कर्म नगरेको ?' भनी बाबु अग्निवेश्यले सोध्नुभयो, अनि छोरा कारुण्यले बाबुसँग गरेको प्रश्न सुतीक्ष्णलाई अगस्ति भन्नुहुन्छ ।

१ । १४

बाँचुन्जेलै अग्निहोत्र[4] गर्नू सन्ध्या पनी सँदै ।
प्रवृत्तिरूप[5] यो धर्म श्रौति[6] र स्मृतिमा[7] छ है ।।

---

१. रहेका । २. बिलाएका । ३. ठूलो । ४. विहान र बेलुको नियमपूर्वक गरिने वैदिक होम । ५ कुनै काममा लाग्नु । ६. वेद । ७. धर्मशास्त्र ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


१।१५

घनले कर्मले मोक्ष हुन्न त्यो पुत्रले पनि।
खालि यौटा त्यागले नै पाउँछन् मोक्ष ती यति ॥

१।१६

दुवै थरी यी श्रुतिमा कुनचाहिं लिने गुरु?
शंका ज्यादै छ मनमा तस्मात् चूप छु कर्ममा ॥

(छोराको प्रश्नको जवाफको रूपमा अग्निवेश्यले सुरुचि अप्सरा र देवदूतको संवादको कथा ल्याउनुहुन्छ। हिमालयको शिखरमा बसेकी सुरुचिले आकाशको बाटोबाट जान लागेका देवदूतलाई देखी 'तपाईं कहाँबाट आउनुभयो अनि कहाँ जानुहुन्छ भनी सोद्धा सुरुचिलाई देवदूत भन्छन्, "अरिष्टनेमि राजर्षिलाई स्वर्गमा लिएर आऊ भनी इन्द्रबाट आज्ञा हुँदा म लिन गएँ, तर उनले स्वर्गका गुण र दोष बताऊ भने। त्यसपछि मैले भनें, उत्तम पुण्यले उत्तम स्वर्ग-सुख पाइन्छ; मध्यम पुण्यले मध्यम सुख र अधम पुण्यले अधम स्वर्गसुख पाइन्छ। स्वर्गमा अर्काको बढी सुख सहँदैनन्। आपसमा डाह हुन्छ। पुण्य सिद्धिनासाथ मर्त्यलोकमा खस्नुपर्छ। त्यसपछि अरिष्ठनेमिले 'म त्यस्तो स्वर्ग जान्नँ, यहीं तपस्या गरेर शरीर छोड्दछु' भनी जवाफ दिए। अनि त्यही कुरा इन्द्रलाई विन्ती गर्दा फेरि इन्द्रले भन्नुभयो, 'हे देवदूत, तिमी फेरि जाऊ। अरिष्ठनेमि ज्ञानका अधिकारी भएछन्। त्यसै हुँदा उनलाई बाल्मीकिको आश्रममा पुऱ्याऊ। अनि राजालाई मैले बाल्मीकिकहाँ पुऱ्याएँ इत्यादि।

त्यसपछि 'म कसरी संसार-बन्धनबाट छुट्दछु भनी राजाले बाल्मीकिसँग निवेदन गरे, अनि बाल्मीकिले भन्नुभयो, 'वसिष्ठ र रामको संवादस्वरूप महारामायण सुन। त्यसलाई धारण गर्न सक्यौ भने जीवन्मुक्त हुनेछौ। अब बाल्मीकि महारामायणको मंगलाचरण गर्नुहुन्छ :—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



२ । १

पृथ्वी आकाश र द्यौमा[१] भित्र बाहिर नै पनि ।
प्रकाशरूप जो भास्छन्[२] ती आत्मामा प्रणाम छ ।।

२ । २

म छु बद्धै[३] मुक्त होऊँ भन्ने जस्को छ निश्चय ।
न अज्ञ[४] हो न त ज्ञानी अधिकारी[५] यहाँ छ त्यो ।।

( भगवान् रामचन्द्रलाई आदिमा राखेर अर्थात् रामचन्द्रलाई प्रधान बनाएर अथवा राम र वसिष्ठका संवादको रूपमा जीवन्मुक्तको स्थिति क्रमैले बताउनुहोस् भनी शिष्य भरद्वाजले भन्नुभएपछि वाल्मीकि आज्ञा गर्नुहुन्छ ) :—

३ । २

आकाशको रङसरि देखिएको जगद्भ्रम[६] ।
नसंझने गरी ज्यादै बिर्समा नै छ बेस है ।।

३ । ३

दृश्यै[७] छैन भनी ज्ञान-विना त्यो कहिले पनि ।
कसैले बुझ्न सक्दैन यसैले ज्ञान खोजियोस् ।।

३ । ६

दृश्य कैले छँदै छैन भन्ने दृढ निधो गरी ।
छुटे भने दृश्य सारा मिल्छ निर्वाणको[८] सुख ।।

३ । ७

नत्र शास्त्रै-खाडलमा गर्ने लडिबडी सँधै ।
अज्ञानीहरू कल्पैमा पनि हुन्नन् सुखी यहाँ ।।

---

१. स्वर्गमा । २. भान हुन्छन् । ३. बन्धनमा परेको । ४. नजान्ने । ५. अधिकार भएको योग्य । ६. जगत्को भ्रान्ति । ७. देखिने कुरा । ८. मोक्षको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



३ । ८

वासनाको[१] बिलकुलै परित्याग भयो भने ।
त्यही नै मोक्ष हो भन्छन् त्यही हो निर्मल क्रम[२] ॥

३ । ११

वासना हो दुइ थरी मैलो र शुद्ध नै गरी ।
जन्मको हेतु[३] मैलो हो जन्म नास्ने त शुद्ध हो ॥

३ । १२

अज्ञानले घनाकार[४] अहंकार बढी हुने ।
वासना चाहिं मैलो हो पुनर्जन्म गराउने ॥

३ । १३

छोडी जन्माङ्कुरहरू[५] भुटेका बीज झैं गरो ।
देह[६]का निति ज्ञानीको वासना शुद्ध भन्दछन् ॥

( अरिष्टनेमि र भरद्वाजलाई बाल्मीकि भन्नुहुन्छ, 'राजा दशरथका जेठा छोरा राम पढिसकेपछि बाबुसँग बिन्ती गरी तीर्थ गर्न जानुभयो । तीर्थयात्राबाट फर्केपछि उन्डाइस वर्षका रामलाई ज्यादै वैराग्य आयो । उहाँले खानवर्न पनि छोड्नुभयो, दुब्लाउँदै जानुभयो । केही दिन पछि विश्वामित्र मुनि दशरथकहाँ आउनुभयो । मुनिको पूजा गरी 'किन पाल्नुभयो ?' भनी दशरथले सोद्धा विश्वामित्रले भन्नुभयो, 'मेरो यज्ञमा राक्षसहरूले साह्रै दुःख दिए, त्यसै हुँदा तपाईंका जेठा छोरा राम मलाई दिनुहोस् । दिव्य तेजले रक्षा गरिएका रामले तिनीहरूलाई अवश्य हटाउनुहुनेछ ।' त्यो कुरा सुन्नासाथ राजा दशरथ एक मुहूर्त सम्म मूर्छा पर्नु भयो । ब्यूँझे पछि 'रामलाई नलगिदिनोस्, नत्र मेरो जीवन रहँदैन' इत्यादि कुरा भन्नुभयो । त्यो सुनेर विश्वामित्र रिसाउनुभयो ।

---

१. मनैमा रहिरहेका कुरा । २. मैलो । ३. कारण । ४. बाक्लो आकार भएको । ५. जन्मरूपी टुसाहरू । ६. शरीरका ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वसिष्ठ मुनिले दशरथलाई संझाउनुभयो, विश्वामित्रका साथ पठाएमा कल्याण हुन्छ। विक्क नहुनुहोस्' भन्नुभयो; अनि दशरथले रामलाई बोलाउन पठाउनुभयो। राम आउनु भएपछि दशरथ, वसिष्ठ र विश्वामित्रले 'यसरी मोह र शोक हुनाको कारण के हो ?' भनी सोध्नुभयो, अनि राम भन्नुहुन्छ :--

१२।७

ओहो यहाँ के सुख छ ? यो हो संसारको गति[१]।
मर्नाको लागि जन्मन्छ जन्मको निति मर्दछ॥

१२।८

यी [२]चराचरका चेष्टा सारा अस्थिर मात्र छन्।
ऐश्वर्यका हेतु भाव हुन्छन् आपत्तिका घर॥

१२।९

कीला फलामे सरिका [३]परस्पर नजोडिने।
पदार्थ ता खालि आफ्ना कल्पनाले त जोडिने॥

१२।१५

राज्यले के भोगले के म हुँ को यो भयो किन ?
यो झूटै हो भने झूटो—बाट कल्लाइ के भयो ?

१२।१६

यस्तै विचार गर्नाले सारा विषयका प्रति।
वैराग्य आयो मरुमा[४] बटुवाको सरी यहाँ॥

१२।२१

यो दुःख कसरी शान्त होला भन्दै छु [५]चिन्तित।
टोड्कोमा[६] अग्नि रहने बूढो रूखसरी यहाँ॥

---

१. चाल। २. चर अर्थात् हिंड्ने र अचर अर्थात् नहिंड्ने प्राणीका। ३. आपसमा। ४. पानी नभएको भूमिमा। ५. पीर मान्ने। ६. रुखमा परेको प्वालमा।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



१२ । २२

संसार-दुःख-ढुङ्गाले [१]निश्छिद्र - हृदयै पनि ।
आफन्तकै त डरले रुन्न आँसू बहाउँदै ॥

१२ । २६

[२]चिन्ता–समूहको चक्र धनले सुख के हुने ?
स्त्री सुत्केरी भएका ती दुःखीको घर नै सरि ॥

१३ । १

संसारमा रहेकी यी उदार भनि [३]कल्पित ।
श्रीले[४] पार्छिन् मोह मात्र दिन्नन् निश्चय नै सुख ॥

१३ । ६

गुणी र अगुणी भन्ने विचारै छोडि [५]पार्श्वको ।
व्यक्तिलाई अँगाल्छिन् यी [६]राज-प्रकृति नै सरि ॥

१३ । ७

त्यस्ता त्यस्ता कर्मले यी फैलिन्छिन्‥जसरी यहाँ ।
विष त्यो [७]दोष–सर्पको दूधले झन् बढाउँछ ॥

१३ । ८

तबसम्मन् हुन्छ जन वढिया नम्र लोकमा ।
हुरीले हिउँ झैं जैले–सम्म श्री पार्दिनन् कडा ॥

१३ । ९

बुद्धिमान् शूर र गुनी कमलो चित्तका पनि ।
धूलो ले मणि झैं हुन्छन् श्रीले मलिन चित्तका ॥

---

१. प्वाल नभएको । २. पीरको थुप्रोको । ३. मनगढन्त । ४. लक्ष्मीले ।
५. अगल बगलको । ६. राजाको प्रकृति जस्तै । ७. दोषरूपी सर्पको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



१३ । ११

धनी र कीर्तिमान् त्यस्तै शूरो र विनयी अनि ।
[१]समदृष्टि प्रभु पनि हुन्छन् दुर्लभ तीन नै ॥

१३ । २२

राम्रो हुँदा चित्त तुरुन्त खिँच्छिन् छन् [२]दुःखसाध्यै [३]क्षणिकै पनि छन् ।
[४]भुजंगले वेष्टित [५]छिद्र-पुत्री लक्ष्मी यहाँ [६]पुष्पलतासरी छन् ॥

१४ । १

पालुवाको [७]जलकणै सरि अस्थिर आयु हो ।
बहुलालाइ झैं देह त्यागी जान्छ अचानक ॥

१ । २

विषयै सर्पले डस्दा जीर्ण चित्त हुने सँदै ।
ती अदृढै विवेकीको आयु हो दुःख-कारण ॥

१४ । ४

सानो [८]शरीराकारैमा अत्यन्तै [९]दृढनिश्चयी ।
हामी क्षणिक [१०]विद्युत् झैं आयुमा नहुने सुखी ॥

१४ । ५

वायुलाई बेर्न सक्ला पार्ला आकाश [११]खण्डित ।
गाँस्ला तरङ्ग तर त्यो भरोसा छैन आयुको ॥

---

१. एकनास देख्ने । २. दुःखले मात्र पाइने । ३. एक छिनमा नाश हुने । ४. सर्पले या गुन्डोले । ५. भईको प्वालबाट निस्कने या दोषबाट पैदा हुने । ६. फूलको लहरा जस्तै । ७. पानीको कण । ८. शरीरको आकारमा । ९. ज्यादै निश्चय गर्ने । १०. बिजुली । ११. टुक्रे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



१४ । ६

बत्तीसरि [१]स्नेह - हीन [२]शरद्को [३]अल्प मेघ झैं ।
छाल झैं चञ्चले आयु गएको मात्र देखिने ॥

१४ । ११

बाँध्दछन् पक्षि र मृग बाँच्छन् वृक्षहरू पनि ।
तर बाँच्ने त त्यो हो जो सँदै [४]मनन गर्दछ ॥

१४ । १३

शास्त्र झे [५]अविवेकीको [६]रागीको ज्ञान भार हो ।
अशान्तको मनै भारी [७]अज्ञको [८]देह भार हो ॥

१५ । ६

ज्यादै ठूलो [९]असह्य ती दीर्घ दुःखहरू पनि ।
अहंकारै बाट हुन्छन् खयरै सरि शैलमा ॥

१६ । २४

समुद्रको [१०]पानभन्दा नास्नुभन्दा सुमेरुको ।
बल्दो आगो खानुभन्दा चित्त रोक्न छ मुश्किल ॥

१६ । २५

अर्थको कारणै चित्त त्यो हुँदा छ [११]जगत्त्रय ।
त्यो नाशिँदा जगत् हट्छ त्यही नै त्याग्नुपर्दछ ॥

---

१. तेल नभएको । २. असोध र कार्तिकको । ३. सानो । ४. विचार ५. विवेक नगर्नेको । ६. राग गर्नेको । ७. अज्ञानीको । ८. शरीर । ९. सहिनसक्नु । १०. पिउनु भन्दा । ११. तीन जगत् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



१७ । ११

तृष्णा भन्ने त ज्वालाले जलेको छु सँदैभरि ।
अमृतैले पनी यस्को [1]दाह शान्त हुँदैन कि ?

२१ । ३६

भोग्दा मात्र रमाइला [2]भ्रमरका चल्ने पखेटा सरि
ज्यादै चञ्चल भोग छन् विरसिला छन् फेरि यी [3]दुस्तर ।
मृत्यु, [4]व्याधि, बुढ्याइँका त डरले तिन्मा रमाउन्न म
शान्तै हुन्छु प्रयत्नले अतिमहान् पाऊँ भनी त्यो पद ॥

•

१. डाह । २. भमरोका । ३. तर्नं नसकिने । ४. रोग ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## दोस्रो सर्ग

( रामचन्द्र आफ्नो वैराग्यको वर्णन गर्नुहुन्छ । )

२२ । १

अपर्याप्त[1] त बालत्व[2] पिइदिन्छ जबानिले ।
बुढ्याइँले जबानी त कस्तो विद्वेष आपसी ॥

२२ । ४

त्यसै ज्यादै दुःख दिने बुढ्याइंले सताउँदा ।
बुद्धि भागेर नै जान्छे सौता झैं शासना दिंदा ॥

२२ । ६

स्त्री, छोरा नोकरहरू मित्र बान्धव नै पनि ।
बौलाहादेखि झैं हाँस्छन् देख्दा कांने बुढोकन ॥

२२ । ७

कुरूप[3] जीर्ण कंगाल रहितै गुण[4]-वीर्यले ।
बुढ्याइँमा लोभ बस्छ गिद्ध झैं दीर्घ[5] वृक्षमा ॥

२२ । ८

भरिएको दैन्य-दोष[6] भित्र डाह गराउने ।
सारा आपत्तिको साथी इच्छा बढ्छ बुढ्याइँमा ॥

२२ । ९

भोग्नुपर्ला कष्ट मैले के गर्ने परलोकमा ।
भन्ने [7]उपाय-रहित डर बढ्छ बुढ्याइँमा ॥

---

१. चाहिए जति नभएको । २. बालक अवस्था । ३. नराम्रो । ४. गुण र वीरताले । ५. लामो । ६. दिक्दारीरूपी दोष । ७. उपाय नभएको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



२२ । १२

लोभ बढ्दछ एक्कासि भोग गर्न सकिन्न क्यै ।
हृदयैमा दाह हुन्छ शक्ति घट्दा बुढ्याइँमा ।।

२२ । २३

ठानी कुभिन्डो पाकेको धुस्रो शिर बुढ्याइँले ।
क्वाप्प त्यसै खाइदिन्छ काल ईश्वर हो खुद ।।

२२ । ३०

आधि[१] व्याधि[२] पताका[३] ली अगाडि मृत्युराजको[४] ।
सेतो चामर सरिको बुढ्याइँ आइहाल्दछ ।।

२२ । ३६

बुढ्याइँ-चूनले सेतो अन्तः[५] पुर-शरीरमा ।
अशक्ति पीडा आपत्ति यी स्त्री बस्छन् सुखसंग ।।

२२ । ३८

के हुन्छ बाँच्ने त [६]दुराग्रहैले बूढो भएमा पनि बाँच्दछन् जो ।
बुढ्याइँ जित्ने जन छैन कोही तिरस्कृते[७] बन्दछ [८]एषणा त्यो ।।

२३ । ३

होला कहीं या जसको जगत्मा सुख-भावना ।
मूसाले [९]तन्तु झैं काट्छ त्यल्लाई पनि कालले ।।

२३ । ४

त्यस्तो वस्तु यहाँ छैन [१०]सर्वभक्षी त कालले ।
नखाइयोस् यो जगत्मा अब्धि[११] झैं वाडवाग्निले[१२] ।।

---

१. मनको पीर । २. रोग । ३. झन्डा । ४. कालको । ५. जनानाखानारूपी शरीरमा । ६.जिद्दीले । ७. हेला गरिएको । ८. इच्छा । ९. धागो । १०. सारा लाई खाने । ११. समुद्र । १२. समुद्रभित्रको आगोले ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



२३ । ६

ठूलालाई पनी एक क्षण पर्खन्न काललें ।
विश्वको नै गाँस हाल्ने काल यो विश्वरूप छ ॥

२३ । ८

जो राम्रा छन् शुभारम्भ[1] सुमेरु-गुरु[2] नै पनि ।
कालले निलि नै दिन्छ गरुडैले त नाग झैं ॥

२३ । १९

घाँस, धूलो, पात, इन्द्र, सुमेरु र समुद्र नै ।
पनि खाइदिने काल खन्चुवा छ असाध्य नै ॥

२६ । ११

इन्द्रिये शत्रुहरू हुन् सत्य वस्तु असत्[3] भयो ।
आफैंले आफुलाई नै हान्ने यो मन शत्रु हो ॥

२६ । १४

अवस्तु झैं वस्तु ठान्यौं अहंकार छ चित्तमा ।
पदार्थ छन् नाश हुने सत्य आत्मा न भेटिने ॥

२६ । १५

पीर लाग्छ असाध्यै यो बुद्धि आकुल नै हुँदा ।
रागरूपी रोग चर्क्यो वैरागी जन दुर्लभ ॥

२६ । १९

जवानी जान्छ यत्नैले टाढा सज्जन-सङ्ग छ ।
अरू उपाय क्यै छैन सत्यता न उदाउने ॥

---

१. असल आरम्भ । २. सुमेरु पर्वत जस्तो गह्रौं । ३. नभएको ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



२६ । २०

मन भित्रै मुग्ध[१] हुन्छ [२]मुदिता दूर नै गयो ।
सफा आउन्न करुणा उर्लिएको छ नीचता ॥

२६ । २१

अधैर्यं हुन्छ धीरत्व[३] खस्ने र उफ्रने जन ।
सुलभै[४] दुष्टको सङ्ग दुर्लभै साधु-सङ्ग हो ॥

२६ । २२

वस्तु छन् आगमापायी[५] बन्ध पार्ने छ भावना ।
कहाँ कहाँ लगिन्छन् यी सारा प्राणीहरू सँदै ॥

२६ । २३

दिशा पनी देखिदैनन् देश बन्छ कुदेश नै ।
पहाड पनि फोरिन्छन् म जस्ताको छ के भर ?

२६ । २४

द्यौ[६] खाइन्छ [७]असत्ताले भुवनै पनि खाइने ।
पृथ्वी पनी हुन्छ नष्ट म जस्ताको छ के भर !

२६ । २५

सुक्छन् समुद्र पनि ती खस्दछन् तारका पनि ।
नष्ट हुन्छन सिद्ध पनि मजस्ताको छ के भर !

---

१. मोहमा परेको । २. अर्काको सुख देखेर सुखी हुने चित्तको अवस्था । ३. धीर हुनु । ४. सजिलोसित पाइने । ५. आउने र नाशिने । ६. स्वर्ग । ७. अभावले ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



२६ । २६

दानवै पनि नाशिन्छन् ध्रुवैको बाँच्नु अस्थिर ।
देवता पनि मारिन्छन् म जस्ताको छ के भर !

२६ । २९

ब्रह्माजी पनि नाशिन्छन् हरिन्छन् हरि नै पनि ।
अभाव हुन्छ शिवको म जस्ताको छ के भर ॥

२६ । ३१

सुख, भन्नै नसकिने गूढ अज्ञात[1]मूर्तिले ।
भुवनै यी छकाइन्छन् पारेर भ्रममा सब ॥

२६ । ४३

आजै छ उत्सव छ यो ऋतु यो छ यात्रा[2]
छन् बान्धवै[3] सुख छ यो छ विशेष[4] भोग ।
यस्ता गरेर [5]कलनाहरू भिन्न भिन्न
नाशिन्छ नित्य अति[6]चञ्चलबुद्धि लोक ॥

२७ । १३

छोरा र स्वास्नी धनलाइ पैले दुर्बुद्धिले ठान्छ [7]रसायनै झैं ।
पछी कहाँ ती उपकार गर्थे हुन्छन् विषै झैं अति[8] दुःखदायी ॥

२७ । १९

घुंदै यताउति विहार गरेर आई
अन्त्यै हुँदा दिवसको[9] घरमा पसेर ।

---

१. यस्तो भनेर मूर्ति थाहा नपाइएकोले । २. जात्रा । ३. दाजुभाइ । ४. बढ्ता । ५. कल्पना । ६ ज्यादै चंचल बुद्धि भएको । ७. ओखती । ८. ज्यादै दुःख दिने । ९. दिनको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



छाडी विवेकिजनले[१] गरिने सुकर्म[२]
फालेर व्यर्थं दिन लाग्छ कहाँ त निद्रा ॥

२७ । २०

भगाउँदा शत्रुहरू समस्त[३] आए त चारैतिर बाट लक्ष्मी ।
भोगै गरिन्छन् जब सम्म सौख्य[४] लौ त्यत्तिमै आउँछ मृत्यु सुट्ट ॥

२७ । ४१

छन् कामी जन भिन्न भिन्न [५]कुकलाचेष्टा तिरै धाउने
स्वप्नैमा पनि दुर्लभै सुजन छन् यो लोकमा खोजिदा ।
दिन्छन् दुःख अनेक विह्वलपनै पाछंन् समग्र[६] क्रिया
थाहा छैन रती बिताउनु यहाँ यो जिन्दगी के गरी ॥

२८ । १

देखिन्छ जो यो विश्वैमा जगत् स्थावर[७] जङ्गम[८] ।
त्यो सारा नै अस्थिर छ स्वप्नको संगमै सरि ॥

२८ । १७

ती महान्हरू दिन ती ती संपत्ति र ती क्रिया ।
रह्यो सारा संज्ञनामा हाम्रो पनि त्यही गति ॥

२८ । २१

विष्णु ब्रह्मा रुद्रहरू सारा नै भूतजाति ती ।
नाशकै पछि लाग्दा छन् पानी झैं वडवाग्निको ॥

२८ । ३१

छिनमै आउँछन् आपत् संपत् पनि त्यहीसरि ।
छिनमै जन्म था मृत्यु के छैन क्षणिकै यहाँ ॥

---

१. विवेक गर्ने मानिसले । २. असल काम । ३. सारा । ४. आनन्द ।
५. कुटिलताको चेष्टातिर । ६. सारा । ७. नहिँड्ने । ८. हिँड्ने ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



२८ । ३५

निर्घोले शूर मारिन्छ योटाले घेर मार्दछ।
हुन्छन् प्रजा पनि प्रभु बदलिन्छ सबै जगत् ॥

२९ । १

दोषरूपी डढेलोले यसरी चित्त पोलिँदा।
दहमा [1]मृगतृष्णा झैं फुर्दैनन् [2]भोग–कामना ॥

२९ । २

हुँदै जान्छ प्रतिदिनै [3]कटु संसारको स्थिति।
[4]कालपाक हुँदा तीतो नीमको लहरा सरि ॥

२९ । ३

बढीरहेछ [5]दौर्जन्य दुब्लो सज्जनता भयो।
चाल यस्ता दिनहुँ नै देखिन्छन् [6]जनचित्तमा ॥

२९ । ७

अनित्य दुःखी हो लोक तृष्णा फेरि छ उत्कट।
हुँदा चञ्चलचित्तै यो केले हुन्छ सुखी यहाँ ॥

२९ । ८

मृत्युलाई सह्राउन्नँ न सह्राउँछु बाँच्नु ता।
जसरी हुन्छ त्यसरी छोडी सन्ताप बस्दछु ॥

२९ । १२

चित्तको ओखती आज नगरे [7]स्वच्छ बुद्धिले।
यो सुनौला अवसर आउला फेरि के गरी ?

---

१. बलौटे जगामा कडा घाम लाग्दा पानीको भान हुनु २. भोगको इच्छा। ३. मन नपर्दो। ४. समयले पाक हुँदा। ५. दुर्जनता। ६. जनको चित्तमा। ७. सफा।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



२६ । १३

रागादि हो विषयको विष खास जान
पोल्ने पदार्थ विष हैन यहाँ यथार्थ ।
जन्मै सयौं विषयले गरिदिन्छ नाश
यौटा शरीर फगतै विषले त नास्छ ॥

२९ । १४

न सुखैले न दुःखले न मित्रैले न बन्धुले ।
न मृत्युले न बाँच्नाले ज्ञानीको चित्त बाँध्दछन् ॥

२९ । १७

चिरे पनि करौंतीले वरू सहन सक्छु म ।
आशा र विषयैको यो टन्टा सहन सक्तिनँ ॥

२९ । १८

यो वस्तु छैन यो चाहिँ छ भन्ने [1]भ्रमले सँदै ।
हल्लिन्छ चित्त धूलो झैं आउँदा बेसरी हुरी ॥

३० । ११

यसैले [2]सारवान् ज्यादै [3]भ्रमहीन [4]सुनिर्मल ।
स्थिति के हो ? भन्नुहोस्न छैन शोक जहाँ रती ॥

३० । १२

सारा आरम्भ नै गर्ने सज्जनै जनकैहरू ।
कसरी मुक्त हुनुभो व्यवहारी हुँदा हुँदै ॥

---

१. भूलले । २. सार भएको । ३. भूल नभएको । ४. ज्यादै निर्मल ।

२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



३० । १४

कुन दृष्टि लिई ऐले [१]पापहीन महाशय ।
जीवन्मुक्त यहाँ जस्ता घुम्नुहुन्छ सुखी भई ॥

३० । २३

लिनुपर्ने कुरा के छ छोड्नुपर्ने अनी कुन ?
कसरी चित्त विश्राम पाउला पर्वतै सरि ॥

३० । २६

भित्र पूर्ण भई ज्यादै शोक गर्दिनँ जे गरी ।
तपाईँहरू [२]तत्त्वज्ञ भन्नुहोस् त्यो खुलाउँदै ॥

३१ । ६

उपाय के हो गतिको केको चिन्तन आश्रय ?
केले शान्त हुने हो यो घोर संसार--जङ्गल ?

३१ । १९

तपाईँहरू जे जान्नु--हुन्छ मोह हटाउन ।
त्यो भन्नुहोस् साधु जेले हुनुभो [३]दुःखवर्जित ॥

( यसरी आफ्नो वेदना बताएर राम चूप लागेपछि बाल्मीकि भन्नु हुन्छ :—

३३ । ३४

जसको रामको जस्तै झलमल्ल गराउने ।
[४]बुद्धि-बत्ती हृदयमा बल्छ त्यो हुन्छ पूरुष ॥

३३ । ३६

जन्म मृत्यु बुढ्याइँको दुःख भोग्छन् पुनः[५] पुनः ।
विचार तर गर्दैनन् यी मुग्ध[६] अधमैहरू ॥

---

१. पाप नभएका । २. तत्त्व जान्ने । ३. दुःख छुटेको । ४. बुद्धिरूपी बत्ती । ५. बारंबार । ६. मोहमा परेका ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



३३ । ४५

संसारमा राम जस्तो कोही देखिन्न पूरुष ।
यस्ता विवेकी जन ता हुने छैनन् पछी पनि ॥

इति वैराग्य प्रकरण

## (२) मुमुक्षु व्यवहार प्रकरण

( आफ्नो सामुन्नेमा वसेका रामलाइ विश्वामित्रले भन्नुभयो, 'हे राघव, तपाइंले न जानेको कुरा केही छैन। तपाइंको बुद्धि भगवान् व्यासका छोरा शुकजीको जस्तै सूक्ष्म छ। अलिकति मार्जन गर्नु मात्र बाँकी देखिन्छ।' त्यसपछि 'शुकजी कसरी विश्रान्त हुनुभयो ?' भनी रामले सोध्नुहुँदा विश्वामित्र भन्नुहुन्छ, 'हे राम, तपाइंलाई जस्तै शुकजीलाई पनि आफैं विवेक आयो, तर चित्त विश्रान्त हुन सकेन, वस्तु यही हो भनी ठम्याउन सक्नुभएन। अनि सुमेरुमा रहेका आफ्ना बाबु व्यासजीसँग 'यो संसार कसरी पैदा भयो अनि कसरी हराउँछ ?' भन्ने प्रश्न गर्नुभयो। व्यासजीले यथार्थ जबाफ दिंदा पनि यो कुरा त मैले जानिसकेको थिएँ भनी बाबुको वचनमा श्रद्धा गर्नुभएन। छोराको आशय बुझेर व्यासले भन्नुभयो, 'बाबु शुक, तिमी विदेहनगरीका राजा जनक कहाँ जाऊ, उहाँ ज्ञानी हुनुहुन्छ। उहाँबाट तिमी सबै कुरा बुझ्नेछौ।' त्यसपछि शुकजी जनक कहाँ जानुभयो, तर सात दिनसम्म बाहिर ढोकामा नै बस्नुपर्‍यो। सात दिन भित्र आँगनमा कुर्नुभयो। पन्ध्र दिनका दिन खोपीमा लगे। स्त्रीहरूले मीठा मीठा भोजन गराए। तर बाहिर ढोकाको कुराइ र भित्र खोपीका विलासका साधनले शुकजीलाई विकार नभएको बुझी बाइसौं दिनमा जनकले भेट दिनुभयो। स्वागत सिद्धिए पछि शुकजी जनकलाई भन्नुहुन्छ :—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



संसार-आडम्बर[१] यो उब्ज्यो कसरी हे गुरु।
कसरी शान्त यो हुन्छ यथार्थँ भन्नुहोस् छिटो ॥ १ । २९

( बाबु व्यासले भन्नुभएको जस्तै जवाफ जनकले दिनुभएपछि शुकजी भन्नुहुन्छ ।'

तपाईंले पनि उही कुरा आज्ञा भयो यहाँ।
यही नै शास्त्रहरूमा नियालेमा त देखिने ॥ १ । ३२
आफ्नो विकल्पबाटै[२] यो झूटो संसार उब्जियो।
विकल्प छोड्दा नाशिन्छ यो निःसार छ निश्चय ॥ १ । ३३

जनक भन्नुहुन्छ :

पूर्ण चैतन्य आत्मा हो यौटा वस्तु अरू झुटो।
संकल्पले बद्ध हुन्छ छोडे संकल्प मुक्त हो ॥ १ । ३६
प्राप्तव्य[३] ता पाउनुभो पूर्णचित्त तपाईंले।
दृश्य त्याग्नोस् हो तपाईं मुक्त नै भ्रान्ति छोड्नुहोस् ॥ १ । ४१

विश्वामित्र भन्नु हुन्छ :

भोगको भावनाबाट[४] हुन्छ त्यो दृढ[५] बन्धन।
क्रमैले भावना घट्दा खुकुलो हुन्छ वन्धन ॥ २ । ४
त्यो ज्ञान हो त्यो [६]शास्त्रार्थ त्यो बेस चतुऱ्याइँ हो।
विरक्त सत् शिष्यलाई उपदेश दिइन्छ जो ॥ २ । २०
[७]अशिष्य [८]रागवान्लाई उपदेश दिइन्छ जो।
अपवित्र त त्यो हुन्छ [९]गोदुग्धसरि [१०]चर्ममा ॥ २ । २१

---

१. बाहिरी ढाँचा। २. चित्तको वृत्तिबाटै। ३. पाउनुपर्ने कुरा। ४. कल्पनाबाट। ५. बलियो। ६. शास्त्रको अर्थ। ७. शिष्य नभएको। ८. विषयमा प्रेम गर्ने। ९. गाईको दूध जस्तै। १०. छालामा।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**( छोरा शुकजी मुक्त हुँदा पनि उहाँका पिता व्यासजी किन विदेहमुक्त हुनुभएन ?' भन्ने रामको प्रश्नको जवाफको रूपमा वसिष्ठ भन्नुहुन्छ ) :—**

[1]चित्सूर्यको प्रकाशैमा [2]त्रसरेणु [3]जगत्त्रय ।
जो उब्जिए अल्पिए जो सकिन्नन् गन्न ती यहाँ ॥ ३ । ४

अहिले पनि त्रैलोक्य करोडौं छन् प्रकाशित ।
कसैले गन्न सक्दैन तिनलाई पनी यहाँ ॥ ३ । ५

[4]चैतन्य–सागरै भित्र [5]जगन्मय तरङ्ग ती ।
उठ्नेछन् पछि तिनको गिन्ती को गर्न सक्तछ ? ३ । ६

रघुनन्दन हे राम यस संसारमा सँदै ।
बेजोड पुरुषार्थैंले पाइने जे पनी यहाँ ॥ ४ । ८

जल्ले चाहन्छ जे वस्तु त्यसमा यत्न गर्दछ ।
अवश्य त्यो पाउँछ नै आधैमा त नरोकिए ॥ ४ । १२

[6]शास्त्रीय र [7]अशास्त्रीय हो [8]पौरुष दुवै तर ।
अशास्त्रीयैबाट दुःख शास्त्रीयै हो सुखै दिने ॥ ५ । ४

सानैदेखिन् - थालिएका शास्त्र सत्सङ्ग आदिले ।
मानिसैको जतनले पाइन्छ स्वार्थ उत्तम ॥ ५ । २८

[9]आलस्य एक नभए त [10]अनर्थकारी ।
[11]विद्वान् धनी पनि यहाँ जन को नहोला ?
आलस्यले सब [12]धरातल [13]सिन्धुसम्म ।
ढाक्दा यहाँ हुन गए अदना र मूर्ख ॥ ५ । ३०

---

१. चैतन्यरूपी सूर्यको । २. छिद्रवाट भित्र पसेका घाममा देखिने उडिरहेका साना कण । ३. तीन जगत् । ४. चैतन्यरूपी समुद्र । ५. जगतरूपी । ६. शास्त्रमा लेखिएको । ७. शास्त्रमा नबताएको । ८. पुरुषार्थ । ९. अल्छी । १०. खराब गर्ने । ११. पण्डित । १२. पृथ्वीतल । १३. समुद्रसम्म ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



( राम भन्नुहुन्छ ) :—

त्यो पुरानो वासनाले जसरी नै चलाउँछ ।
त्यसरी नै चल्दछु म [१]कृपणै छु त के गरूँ ? ९ । २३

( वसिष्ठ भन्नुहुन्छ ) :—

त्यसै हुँदा त हे राम गरेको पुरुषार्थले ।
पाउँछौ नित्य कल्याण नत्र पाइन्न क्यै पनि ॥ ९ । २४

वासना हुन् दुइ थरी [२]शुभ औ [३]अशुभै पनि ।
ती पूर्वजन्मका हुन्छन् दुवै या एक नै थरी ॥ ९ । २५

चलाइन्छौ यदि शुभ वासनाको समूहले ।
क्रमले नै पाउनेछौ [४]अविनाशी पदै पनि ॥ ९ । २६

यदि [५]प्राक्तन अशुभ वासनाले विपत्तिर ।
लग्यो भने [६]प्रयत्नैले त्यल्लाई जित्नुपर्दछ ॥ ९ । २७

शुभाशुभं मार्गबाट बग्छ त्यो [७]वासना-नदी ।
तर त्यो पुरुषार्थैले लगाऊ शुभ मार्गमा ॥ ९ । ३०

अशुभैतिर लागेको मनलाई शुभैतिर ।
लगाउनू नित्य आफ्नो बलियो पुरुषार्थले ॥ ९ । ३१

अशुभैबाट फर्काए शुभमा जान्छ त्यो मन ।
मन हो बालकै जस्तो लगाऊ [८]बलपूर्वक ॥ ९ । ३२

समताले[९] फुल्याएर चित्त-बालकलाइ ता ।
नहड्बडाई बिस्तारै समाल पुरुषार्थले ॥ ९ । ३३

---

१. कन्जुस । २. असल । ३. खराब । ४. नाश नहुने । ५. पहिले भएको । ६. कोशिशले । ७. वासनारूपी नदी । ८. जवर्जस्ती । ९. सँधै एकनास हुनाले ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पहिलेको अभ्यासैको अनुसार सुवासना।
आयो भने सफलता भयो भन्ने तिमी बुझ॥ ९।३५

फेरी शंका लाग्छ भने बढाऊ शुभ वासना।
त्यो कुनै दोष लाग्दैन बढेमा वासना शुभ॥ ९।३८

गरेर चित्तको शुद्धि नजानुन्जेल त्यो पद।
गुरु, शास्त्र, प्रमाणले भनेको चालमा चल॥ ९।४१

कषायको[1] पाक गरी जानेमा वस्तु निश्चय।
शुभै पनी वासना त्यो छोड्देऊ योगमा रही॥ ९।४२

सौभाग्य[2]पूर्ण अनि आर्यसमा[3]श्रितै जो।
सद् वासना छ त्यसकै अनुसार चल्दै।
सद् बुद्धिले पद अशोक सदैव पाऊ।
छोंडेर त्यो पनि महान् पदमा स्थितै हौ॥ ९।४३

नलिनाको लागि फेरि छोडी संसार[4]-भावना।
उदार बुद्धिले लेऊ पूर्ण सन्तोष औ [5]शम॥ १०।५

अगाडि र पछाडीका वाक्य केलाउने गरी।
मनलाई [1]समरसै पार खोज गरी सँदै॥ १०।६

पहिलेको कल्पमा यो ब्रह्माजी ब्रह्मनिष्ठले[2]।
उपदेशै दिनुभयो सारा दुःख हटाउन॥ १०।९

( रामले भन्नुभयो ):—

ब्रह्माजीले भन्नुभयो पर्नाले कुन कारण।
तपाईंले पाउनुभो कसरी भन्नुहोस् प्रभु॥ १०।१०

१. राग आदिको वासनाको। २. सौभाग्यले भरिएको। ३. आर्यहरुले लिइएको। ४. संसारको कल्पना। ५. शान्ति। १. एक नासको। २. व्यापक परमात्माको स्थितिमा रहनेले।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



( वसिष्ठले भन्नुभयो ) :—

छन् अनन्त[1] विलासी ती व्यापकै अनि आश्रय।
अविनाशी[2] चिदाकाश[3] प्रकाशक[4] समग्रका[5] ॥ १० । ११

स्पन्द[6] अस्पन्दरूपैका[7] तिनबाट भए हरि।
हरिको नाभिकमल[8]बाट ब्रह्मा खडा भए ॥ १० । १२

तिन्ले गरे सृष्टि सारा तर आकुल दुःखले।
यही भारत-वर्षैमा विकल्पैसरि[9] चित्तले ॥ १० । १४

जनको दुःख देखेर रच्ने सकल लोकका।
ब्रह्मा पनि भए दुःखी पिता झैं पुत्रदुःखले[10] ॥ १० । १७

कसरी दुःख घट्ला यी हताश र हतायुको।
भन्ने चिन्ता गरी ब्रह्मा पिरिए छिन मात्र नै ॥ १० । १८

संसार तर्ने प्राणीको उपाय ज्ञान एक हो।
तपस्या, दान औ तीर्थ उपायै खास होइनन् ॥ १० । २२

यस्तै चिताई भगवान् कमलस्थ[11] पिताजिले।
गरी संकल्प मनले मलाई रच्नुभो त्यहाँ ॥ १० । २४

कमण्डलु अक्षमाला[12] लिने ती पितृपादमा[13]।
कमण्डलु लिनै मैले गरें साष्टाङ्ग दण्डवत् ॥ १० । २६

छोरा आऊ भनीं आफ्नो उत्तरी दलमा[14] लगी।
यस्तो मलाई आज्ञा भो पिताले स्नेहपूर्वक[15] ॥ १० । २७

---

१. अन्त नहुने। २. नाश नहुने। ३. चैतन्यरूप आकाश अर्थात् प्रकाशरूप। ४. प्रकाश गराउने। ५. साराका। ६. फुर्नु। ७. नफुर्नु। ८. नाइटोबाट उम्रेको कमल। ९. मनका कुरा। १०. छोराको दुःखले। ११. कमलमा रहेका। १२. अदेखि 'क्ष' सम्मको अर्थात् ५० संख्याको माला। १३. बाबुका पाउमा। १४. पातमा। १५. प्रेमका साथ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मुहूर्त[१] मात्र नै तिम्रो चित्त होस् वानरै सरि ।
खरायो झै चन्द्रमामा पसोस् अज्ञान चित्तमा ॥ १० । २९

भएँ म दीन[२] नै जस्तो बेहोशी बुद्धिले गरो ।
ग्रस्तै भएँ दुःखले र शोकले निर्धनै सरि ॥ १० । ३१

झन् नजीकै पिता आई सोध्नु भा बाबु दुःख छ ?
दुःख नास्ने सोध बाटो हुनेछौ नित्य नै सुखी ॥ १० । ३३

नाथ संसार कसरी आयो दुःखमयै यहाँ ।
नाशिन्छ कसरी फेरि भनी सोधैं उहाँसित ॥ १० । ३५

अनि भन्नुभयो ज्ञान भगवान्ले खुशी भई ।
ज्यादै पवित्र त्यो ज्ञान बुझी पूर्ण भएँ म ता ॥ १० । ३६

जान्नुपर्ने कुरा जान्ने आफ्नो प्रकृतिमा[३] स्थित ।
मलाई सृष्टिकर्ताले[४] भन्नु भो वाक्य सारवान्[५] ॥ १० । ३७

सरापले ज्ञानहीन[६] [७]प्रश्नकर्ता पनी बन्यौ ।
ए बाबु ज्ञानको सार सबैलाई बुझाउन ॥ १० । ३८

तिम्रो भयो शापनाश[८] पूरा ज्ञानी भयौ तिमी ।
जाऊ भारतवर्षैमा[९] लोकानुग्रह[१०]खातिर ॥ १० । ३९

[११]कर्मकाण्डीहरूलाई क्रमले [१२]कर्मकाण्डकै ।
उपदेश दिनू बाबु तिमी छौ खूब बुद्धिमान् ॥ १० । ४१

जो छन् विरक्त पुरुष विचारी बुद्धिमान्हरू ।
तिनलाई दिनू अर्ती आनन्दमय ज्ञानको ॥ १० । ४२

---

१. दुइ घडी । २. दुःखी । ३. स्वभावमा । ४. सृष्टि गर्ने ब्रह्माजीले । ५. सार भएको । ६. ज्ञान नभएका । ७. प्रश्न गर्ने । ८. सरापको नाश । ९. जम्बूद्वीपको एक वर्ष । १०. दुनियाँलाई अनुग्रह गर्न । ११: धार्मिक कर्म गर्ने । १२. नित्य र नैमित्तिक कर्म विधि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कमलैबाट जन्मेका पिताजीले खटाउँदा।
यस्तो सृष्टि - रहुन्जेल यहाँ बसिरहन्छु म॥ १०।४३

[१]कर्तव्य-लेश पनि छैन यहाँ त मेरो
बस्नै पऱ्यो भनि जिती मन बस्छु ऐले।
शान्तै सुषुप्तसरि[२] बुद्धि लिएर मात्र
कार्यै म गर्छु तर गर्दिनँ क्यै पनी म॥ १०।४४

परम ब्रह्ममा ब्रह्मा स्वभाववशले[३] स्वयम्।
[४]स्पन्दरूपैं जन्मनुभो छाल जस्तै समुद्रमा॥ ११।४
पापनाश भए मात्र [५]परमार्थ-विचारमा।
[६]काकतालीय योगैले जनको बुद्धि लाग्दछ॥ ११।३२
[७]प्रामाणिक ज्ञानपूर्ण [८]वक्ताको वाक्य सारवान्।
सुनेर पनि जो लिन्न त्यो भन्दा मूर्ख छैन है॥ ११।४६
ज्ञानी हो या अज्ञ[९] वक्ता भन्ने पैले निधो गरी।
जो प्रश्न गर्छ त्यहि हो [१०]प्रश्नकर्ता त बुद्धिमान्॥ ११।४७
[११]समाधानै गर्न सक्ने भए शिष्य [१२]अनिन्दित।
सोधेको गुरुले भन्नू नभन्नू स्वाँठलाई ता॥ ११।४९

●

१. अलिकति कर्तव्य। २. निदाएको जस्तै। ३. स्वभावको वशले। ४. क्रिया शक्ति भएको। ५. साँचो वस्तुको विचारमा। ६. काक आउनु र तालको फल खस्नु जस्तै। ७. प्रमाणबाट सिद्ध भएको। ८. भन्नेको। ९. अज्ञानी। १०. प्रश्न गर्ने। ११. शंका हटाउन। १२. निन्दा नगरिएको।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## दोस्रो सर्ग

मोक्षको द्वारमा[1] चार [2]द्वारपाल कहाउँछन् ।
विचार शम सन्तोष चौथो हो [3]साधुसङ्गम ॥ ११ । ५९

गर्नू सेवा सबैको या तीनको दुइको पनि ।
उघार्छन् यिनले द्वार राज-दर्वारमा सरि ॥ ११ । ६०

अँगाल्नू सब छोडेर एउटा नै भए पनि ।
भए त वशमा यौटा चारौटै वश पर्दछन् ॥ ११ । ६१

शास्त्र सज्जनको सङ्ग तपस्या [4]दम आदिले ।
पहिले मोक्षका लागि बढाओस् बुद्धि बेसरी ॥ ११ । ६७

संसाररूप हैजाको [5]विषवेग [6]असह्य हो ।
पवित्र योग–रूपैको मन्त्रले त्यो हराउँछ ॥ १२ । १०

संसारको [7]राग ज्यादै विषभ छ। सर्प जस्तै
भएर डस्छ, तरबारले जस्तै काट्छ, भालाले ज-
स्तै घोप्छ, डोरीले जस्तै बाँध्छ, आगोले ज-
स्तै पोल्छ, रातले जस्तै अँध्यारो तुल्याउँछ। १२ । १४

शास्त्रको अनुभवको गुरुको [8]एकवाक्यता ।
जुन अभ्यासले हुन्छ त्यल्लें आत्मा छ देखिने ॥ १३ । ११

---

१. ढोकामा । २. ढोके । ३. सज्जनको संगत । ४. इन्द्रिय जित्नु । ५. विषको वेग । ६. सहिनसक्नु । ७. प्रेम । ८. एक मत हुनु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



न रोगले न विषले न आपत्ले न [१]आधिले।
खेद हुन्छ यहाँ त्यस्तो मूर्खतामा छ जत्तिको॥ १३।१३

बुद्धि केही माझिनेले यो सुन्दा जसरी यहाँ।
अज्ञान हट्छ त्यस्तो ता अरू शास्त्र कहाँ छ र? १३।१४

हातमा कहतारो ली गई चण्डालको घर।
बरु भिक्षा माग्नु बेस न होओस् मूर्ख[२]जीवन॥ १३।१७

धनले हित गर्दैनन् न मित्रैले न बन्धुले।
न हातखुट्टा चल्नाले न [३]देशान्तर धाउँदा॥ १३।३८

न [४]शरीरक्लेशबाट न तीर्थहरू धाउँदा।
मनलाई मात्र जित्दा पाइने त्यो परं पद॥ १३।३९

जो दुःख छन् छ जो तृष्णा असह्यै पीर छन् जुन।
ती हट्छन् शान्त चित्तैमा सूर्यमा अन्धकार झैँ॥ १३।५८

न लक्ष्मीको अँगालोले न रसायन–पानले।
पाइन्छ त्यस्तो सुख ता जस्तो शान्त हुँदा मन॥ १३।६२

[५]शुभाशुभ हुँदा सुन्दा देख्दा खाँदा सुडे॰र जो।
खुशी हुन्न न दिक्खिन्छ त्यही शान्त कहाउँछ॥ १३।७२

मृत्यु, [६]युद्धै, उत्सवैमा जसको मन स्वच्छ छ।
चन्द्रमाको बिम्ब जस्तै त्यही शान्त कहाउँछ॥ १३।७५

तपस्वीमा र विद्वानमा राजामा [७]कर्मनिष्ठमा।
बलियामा र गुणिमा शोभा पाउँछ शान्त नै॥ १३।८१

---

१. मनको पीरले। २. अज्ञानी जिन्दगी। ३. अर्को देश। ४. शरीरको दुःखबाट। ५. असल र नअसल। ६. लडाइँ। ७. कर्म गर्नेमा।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जो [१]आर्यगुप्त शम हो अमृतै [२]अहार्य
त्यस्कै [३]समाश्रय गरेर [४]महानुभाव।
योगीहरू परम त्यो पदमा पुगेका।
हे राम त्यै क्रम गरो अब सिद्धि पाऊ॥ १३ । ८४

शास्त्रको ज्ञानले स्वच्छ ज्यादै चोखो सुबुद्धिलें।
सारा कारण जान्नेले विचारै गर्नु सर्वदा॥ १४ । १

विचारले तीक्ष्ण पारे बुद्धिले देख्छ त्यो पद।
लामो संसार-रोगैको हो विचार [५]महौषधि॥ १४ । २

को हुँ संसार कसको भन्ने आपत्तिमा पनि।
गर्नू बिचार यत्नैले वढाई श्रवणैहरू॥ १४ । ३७

देख्न सक्ने अँध्यारोमा तेजिलोमा न हच्किने।
विचाररूप आँखा त छेकेको पनि देख्दछ॥ १४ । ४०

म को हुँ कसरी यस्तो दोषी संसार प्राप्त भो।
न्याय[६]पूर्वकको यस्तो सोच गर्नु विचार हो॥ १४ । ५०

विचारले तत्त्व बुझ्छन् हुन्छ विश्रान्ति तत्त्वले।
अनि शान्त मनै हुन्छ दुःखले रहितै पनि॥ १४।१३

सन्तोष नै छ कल्याण हो यो सन्तोष नै सुख।
[७]सन्तुष्टले [८]अतिशयै यहाँ विश्राम पाउँछ॥ १५ । १

---

१. आर्यहरूले रक्षा गरिएको। २. हर्न नसकिने। ३. आधार। ४. ठूलो प्रभाव भएका। ५. ठूलो ओखती। ६. उचित कुरा भएको। ७. सन्तोषीले। ८. ज्यादा।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पिई सन्तोष अमृत जो तृप्त र प्रशान्त छन् ।
भोगलक्ष्मी [१]अनुपम तिनलाइ बिषाउँछ ॥ १५ । ४

इच्छा छोडी [२]अप्राप्तैको [३]प्राप्तमा [४]निर्विकार जो ।
अखेद या खेद त्यागने त्यो संतुष्ट कहाउँछ ॥ १५ । ६

आशाको वशमा पर्ने असन्तोषी त चित्तमा ।
ज्ञान झल्कन्न मलिन ऐनामा मुख झैं यहाँ ॥ १५ । ९

अप्राप्तमा छैन इच्छा पाएको वस्तु भोग्दछ ।
जो छ शान्त सदाचारी त्यो सन्तुष्ट कहाउँछ ॥ १५ । १२

गुणीहरूले खुद मानिएको समत्वले जो छ सिङारिएको ।
त्यो निर्मलै मानवराजलाई प्रणाम गर्छन् मुनिराज आई ॥ १५।२०

विशेष नै गढी हेर्दा घोर संसार तर्नमा ।
सज्जनैको संगत छ उपकारी जहाँ तहाँ ॥ १६ । १

शून्यै पनी भरी हुन्छ मृत्यु हुन्छ [५]महोत्सव ।
आपत् संपत्ति झैं बन्छ हुँदा संगत साधुको ॥ १६ । ३

पवित्र ठन्डा सत्संग-गङ्गामा जो नुहाउँछ ।
त्यल्लाई दानतीर्थैले तपस्या, [६]यागले त के ? १६ । १०

फुकेका चित्तको गाँठो [७]सर्वसम्मत सज्जन ।
सारा उपायले [८]सेव्य हुन् [९]नौका [१०]भवसिन्धुका ॥ १६ । १५

संसार तर्ने चारोटा यी निर्मल उपाय छन् ।
अभ्यासीले तर्दछन् त्यो मोह पानी हुने [११]भव ॥ १६ । २०

---

१. उपमा दिन नसकिने । २. नपाएकाको । ३. पाएकोमा । ४. विकार नहुने । ५. ठूलो उत्सव । ६. यज्ञले । ७. सबैले मानेको । ८. सेवा गर्न लायक । ९. नाउ । १०. संसाररूपी समुद्रका । ११ संसार ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



[1]युक्तिले युक्त वचन केटोबाट पनी लिनू ।
घाँस जस्तै अरू त्याग्नू ब्रह्माले नै भने पनि ॥ १८ । ३

बुद्धिका दोष ती लोभ मोह आदि त घट्तछन् ।
तलाउ झैं शरद्को त्यो मन हुन्छ प्रसन्न नै ॥ १८ । १०

धन[2]-निःसारता बुझ्दा दैन्य[3] [4]दारिद्रय-दोषका ।
दृष्टि ती मर्म छेड्दैनन् [5]कवचीलाइ बाण झैं ॥ १८ । १४

तिन्को हृदय काट्दैनन् घोर संसारका डर ।
भित्र झल्कन्छ त्यो साम्य[6] निर्मन्दर समुद्र झैं ॥ १८ । १५

समुद्रको झैं [8]गाम्भीर्य स्थिरता [9]मेरुको सरि ।
चन्द्रको झैं शीतलता विचारी जनमा हुने ॥ १८ । १८

आचारको र शास्त्रैको [10]अविरोधी र प्राप्त ती ।
सुकर्ममा बुद्धि रंछ घरभित्र सती सरि ॥ १८ । २६

सर्पको चित्र हो भन्ने बुझे सर्प हराउँछ ।
त्यस्तै झूटो भनी बुझ्दा यो संसार हराउँछ ॥ १८ । ४०

फूलको पालुवा माड्न चाहिएला [11]प्रयत्न क्यै ।
परमार्थै पाउनमा यत्न चाहिन्न क्यै पनि ॥ १८ । ४२

फूलको पात माड्दा त पर्छ अङ्ग चलाउन ।
[12]अखण्डित भए बुद्धि यहाँ सहज हुन्छ नै ॥ १८ । ४३

सुखासन भई भोग्ने [13]यथासंभव भोग ती ।
[14]सदाचार-विरोधैमा जाँदैनन् कहिले पनि ॥ १८ । ४४

---

१. जुक्तीले । २. धनमा सार छैन भन्ने । ३. दिक्वारी । ४. गरीबी-रूप दोषका । ५. कवच लगाउनेलाई । ६. समता । ७. मन्दराचल नभएको । ८. गहिर्‍याइ । ९. सुमेरु पर्वतको । १०. विरोध नहुने । ११. कोशिश । १२. खण्डित नभए । १३. संभव भए सम्म । १४ सदाचारको विरोधमा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पाइन्छ जसले ठूलो ज्ञान शान्ति दिने अनि ।
त्यसले फेरि पर्दैन जन्मको दुःख पाउन ॥ १८ । ४६

डराउने यत्ति गर्न जो पापी [१]भोगमग्न छन् ।
कीरा झैं [२]मातृबिष्ठाका त्यस्ता अधम [३]त्याज्य हुन् ॥ १८ । ४७

कुरा अपूर्व बुझ्दैन विना दृष्टान्तले कुनै ।
राती बत्ती विना कल्ले घरमा देख्छ वस्तु ती ॥ १८ । ५१

जो जो [४]दृष्टान्तका साथ बुझाइन्छौ तिमी यहाँ ।
सबै [५]सकारणै छन् ती प्राप्य सत् हो [६]अकारण ॥ १८ । ५२

[७]ब्रह्मोपदेश दृष्टान्त जो तिमीलाइ भन्दछु ।
[८]समता [९]एकदेशैमा भित्र हुन्छ भनी बुझ ॥ १८ । ५४
यसो हुँदा [१०]निराकार ब्रह्ममा कसरी यहाँ ।
हुन्छ साकार[११] दृष्टान्त भन्ने उठ्थ्यो [१२]विकल्प के ? १८ । ५६
शास्त्र शान्ति र सौजन्य[१३] ज्ञानीको सङ्ग नै पनि ।
गरेरै बीच बीचैमा धर्मकार्य बढाउनू ॥ १९ । ८
[१४]चित्त-विश्रान्ति आत्मामा नहुन्जल विचार नै ।
गर्नू जस्वाट त्यो शान्त [१५]तुरीय पद पाइने ॥ १९ । ९
पुगेको [१६]तुर्यपदमा तरेको भवसागर ।
त्यो बाँचोस् या मरोस् होओस् गृहस्थ अथवा यति ॥ १९ । १०
कर्म गरेमा अथवा नगर्दा उन्लाइ के ती श्रुतिवाक्यले के ?
समुद्र झै [१७]मन्दर-शैल-हीन उनी प्रशान्त स्थितिमा रहन्छन् ॥१९।११

---

१. भोगमा डुबेका । २. आमाको विष्टाका । ३. छोड्न लायक । ४. उदाहरण । ५. कारण सहितका । ६. कारण नभएको । ७. ब्रह्मको उपदेश । ८. बराबरी । ९. एक भागमा । १०. आकार नभएका । ११. आकार भएको । १२. शंका । १३. सज्जनता । १४. चित्तको विश्राम । १५. चौथो । १६. चौथो आत्मपदमा । १७. मन्दर पर्वत नभएको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



शम आदि गुणै बढ्छन् ज्ञानले अनि आपस।
शमादिले ज्ञान बढ्छ कमलै र तलाउ झैं॥ २०।६

बढ्दैनन् गुण र ज्ञान जबसम्म परस्पर।
एउटाले मात्र यहाँ सिद्धि पाउन्न मर्त्यले॥ २०।९

आयु औ कीर्ति फिँजिने [१]पुरुषार्थफलै दिने।
शास्त्रले बुद्धि शोधेमा पुग्नेछौ पद त्यो त्यसै॥ २०।१३

जानेर जान्न उचितै शुभ वस्तुलाई
ज्यादै महान् पद त्यसै पुगिहाल्छ योगी।
जानिन्छ जो खुद अखण्डित [२]अक्रमैले
त्यो ता कुनै बखतमा पछि बिर्सिँदैन॥ २०।१५

इति मुमुक्षु-व्यवहार-प्रकरण

१. पुरुषार्थको फल। २. विना क्रमले।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# (३) उत्पत्ति-प्रकरण

## पहिलो सर्ग

**वसिष्ठ रामलाई भन्नुहुन्छ :—**

जो यो देखिन्छ संसार सारा [१]स्थावर [२]जङ्गम ।
त्यो बिलाउँछ पछि ता स्वप्न जस्तै [३]सुषुप्तिमा ॥ १ । १०

अनि अक्रिय[४] गम्भीर न तेजै हो न ता तम[५] ।
[६]अकथ्य सत् र [७]अव्यक्त केही बाँकी रहन्छ है ॥ १ । ११

ऋत आतमा परब्रह्म सत्य इत्यादि नामले ।
पुकारिन्छन् ती महात्मा व्यवहार चलाउन ॥ १ । १२

चिद्‌रूप त्यस्ता आत्मा नै आफैं अर्कोसरी भई :
जीवको नामले तुच्छ भावमा झरिहाल्दछन् ॥ १ । १३

[८]प्राणधारणको फेरि कलनाले भई चल ।
संकल्पहरुले गर्दा आफू नै मन बन्दछ ॥ १ । १४

परमात्मपदै बिर्सी यसरी मन बन्दछ ।
स्थिर त्यो सागरैबाट तरङ्गसरि चञ्चल ॥ १ । १५

---

१. नचल्ने । २. हिंड्ने । ३. निदाएको वेलामा । ४. क्रिया नगर्ने । ५. अन्धकार । ६. भन्न नसकिने । ७. इन्द्रिय द्वारा प्रत्यक्ष नहुने । ८. प्राणको धारणाको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



त्यो आफैं नै नित्य छिटो संकल्पै गर्न थाल्दछ ।
त्यसैले यो जगद्-रूप [१]इन्द्रजाल फिँजाउने ॥ १ । १६

[२]द्रष्टाको [३]दृश्यको सत्ता - लाई बन्धन भन्दछन् ।
बाँधिन्छ दृश्यले द्रष्टा दृश्य छोडे त मुक्त छ ॥ १ । २२

जगत् तिमी म इत्यादि भावना खास दृश्य हो ।
यस्तो दृश्य रहुन्जेल मोक्ष कैले हुँदैन है ॥ १ । २३

हैन यो हैन यो भन्ने वाह्य व्यथ प्रलापले ।
यो दृश्य - रोग घट्दैन वरु बढ्दछ बेसरी ॥ १ । २४

तपस्या, ध्यान, जपले हटाएँ दृश्य यो जगत् ।
भन्नु हो मदिरा खाई [४]क्षण - तृप्ति भएसरी ॥ १ । २८

मन नै खास ब्रह्मा हो त्यही [५]संकल्पनात्मक ।
आफ्नो रूप बढाएर मनैले यो फिँजाइने ॥ ३ । ३४

हे राम मनको रूप नामबाहेक क्यै पनि ।
देखिन्न त्यो शून्य जड आकाशको सरी यहाँ ॥ ४ । ३८

संकल्प गर्नु मन हो दुइमा भेद छैन क्यै ।
जस्तो पानी र [६]द्रवता फेरि हावा र [७]स्पन्द झैं ॥ ४ । ४३

[८]महाप्रलय - संपत्मा सारा दृश्य असत् हुँदा ।
सृष्टिका आदिमा शान्त ब्रह्म मात्र रहन्छ है ॥ ५ । ३

छन् न अस्ताउने सूर्य देवता यी नजन्मने ।
सारा गर्ने सबै हुन् यी परमात्मा महेश्वर ॥ ५ । ४

---

१. चटक । २. देख्ने साक्षी । ३. देखिने कुरा । ४. एक छिनको तृप्ति । ५. संकल्प नै स्वरूप भएको । ६. बग्नु । ७. चल्नु । ८. महाप्रलयको वखतमा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भेट्टाइन्नन् वचनले जानिन्छन् जो त मुक्तले ।
जस्को आत्मा आदि नाम हो कल्पित बनावटी ॥ ५ । ५

जो सांख्यको पुरुष हो ब्रह्म वेदान्तिको अनि ।
विज्ञानवादिको त्यो नै हो विज्ञान र निर्मल ॥ ५ । ६

शून्य हो शून्यवादीको हो प्रकाशक सूर्यको ।
[1]वक्ता, [2]मन्ता, सत्य [3]द्रष्टा [4]कर्ता [5]भोक्ता उही छ है॥ ५ । ७

[6]सत् हो तर असत् जस्तै [7]हृद्‌मा छ तर [8]दूर छ ।
[9]चित्प्रकाश छ यो विश्व प्रकाशसरि सूर्यको ॥ ५ । ८

जसबाटै विष्णुहरू सूर्यबाट प्रकाश झैं ।
जसबाट जगत् हुन्छन् फोकासरि समुद्रमा ॥ ५ । ९

[10]व्योममा [11]प्रकृतिलता उम्र्यो [12]ब्रह्माण्ड-सत्फल ।
जरो हो चित्त त्यसको पात हुन् इन्द्रियै पनि ।
त्यसलाई [13]ईशरूप हाबाले नै नचाउँछ ॥ ५। १७

हरेक [14]देह-वट्टामा झल्किन्छ जुन [15]चिन्मणि ।
[16]जो चन्द्रमामा संसार - किरणैहरू फुर्दछन् ॥ ५ । १८

**राम भन्नुहुन्छ :—**

द्योताका पनि द्योता यी पाइन्छन् कसरी यहाँ ।
मिल्छन् कडा तपस्याले या अरू क्लेश आदिले ॥ ६ । ८

---

१. भन्ने । २. मनन गर्ने । ३. देख्ने । ४. गर्ने । ५. भोग्ने । ६. सँदै र
रहिने । ७. हृदयमा । ८. टाढ़ा । ९. चैतन्यरूप । १०. शुद्ध चैतन्य रूप आका
मा । ११. मायारूपी लहरा । १२. ब्रह्माण्ड नै फल भएको । १३. ईश्वररूप
१४. शरीररूपी बट्टामा । १५. चैतन्यरूपी मणि । १६. चैतन्य ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वसिष्ठ भन्नुहुन्छ :—

प्रयत्नले पौरुषको विकाशित विवेकले ।
ती आत्मदेव जानिन्छन् जानिन्नन् तप आदिले ॥ ६ । ९

राग, द्वेष, क्रोध, तम मद मात्सर्य नै लिई ।
गरे तपस्या या दान दुःख मात्र हुने यहाँ ॥ ६ । १०

आत्मज्ञानै पाउनमा यौटा पौरुष यत्न छ ।
राग द्वेषै रूप हैजा जसबाट हराउँछ ॥ ६ । १५

मिल्दो लोक र शास्त्रैको [१]यथासंभव वृत्तिले ।
भई सन्तोषले तुष्ट भोगको गन्ध त्यागियोस् ॥ ६ । १६

यथासंभव उद्योग गरी [२]उद्विग्नता [३]त्यजी ।
सत्संग, सत् शास्त्रतिरै लगाओस् मन बेसरी ॥ ६ । १७

विचारले स्वरूपैमा रहेको पूर्ण ज्ञानिको ।
हुन्छन् दयापात्र इन्द्र ब्रह्मा विष्णु र शंकर ॥ ६ । १९

जानिन्न ब्रह्मको रूप अरू कर्महरू गरी ।
दृश्य सारा त्याग्नु भन्दा छैन अर्को कुनै गति ॥ ७ । २८

राम भन्नुहुन्छ :—

असङ्ख्य दृश्यले पूर्ण यी ब्रह्माण्ड हुँदाहुँदै ।
संसार कसरी छंन के सस्यूँमा सुमेरु छ ? ७ । ३२

वसिष्ठ भन्नुहुन्छ :—

[४]असत्को [५]भाव बन्देन हुन्न [६]सत्को [७]अभाव ता ।
स्वभावैले त जो छैन त्यो हटाउन दुःख के ? ७ । ३८

१. संभव हुने । २. आकुलता । ३. छोडेर । ४. नभएकाको । ५. हुनु । ६. भएको वस्तुको । ७. नहुनु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आदिमा हो [१]अनुत्पन्न जो यो देखिन्छ [२]विस्तृत ।
तस्मात् निर्मल आफैमा छाइएको छ ब्रह्म [३]चित् ॥ ७ । ३९

जगत् उत्पन्न नै हैन छैन, देखिन्न वास्तव ।
बालाहरू झैं सुनमा यत्ति बुझ्न छ के [४]भ्रम ॥ ७ । ४०

छैन छोरो त बाँझीको [५]मरुमा छैन नै जल ।
आकाशमा ख्याक छैन त्यस्तै छैन [६]जगद्-भ्रम ॥ ७ । ४३

ज्ञानको सिद्धिका लागि जो कथाहरू भन्दछु ।
ती सुन्दछौ भने राम बुद्धिमान् मुक्त बन्दछौ ॥ ८ । ३

भई हडबडे ज्यादै आधैमा यदि उठ्दछौ ।
भने सिद्ध हुँदै हुन्नौ [७]पशुधर्म लिने तिमी ॥ ८ । ४

जो जेको चाहना गर्छ [८]यत्न गर्छ त्यतैतिर ।
त्यल्ले त्यो पाउँछ पनि बीचैमा त नरोकिए ॥ ८ । ५

**राम भन्नुहुन्छ :—**

आत्मज्ञान त बुझ्नाको लागि शास्त्र छ मुख्य के ?
जुन जानेपछी फेरि पर्दैं पर्दैन शोक ता ॥ ८ । ७

**वसिष्ठ भन्नुहुन्छ :—**

यही शास्त्र सुनेदेखि [९]जीवन्मुक्तत्व [१०]अक्षय ।
आफैं त्यसै आउँदछ यो ज्यादै नै पवित्र छ ॥ ८ । १०

जो यहाँ छ त्यो छ अन्त जो छैन कहिं छैन त्यो ।
सारा विज्ञान- शास्त्रैको [११]कोश यो हो त भन्दछन् ॥ ८ । १२

---

१. पैदा नभएको । २. फैलिएको । ३. चैतन्य । ४. मिहिनेत । ५. पानी नभएको ठाउँ । ६ जगत्को भ्रान्ति । ७. पशुको धर्म । ८. कोशीश । ९. ज्यूँदै मुक्त हुनु । १०. नाश नहुने । ११ ढुकुटो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



[1]तच्चित [2]तद्गतप्राण आपसैमा बुझाउने ।
उसैको कीर्तनै गर्ने तुष्ट हुन्छन् रमाउँछन् ॥ ९ । १

[3]ज्ञानमा मात्र रहने [4]आत्म-ज्ञान-विचारिको ।
त्यो [5]जीवन्मुक्तता हुन्छ [6]विदेहै [7]मुक्तता पनि ॥ ९ । २

राम भन्नुहुन्छ :—

विदेह - मुक्त औ जीवन् - मुक्तको चिह्न भन्नुहोस् ।
म त्यही शास्त्रको बाटो-बाट कोशिश गर्दछु ॥ ९ । ३

वसिष्ठ भन्नुहुन्छ :—

झूटो नै छ जगत् जस्को व्यवहार हुँदा पनि ।
[8]बोध छ ब्रह्म मात्रैको जीवन्मुक्त कहिन्छ त्यो ॥ ९ । ४

[9]ज्ञाननिष्ठ छ जो नित्य जाग्रत्मा नै [10]सुषुप्त झैं ।
व्यवहारै फेरि गर्ने जीवन्मुक्त कहिन्छ त्यो ॥ ९ । ५

मुखको [11]कान्ति बढ्दैन न घट्छ सुखदुःखमा ।
स्थितिमा नै जो रहन्छ जीवन्मुक्त कहिन्छ त्यो ॥ ९ । ६

जो जाग्रत्मै हो [12]सुषुप्त जसको हुन्न [13]जाग्रत ।
जो छ [14]निर्वासनी बोध जीवन्मुक्त कहिन्छ त्यो ॥ ९ । ७

राग, द्वेष र डरको [15]अनुरूप चले पनि ।
भित्र आकाश झैं स्वच्छ जीवन्मुक्त कहाउँछ ॥ ९ । ८

---

१. त्यो आत्मामा चित्त चढाइरहने । २. त्यही आत्माको प्राप्तिमा जीवन लगाएका । ३. ज्ञानका साधन श्रवण, मनन इत्यादिमा । ४. आत्मज्ञानको विचार गर्नेको । ५. ज्यूँदै मुक्ति । ६. शरीरले रहित । ७. मुक्ति । ८. ज्ञान । ९. कुनैकुरा नचिताएर ज्ञानमा मात्र रहेको । १०. निदाएको । ११. शोभा । १२ निदाएको झैं निर्विकार आत्मस्वरूपमा रहने । १३. शरीर, इन्द्रिय आदिको बाघ भएको हुनाले इन्द्रियद्वारा विषयको ग्रहणरूप जाग्रत् । १४. वासनाले रहित १५. यथोचित अर्थात् नटुवाले अनुकरण गरे जस्तै ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जस्को छैन अहंकार जस्को बुद्धि न लिप्त छ।
गर्दा नगर्दा पनि नै जीवन्मुक्त कहिन्छ त्यो ॥ ९ । ९

जस्बाट लोक दिक्किन्न दिक्किन्नन् लोकबाट जो।
रिस, हर्ष, डरै त्याग्ने जीवन्मुक्त कहाउँछ ॥ ९ । ११

[1]संसार-कलना त्याग्ने [2]कलावान् तर [3]निष्कल।
[4]सचित्त पनि निश्चित्त[5] जीवन्मुक्त कहाउँछ ॥ ९ । १२

जो ता पदार्थमा हुन्छ [6]परार्थसरि [7]शीतल।
पूर्णात्मा व्यवहारी जो जीवन्मुक्त कहिन्छ त्यो ॥ ९ । १३

**राम भन्नुहुन्छ :—**

यो जगत् कसरी होला अत्यन्तै नै असम्भव।
त्यस्तै ब्रह्म[8]-स्वभाव-स्थ हुने केले बताउनोस् ॥ ९ । ३७

**वसिष्ठ भन्नुहुन्छ :—**

यो [9]भ्रान्ति-हैजा लागेको धेरै काल भयो यहाँ।
[10]विचार-मन्त्रले किन्तु निर्मूलै हुन्छ यो छिटो ॥ ९ । ३९

सकिँदैन त्यसैले यो त्यसै झट्ट हटाउन।
अभ्यास-योगले फेरि युक्तिले भ्रान्ति हट्दछ ॥ ९ । ४०

●

---

१. संसारलाई साँचो भन्ने बुद्धि। २. शरीर आदि कलाले युक्त। ३. शरीर आदिको भावनाले रहित। ४. डढेको चित्त भएको। ५. चित्तले रहित। ६. अर्कोको वस्तु जस्तै। ७. रागद्वेष नभएको। ८. ब्रह्मको स्वभावमा रहेको। ९. भ्रान्तिरूपी हैजा। १०. विचाररूपी मन्त्रले।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# दोस्रो सर्ग

राम भन्नुहुन्छ :—

महाप्रलयको वेला जो यो बाँकी रहन्छ नै।
आकार त्यसको हुन्न शंका छैन कुनै यहाँ॥ १० । १

तर केही पनी हुन्न अथवा हो त्यही सब।
यस्ता भनाइले गर्दा मलाई मोह उब्जियो॥ १० । ४

वसिष्ठ भन्नुहुन्छ :—

न कुँदेको त खंबामा पुतली हुन्छ [१]संस्थित।
त्यस्तै विश्व त्यहाँ हुन्छ शून्य होइन त्यो पद॥ १० । ७

( यही प्रसङ्गमा मण्डपाख्यान वसिष्ठजी भन्नुहुन्छ अर्थात् पहिले पद्म भन्ने राजा थिए। तिनकी लीला भन्ने रानी पतिव्रता थिइन्। मेरा पति अजरामर हुनुहोस् भनी उनले तपस्या, जप, यम, नियम गर्न लागिन्। पछि उनले तीन सय दिन सम्म सरस्वतीको उपासना गरिन्। दर्शन दिई सरस्वतीले वर माग भन्ने आज्ञा भयो। पतिको मृत्यु भए पछि पनि यो अन्तःपुर-मण्डपबाट जीव नजाओस् भनी एउटा वर मागिन्। दोस्रो वर चाहिं मैले जुन वेला हजूरको दर्शन गर्न चाहन्छु त्यो वेला दर्शन पाउँ भनी मागिन्। केही पछि कालसंयोगले राजा मरे, अनि रानी लीला ज्यादै विलौना गर्न लागिन्। त्यही वेला सरस्वतीले आज्ञा भयो, 'यो राजाको लाशलाई फूलले छोपेर राख। तिम्रो पति फेरि पछि ब्यूँतनेछन्।' त्यसपछि लीलाले विन्ति गरिन्, 'मेरो पति ऐले कहाँ हुनुहुन्छ ? के गर्नुहुन्छ ? मलाई पनि उहाँकै नजीकमा लगिदिबकस्योस्। म एक्लै बाँच्न सक्दिनँ।' अनि सरस्वती भन्नुहुन्छ ) :—

---

[१]. रहेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



चित्ताकाश,[१] चिदाकाश[२] भूताकाश[३] तृतीय[४] हो ।
चिदाकाश त दोटैले रहित हो भनी बुझ ॥ १७ । १०

एउटा देश छोडेर नपुग्दै [५]अन्य देशमा ।
[६]बीचको त [७]निमेषैमा [८]चिदाकाश छ [९]भासित ॥ १७ । १२

छोडेर सारा संकल्प त्यसैमा स्थित नै भए ।
[१०]सर्वात्मकै शान्त पद निश्चयै पाउँछ्यौ तब ॥ १७ । १३

अभाव अत्यन्त भए जगत्को पाउँछ्यौ यहीं ।
नत्र मेरो वरै बाट तिमी पाउँदिनौ छिटो ॥ १७ । १४

( पछि फेरि सरस्वतीले भन्नुभयो, 'वसिष्ठ भन्ने ब्राह्मण र उनकी पत्नी अरुन्धती भन्ने थिइन् । यी खास वसिष्ठ र खास अरुन्धती जस्तै ज्ञानी थिएनन् । एक दिन पहाडको ठाकुरामा बसेका ती ब्राह्मणले फेदीमा आएका परिवार-सहित राजालाई देखे । उनलाई पनि राजा हुन पाए हुन्थ्यो भन्ने इच्छा उठ्यो । केही कालपछि उनी मृत्युशय्यामा परे । त्यसपछि उनकी ब्राह्मणीले मेरो आराधना गरिन् । उनको इच्छानुसार तिम्रा पतिको जीव यो मण्डपबाट बाहिर न जाओस् भनी उनलाई वरदान दिएँ । त्यसपछि ब्राह्मण मरे । शोकले विह्वल भएकी ब्राह्मणी पनि मरिन् । तिनी मरेको आज ८ दिन भयो । तिनै तिम्रा पति राजा भएर जन्मेका हुन् । ती ब्राह्मणी चाहिं तिमी नै हौ । तिम्रो पूर्वजन्मको सारा कुरा मैले बताइदिएँ । त्यसपछि रानी लीलाले भनिन्, 'यो त न मिल्ने कुरा जस्तो देखिन्छ, घरभित्र यत्रो जगत् कसरी हुन सक्नु ?' अनि सरस्वती भन्नुहुन्छ :—

---

१. बासना भएको चित्तरूपी आकाश । २. शुद्ध चैतन्य रूप आकाश सबैतिर स्वयं प्रकाश वस्तुलाई आकाश भन्छन् । ३. भौतिक आकाश । ४. तेस्रो । ५. अर्को । ६. एउटा देशको आभास छुटेको तर अर्को देशको भान नभइ सकेको वेलाको । ७. आंखा झिम्म गर्ने छिनमा । ८. चैतन्यरूप आफैं प्रकाश-मान वस्तु । ९. प्रकाशित । १०. सारा आत्मस्वरूप ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यो तिम्रो घर हो तिन्कै त्यै [१]गृहाकाश भित्रको।
तिमी म जगतै सारा त्यै चिदाकाश मात्र हौं॥ २०।२१

[२]स्वप्नको [३]भ्रमसंकल्प - बाट वन्ने प्रपञ्च त्यो।
यहाँ मुख्य प्रमाणै हो बुझ्नाको लागि वत्ति झैं॥ २०।२२

जगत् हुन्छन् [४]चिदात्माका हरेक [५]परमाणुमा।
भित्रभित्रै असंख्यै ती शंकाको ठाउँ छैन है॥ २०।२६

लीला भन्नुहुन्छ :—

हे ईश्वरी ती मरेको आठ मात्र भयो दिन।
यहाँ हाम्रो धेर वर्ष बिते यो कसरी भयो ?॥ २०।२७

सरस्वती भन्नुहुन्छ :—

जस्तो संसारको सृष्टि केवल भ्रान्ति मात्र हो।
त्यस्तै दिन र वर्षैको कल्पना भ्रान्ति मात्र हो॥ २०।२९

विश्व ज्यादै विर्सनु नै मोक्ष हो भन्दछन् मुनि।
प्यारो अप्यारो भन्ने नै रहँदैन त्यहाँ कुनै॥ २१।११

हो यो प्रपञ्च झूटो नै हूँ ब्रह्म सत्य अद्वय।
यस्मा प्रमाण वेदान्त गुरु [६]स्वानुभवै पनि॥ २१।३४

[७]अभ्यास-योगको द्वारा न हटे [८]भेद-बुद्धि ता।
स्वरूपको प्राप्ति हुन्न देख्दिनौ अनि ब्रह्म ता॥ २१।३८

[९]आतिवाहिक यो चित्त - देहलाई तिमीसरि।
जनको भावनाले नै गरायो [१०]आधिभौतिक॥ २१।५४

---

१. घरले च्यापिएको आकाश। २. सपनाको। ३. भूलले गरेको मनको संकल्पबाट। ४. चैतन्यरूप आत्माका। ५. ज्यादै सानो कण। ६. आफ्नो अनुभव। ७. श्रवण, मनन, ध्यान आदिको अभ्यासद्वारा। ८. त्यो, तिमी जगत्, म इत्यादि भेद। ९. सूक्ष्मवासनायुक्त चैतन्य। १०. पञ्च महाभूतले वनेको स्थूलरूप।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जब तिम्रो वासना यो सूक्ष्म भै पाउली स्थिति ।
तब त्यो आउला फेरि आतिवाहिक भाव नै ॥ २१ । ५६

शुद्ध-सत्त्वै चित्त भए वासना शिथिलै हुँदा ।
आतिवाहिकता मिल्छ पग्ले झैं तापले हिउँ ॥ २२ । ९

वासना सूक्ष्म नै पार्न त्यसैले गर कोशिश ।
त्यो अभ्यास प्रौढ भए जीवन्मुक्त हुने त्यसै ॥ २२ । १३

लीला भन्नुहुन्छ :—

कस्तो अभ्यास गर्ने हो कसरी पुष्ट हुन्छ त्यो ।
देवि त्यो भन्नुहोस् फेरि भएमा पुष्ट के हुने ? २२ । २२

सरस्वती भन्नुहुन्छ :—

तिन्कै चिन्तन कथन [1]परस्पर - प्रबोधन ।
तिनैतिरै लागि पर्नु भन्छन् अभ्यास ब्रह्मको ॥ २२ । २४

उदाउँदा त औदार्य वैराग्य - रसले युत ।
आनन्दमा मग्न बुद्धि हुन्छ [2]अभ्यास - युक्तको ॥ २२ । २६

ज्यादै अभावका लागि दृश्यको शास्त्रपूर्वक ।
युक्तिले जो यत्न गर्छन् ती हुन् अभ्यासि ब्रह्मका ॥ २२ । २७

भएकै छैन उत्पन्न दृश्य छैन सँदैभरि ।
जगत् छैन म नै छैन यो हो अभ्यास ज्ञानको ॥ २२ । २८

असंभव बुझी दृश्य राग, द्वेष घटाउँदै ।
भएमा भित्र आनन्द हुन्छ अभ्यास ब्रह्मको ॥ २२ । २९

सारा दृश्य छँदै छैन भन्ने बुझ्नु त ज्ञान हो ।
त्यही निश्चयले मोक्ष हुँदा अभ्यास श्रेष्ठ हो ॥ २२ । ३१

---

१. परस्परमा बुझाउनु अर्थात् सतसङ्ग गर्नु । २. अभ्यास गर्नेको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



त्यसपछि म र जगत भन्ने दृश्यको उत्पत्ति भएकै छैन भन्ने भावना गर्नाले लीलाको पनि दृश्य-पिशाच हराउँदै गयो। जुन कुरा अगि छैन त्यो कुरा ऐले पनि छैन। भ्रान्त अनुभवमा भान भए पनि त्यो मृगतृष्णाको पानी जस्तै हो। इत्यादि विचार गर्दा आधिभौतिक भावलाई छोडेर लीला पनि आतिवाहिक भावमा प्राप्त हुनुभयो। अनि प्राक्तन ब्राह्मणीको जगत्‌मा जाने इच्छा लीलाले गरेको हुँदा उनका साथमा सरस्वती आकाशमा उड्नुभयो। आकाशमा घुंदै घुंदै ती दुवै वशिष्ट ब्राह्मणको घरमा पुग्नुभयो त्यहाँ जेठा छोरा शर्माले क्रिया-गरिरहेका रहेछन्। हामी दुवैलाई छोरा देखून् भन्ने लीलाको संकल्प हुना साथ छोरा ज्येष्ठ शर्माले देखे। तिनका मुखबाट प्राक्तन वृत्तान्त सबै सुनी लीलाले ज्येष्ठ शर्माको शिरमा हात राख्नुभयो। उनलाई शान्ति प्राप्त भयो। यति कुरा सुनिसकेपछि रामले सोध्नुभयो, 'लीलांले आमाकै स्वरूपमा किन दर्शन दिनुभएन ?' त्यसपछि वसिष्ठ भन्नुहुन्छ :—

ब्रह्मरूप [1]चिदाकाश मात्र बोध हुने मुनि।
छोरा, मित्र र स्त्री भन्ने कल्पना किन गर्दथे ॥ २६। ५४

उत्पन्न हैन यो दृश्य भान ता ब्रह्म मात्र हो।
ज्ञानीको राग र द्वेष कहाँबाट हुने यहाँ ॥ २६। ५५

( त्यस पछि 'मेरा पति जहाँ ऐले राज्य गरेर बस्नु-भएको छ त्यहाँ पुऱ्याइदिबक्स्योस् भनी लीलाले विन्ती गर्दा सरस्वतीले फेरि आकाशमा उडाउँदै विदूरथ राजाको अन्तःपुरमा पुऱ्याउनुभयो जहाँ राजा र मन्त्री बसिरहेका थिए। तिमी को हौ ? भनी देवीले सोध्नु भए पछि मन्त्रीले भने, 'नभोरथका राजाका छोरा उहाँ विदूरथ होइबक्सिन्छ। त्यस पछि पूर्वजन्मको वृत्तान्त संझनेर राजाको शिरमा सरस्वतीले हात राखिदिनासाथ पद्म राजा हुँदाको सबै वृत्तान्त विदूरथलाई थाहा भयो। अनि अचम्म मानेर उनले बिन्ती गरे। उहाँ

१. चैतन्यरूप स्वयंप्रकाश वस्तु।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मरेको एक दिन मात्र भयो। यहाँ चाहिँ सत्तरी वर्षको भइसकें। बालक अवस्था र जवानीमा गरेको सारा कुरा म संझन्छु। यो के गजब हो?'

त्यसपछि सरस्वती भन्नुहुन्छ :—

[१]चैतन्य - सूर्यको यो ता [२]असतै रूप जाल हो।
मुहूर्तमा भ्रान्ति हुन्छ स्वप्नको सयवर्षको ॥ ४१ । ५०
जन्मिएका तिमी छेनौ कहिले न त मर्दछौ।
विज्ञानरूप छौ शुद्ध शान्त छौ आत्मरूपमा ॥ ४१ । ५४
देख्छौ तिमी यो सकल या देख्दैनौ कुनै पनि।
[३]सर्वात्मक हुँदा नित्य फुर्दछौ आफु आफुमा ॥ ४१ । ५५
सर्पको भ्रम डोरीमा हटेमा हुनु के भ्रम?
जगत् छैन भनी जाने भ्रम यो कसरी हुने? ४१ । ६६

वसिष्ठ रामलाई भन्नुहुन्छ :—

अशुद्ध बुद्धि जो मूर्ख पुगेको छैन धाममा।
यो असत् नै जगत् त्यस्को निंति सत् [४]वज्रसार छ ॥ ४२ । १
जस्तो बच्चालाइ ख्याक मृत्यु सम्म गराउँछ।
त्यस्तै असत् जगत् सत् झैं ठान्दछन् मूर्ख मानिस ॥ ४२ । २
पानी झैं घाम नै देख्छन् जसरी मृग भूलले।
त्यस्तै असत् जगत्लाई सत्य झैं मूर्ख ठान्दछन् ॥ ४२ । ३
बालामा खास सुनको बाला नै मूर्ख ठान्दछन्।
सुन भन्ने बुद्धि चाहिँ हुन्न कैले रती भर ॥ ४२ । ५
नदी, पहाड, शहर इत्यादि भ्रान्तिले स्थित।
दृश्यको दृष्टि नै हुन्छ मूर्खको हुन्न [५]सत्यदृक् ॥ ४२ । ६

---

१. चैतन्यरूपी सूर्यको। २. न भएको। ३. सबै आत्मस्वरूप हुँदा। ४. वज्र जस्तै स्थिर। ५. यथार्थ दृष्टि।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यो विश्व लामो सपना हो अहंकारले युत ।
झूटा हुन् स्वप्नका मान्छे जाग्रत्का पनि त्यै सरि ॥ ४२ । ८

[१]सर्वव्यापी शान्त यौटा पवित्र [२]परमार्थ नै ।
वस्तु हो [३]परमाकाश [४]चेत्यहीन र [५]चिन्मय ॥ ४२ । ९

सर्वव्यापी [६]सर्वशक्ति सर्वात्मक स्वयंप्रभु ।
जहाँ फुर्दछ जसरी त्यसरी छ त्यहाँ स्थित ॥ ४२ । १०

( सरस्वतीले विदूरथ राजालाई आज्ञा भयो, 'हेमहाराज, भोलि तपाईं लडाइँमा मर्नु हुन्छ । अनि मन्त्री र कुमारीका साथमा तपाइँ उहाँ आउनु-होस् । हामी जान्छौं ।' त्यत्तिकैमा हडबडका साथ मानिस आएर भन्यो, 'महा-राज, शत्रुको फौजले शहरमा हमला गरिसक्यो । अनि धूमधामको लडाइँ भयो । पछि लीलाले सरस्वतीलाई सोध्नुभयो, 'मृत्यु के हो ? मर्दा सुख हुन्छ कि दुःख ?'

अनि सरस्वती भन्नुहुन्छ—

जन हुन्छन् तीन थरी जगत्मा मर्नं उन्मुख ।
मूर्ख औ [७]धारणा भ्यासी तेस्रो हो [८]युक्तिमान् पनि ॥ ५४ । ३५

धारणाको त अभ्यास गर्नेहरु यथासुख ।
जान्छन् शरीर छोडेर युक्तिमान् पनि त्यैसरी ॥ ५४ । ३६

---

१. सर्वत्र छाइएको । २. ठूलो वस्तु । ३. ठूलो आकाश अर्थात् चैतन्यरूप आकाश । ४. चिताइने विषय नभएको । ५. चैतन्यरूप । ६. सारा शक्ति भएका । ७. प्राण र मनलाई नाभि, हृदय, घाँटी आँखिभौंको बीच र ब्रह्मरन्ध्रमा नियत समयसम्म रोक्नु हो धारणा, त्यो अभ्यास गर्ने । ८ अर्काको शरीरमा पस्नु इत्यादि युक्तिमा सिपालु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जो छैन धारणा-भ्यासी युक्तिमान् पनि होइन ।
त्यो मूर्ख मृत्युकालैमा दुःख पाउँछ निश्चय ॥ ५४ । ३७
चित्त जस्तो छ त्यस्तै नै हुन्छ यै [1]अनुभूति हो ।
सदेह होस् या विदेह अन्यथा हुन्न नै कहीँ ॥ ५६ । २८

लडाइँमा विदूरथ राजाको मृत्यु भए पछि यता पद्म राजा ब्यूँझनुभयो, अनि सरस्वतीलाई नमस्कार गरेर स्तुति गर्नु भयो । आशीर्वाद दिएर सरस्वती पनि अन्तर्धान हुनुभयो । अनि लीला र पद्म राजा सुखसँग बस्नुभयो इत्यादि कथा रामलाई वसिष्ठले भन्नुभयो ।

१. अनुभव ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# तेस्रो सर्ग

वसिष्ठ हे राम लीलोपाख्यान दृश्य दोष हटाउन ।
बताएँ अब दृढता जगत्को छोडिद्यौ छिटो ॥ ६० । १

जो जो बाट विरक्तिन्छौ त्यो त्यो बाट त छुट्दछौ ।
यसैले म फलानो हूँ न भने जन्म को लिने ? ६१ । ३५

संसार भन्ने यो लामो सपना मनले रच्यो ।
राम्ररी ननिहाल्नाले ठुटोमा मानिसै सरी ॥ ६५ । ७

अनात्मातिर हेर्नाले चित्त सोच्दैन [1]चित्कन ।
ख्याक अजमाउने केटो - सरि [2]कल्पित [3]भीतिमा ॥ ६५ । ८

पातदेखिन् अरू केही केराको झाङ्मा छ र ?
त्यस्तै नै भ्रान्तिबाहेक अरू के छ जगत् यहाँ ॥ ६६ । ४

जहाँ इच्छा उठ्छ त्यहीं छोडेर शान्त भै दिए ।
पाइहालिन्छ त्यो मोक्ष यत्ति गर्न छ कष्ट के ? ६६ । २१

प्राणलाई घाँससरी छोड्दिन्छन् जो [4]महाशय ।
तिनी इच्छा छोड्नलाई किरन्टोकी हुने किन ? ६६ । २२

( यही प्रसङ्गमा वसिष्ठ राक्षसीको कथा ल्याउनुहुन्छ । कर्कटी भन्ने एउटा राक्षसी थिई । उसले एक हजार वर्ष सम्म तपस्या गरी । अनि ब्रह्माजी पाल्नुभयो र वर माग भन्नुभयो । सानो सियो जस्तो जीव हुन सकूँ भनी उसले वर मागी । तँ हैजाको कीटाणु भएर खराब कुरा खाने, खराब स्थिति भएका दुष्टहरूलाई खान सक्नेछस् इत्यादि आज्ञा भई ब्रह्माजी अलप हुनुभयो । तर रगतले मात्र ऊ अघाइन, अनि व्यर्थै सानो हुने वर

१. चैतन्यकन । २. कल्पना गरेको । ३. डरमा । ४. उदार चित्त भएको ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मागिछु भनी पछुतो मान्नी। अनि फेरि ठूलो शरीर पाउनाको लागि हिमालयमा गएर तपस्या गरी। एक हजार वर्षसम्म तपस्या गरे पछि राक्षसीको पापको नाश भयो। ब्रह्माजी पाल्नुभयो र फेरि ठूलो शरीरले केही काल भोग गरी परम पदमा प्राप्त हुनेछचौ भन्ने आज्ञा भई अन्तर्धान हुनु भयो। त्यसपछि दुष्टलाई मार्ने आज्ञा पाएर किरात देशमा गइन्। त्यहाँ जंगलमा घुमि रहेका राजा र मन्त्रीलाइ उनले देखिन्, अनि गर्जेर भनिन्, 'मैले गरेका प्रश्नको जबाफ दिन सकेनौ भने तिमी दुवैलाई मार्दछु। अनि उनी प्रश्न गर्छिन् :—

यौटा हो अनगिन्ती हो तर ब्रह्माण्ड कोटियौं।
समुद्रका [१]वुद्बुद झैं अल्पिन्छन् अणुमा कुन ॥ ७९ । २
के वस्तु हुन्छ आकाश अनाकाश र क्यै न क्यै।
हिंड्दा हिंड्दैन को फेरि रहन्छ नहुँदा पनि ॥ ७९ । ३
को हो त्यो चेतनै ढुङ्गा [२]नभमा [३]चित्र रच्छ को ?
रूख झैं बीउमा विश्व रहने अणुमा कुन ? ७९ । ४
समुद्रका छालसरी छैन कस्बाट भिन्न क्यै।
छ अभिन्नै द्वैत पनी कुन सागरबाट त्यो ॥ ७९ । २

मन्त्री जबाफ दिन्छन् :—

ब्रह्मज्ञले मात्र बुझ्ने घुमेको यो भनाइले।
तपाइँले भन्नुभयो [४]परमात्म-स्वरूप नै ॥ ८० । ३
छैटौं मनै सहित इन्द्रियले अगम्य[५]
[६]चिन्मात्र फेरि छ [७]अनिर्वचनीय आत्मा।

---

१. पानीका फोका। २. आकाशमा। ३. तसवीर। ४. परमात्माको स्वरूप। ५. गम नपुग्ने। ६. चैतन्य मात्र। ७ वचनले यस्तो भन्न नसकिने।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



एकै भए पनि अनेक उपाधिले हो
आकाशदेखि पनि सूक्ष्म छ त्यो असाध्य ॥ ८० । ४

[1]महान् [2]चिदणुको भित्र कोटि [3]ब्रह्माण्ड-बुद्‌बुद ।
सत् झैं असत् झैं स्थित छन् बीउमा भित्र रूख झैं ॥ ८० । ५

आकाश हो बाहिर शून्य चन्दा आकाश त्यो होइन चित् हुनाले ।
क्यै हैन त्यो इन्द्रियले न भेट्दा अनन्त त्यै हो अणु सत् हुनाले ॥
८० । ७

आकाश झै शुद्ध [4]अनाद्यनन्त [5]चिन्मात्र रूपी परमात्मले नै ।
विचित्र यो [6]विस्तृत [7]विश्वचित्र रच्यो नरच्दा पनि भासबाट ॥
८० । २५

ब्रह्म-चैतन्य मात्रै यो विश्व हो छन भिन्न ता ।
[8]विश्वभान पनी उस्कै भान हो भेद हो उही ॥ ८० । ६३

राजा भन्छन्

जस्को विकास संकोचै-बाट छन् सृष्टि औ [9]लय ।
वेदान्त-वाक्यको निष्ठा तर [10]वाक्‌को [11]अगोचर ॥ ८१ । ३
लुक्न आफू सक्नुहुन्न परमात्मा अकास झैं ।
के दूबोको चउरमा हात्ती सक्ला र अल्पिन ? ८१ । ४१
द्रष्टाको मात्र सत्ता हो ज्ञानले दृश्य रित्तिए ।
न जान्दा रूप बालाको सुन बाला न भेसरि ॥ ८१ । ७३

---

१. ठूलो । २. चैतन्य रूपी अणुको । ३. ब्रह्माण्डरूपी फोका । ४. आदि र अन्त्य नभएको । ५. चैतन्य मात्र रूप भएको । ६. फिंजिएको । ७. विश्वरूपी तसवीर । ८. जगत्‌को भान । ९. प्रलय । १० वाणीको । ११. विषय नभएको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



( मन्त्री र राजाका यस्ता उत्तर सुनेर राक्षसी प्रसन्न भइन् । अनि उन
हरूमा मित्रता भयो इत्यादि कथा टुंग्याएर रामलाई वसिष्ठ भन्नुहुन्छ :—

भेद हो व्यवहारैमा तर वास्तव होइन।
वेताल झैं बालकको झूटो हो कल्पितै हुँदा ॥ ८४ । २

न जान्नाले यो झगडा जानेमा द्वैत छैन नै।
जानेमा [1]कलना-शून्य [2]मौन मात्र रहन्छ है ॥ ८४ । २

अज्ञानी झगडा गर्छन् आफ्ना संकल्प झाङ्गिदा।
तत्वै न जान्दा हो वाद जानेमा द्वैत छैन है ॥ ८४ । २

रागादिले दूषित यो चित्त नै खास विश्व हो।
राग आदि छुटे मोक्ष उत्निखेरै हुने यहाँ ॥ ८४ । ३

चित्त—बालकले झूटो जगद्—वेताल देख्दछ।
बुझाएमा यही आफ्नो परमै पद देख्दछ ॥ ८४ । ४

( यही प्रसङ्गमा इन्दु ब्राह्मणका दश छोराको उपाख्यान ल्याउँदै वसि
भन्नुहुन्छ। दिनको आदिमा ब्रह्माजीले सृष्टि गर्न लाग्दा अरू दश ब्रह्माण्ड देख्
भयो, अनि एउटा ब्रह्माण्डका सूर्यलाई बोलाएर सोध्नुभयो, 'तिमी को हौ
यतिका जगत् कसरी पैदा भए। थाहा छ भने भन।' अनि ती सूर्यले भ
'हिजोको तपाईंको सृष्टिमा इन्दु भन्ने ब्राह्मणले छोरा नहुँदा शिवजीको तपस्
गरी प्रसन्न भएका शिवजीले दश छोरा पाउने वर दिनुभयो। असल दश छो
जन्मे। केही कालपछि इन्दु र उनकी ब्राह्मणीको पनि शरीर छुट्यो। आमा
बाबुको शोकले ग्रस्त भएका तिनीहरू कैलासको शिखरमा गए। के गर्नु बे
होला भनी उनीहरूले सलाह गरे। अन्त्यमा जेठाले भने, 'सबभन्दा ब्रह्मा हु
बेस हो। यसैले 'म ब्रह्मा हुँ' भन्ने भावना गरौं।' त्यो कुरामा सबैको स्वीका
भयो। उनीहरू ध्यानमा रहन थाले। पछि उनीहरूको भावना सिद्ध भयो

१. कल्पनाले शून्य। २. शब्द नहुनु।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



उनीहरू दशै जना ब्रह्मा भए। यो उनीहरूले नै सृष्टि गरिएका ब्रह्माण्ड हुन्। फेरि ती सूर्यले भने :—

मन नै हो जगत् रच्ने मनै पुरुष हो पर।
मनको कार्य हो कार्य छैन यो देहले कृत ॥ ८९ । १

सामान्य ब्राह्मण भई मनकै भावना लिँदा।
ब्रह्मा भए यी अहिले मनको शक्ति हेतुँहोस् ॥ ८९ । २

( इन्दु ब्राह्मणको छोराहरूको कथा टुंग्याउँदै ब्रह्माजीले अगि आफूलाई आज्ञा भएको कुरा वसिष्ठ रामलाई भन्नु हुन्छ) :—

[1]चित्को जो [2]चेत्यकलना त्यही नै मन भन्दछन्।
चित्को भाग जडै छेन जड हो [3]चेत्य केवल ॥ ९१ । ३७

[4]चित्त—तामा शुद्ध गर्दा यथार्थ सुन नै हुँदा।
साँच्चिको सुख पाइन्छ के [5]शरीर-शिला लिई ॥ ९१ । ४९

[6]नीराग [7]निस्ताप मन तुल्याई पुरुषार्थले।
माण्डव्यले जिते कष्ट शूलमा उनिँदा पनि ॥ ९२ । २१

वसिष्ठ रामलाई भन्नुहुन्छ :—

[8]जैमिनीय—न्याय-युक्त जो [9]प्रामाणिक दृष्टिले।
त्यागीले निर्णय गरे त्यल्लाई शास्त्र भन्दछन् ॥ ९५ । १५

ज्यादै सत्त्वगुणी धीर सर्वत्र [10]समदृष्टिका।
[11]ब्रह्म -साक्षात्कार-कला-युक्त हुन् साधु साँच्चिका ॥ ९५ । १६

---

१. चैतन्यको। २. चिताइने विषयको कल्पना। ३. चिताइने विषय। ४. चित्तरूपी तामा। ५. शरीररूपी ढुङ्गा। ६. राग नभएको। ७. ताप नभएको। ८ जैमिनिका न्यायले युक्त। ९. प्रमाणबाट सिद्ध भएको। १०. एकनासको दृष्टि भएका। ११. ब्रह्मको साक्षात्कारको कलाले युक्त।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आगो र तातो सरि जो मिलेका चित्त कर्म छन् ।
दुइमा एक नभए ती दुवै नै विलाउँछन् ॥ ९५ । ३७

परमात्मा सर्वशक्ति अनन्तै आत्म - तत्त्वको ।
संकल्प-शक्तिले गर्दा मनको रूप उब्जियो ॥ ९६ । ३

आत्मतत्त्वै निर्मल हो दोस्त्रो दृष्टि अँगालियो ।
नभएकी हुँदा भन्छन् अविद्या यसलाइ नै ॥ ९६ । २५

चित्को मलिन [1]निःस्पन्द [2]कलङ्क विकलै भए ।
भनिन्छ मन हेराम त्यो न चित् हो न ता जड ॥ ९६ । ४

भित्र बाहिर रहने [3]सत्ताऽसत्ता जनाउने ।
संपूर्ण भूतमा व्याप्त चिदाकाश कहिन्छ त्यो ॥ ९७ । १

जो यो संसार—पदवी गंभीर र अपार छ ।
त्यही शून्य र विकृत ठूलो जंगल हो यहाँ ॥ ९९ । ३

ज्ञानीको मन हो ब्रह्म अरू होइन क्यै पनि ।
जलबुद्धि भएकाको छाल हुन्छ समुद्र नै ॥ १०० ।

अज्ञानीको त मन हो [4]संसार—भ्रम—कारण ।
सामान्य पानी नबुझे भिन्न [5]अब्धि र छाल हो ॥ १०० ।

( यही प्रसङ्गमा वसिष्ठ रामलाई वालकथा सुनाउनुहुन्छ, 'कुनै धाई बालकको मनोविनोदका लागि कथा भन्दछे, 'हुँदै नभएको शून्य शहरमा ती जना वहादुर राजपुत्र थिए । दुइ जन्मेकै थिएनन् । एउटा गर्भमा पनि रहे थिएन । केही पछि शून्य नगरबाट ती निस्के । .शोक गर्दै ती तीन रूखको नजी

---

१. उपाधिले हुन गएेको चञ्चलभाव । २. उपाधिले विकल । ३. सत्ता असत्ता । ४. संसारको कारण । ५. समुद्र ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पुगे। तिनमा दुइटा जन्मेंकै थिएनन्। एउटाको बीउ पनि थिएन। एउटा रूखमनि विश्राम गरी केही मीठा फल खाएर हिँडे। मध्याह्नमा तो तोन नदीमा पुगे। एउटा सुकिसकेको थियो। दुइटामाँ अलकिति पनि पानी थिएन। त्यहाँ तिनीहरूले नुहाए, जलक्रीडा गरे, पानी खाए। साँझमा तिनीहरूले तिनौटा घर देखे। दुइटा बनेकै थिएनन्। एउटाको भित्ता नै थिएन। भित्ता नभएको घरमा तिनीहए पसे। त्यहाँ तिनीहरूले तिनौटा थाली पाए। तिनमा दुइ फुटेका थिए। एउटा चाहि चूर्ण भएको थियो। त्यसैलाई यिनीहरूले लिए, अनि तीन ब्राह्मण-लाई निता दिए। दुइटा बाहुनको शरीर नै थिएन। एउटाको चाहिँ मुखै थिएन। यिनैले सय मुरी भात खाए। बाँकी चाहिँ राजपुत्रहरूले खाए र खुशी भए। भविष्यत् शहरमा तीनै जना ऐले सम्म शिकार खेलेर बसिरहेका छन्। यस्तो धाईको मुखबाट सुनेर बालक खुशी भयो।' हे राम, यो चित्तको कथा हो भनी वसिष्ठ भन्नु हुन्छ :—

यस्तो संसार-रचना यसरी स्थिति प्राप्त भो।
बालकैको कथा जस्तै दृढ संकल्पले गरी॥ १०१। ३२

नाशवान् यो [1]अहंकार–वेतालैलाइ कल्पियो।
[2]असत् यो भूत[3]संघैले बालकैले सरी यहाँ॥ १०२। ३

वास्तवैमा अहंकार छैन ती परमात्मसा।
नहेर्दा राम्ररी पानी देखिने [4]तीव्र घाममा॥ १०२। ४

शरीर नाशिदा घट्दा आत्माको हुन्छ के खती।
डढ्दा खलाँती त्यो वायु कैले नष्ट हुँदैन है॥ १०२। १२

---

१. अहंकार रूपी वेताललाई। २. नभएको। ३. आकाश आदि पांच भूतको समुदायले। ४. कडा।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कल्प बन्छ क्षणै फेरि क्षण बन्दछ कल्प नै ।
क्रम यो देशकालैको मनकै छ अधीनमा ॥ १०३ । १४

यसपछि लवण राजाको कथा वसिष्ठ भन्नुहुन्छः—

उत्तरापाण्डव भन्ने देशमा लवण भन्ने राजा थिए । तिनी सभामा बसेका बखतमा एउटा चटकी आयो र भन्यो, 'हजूरलाई यौटा चटक म देखाउँछु ।' त्यसपछि उसले यौटा मुजूरको पुच्छरको मूठो घुमायो । त्यही बेला सबार र त्यसको पछि पछि घोडा देखियो अनि त्यल्ले भन्यो, 'महाराज, यो घोडा उच्चैःश्रवाको सन्तान हो । यो हजूरलाई लायक छ । त्यो देख्नासाथ राजाले आँखा चिलिए । ध्यानमा बसेका होलान् भनी उनलाई कसैले पनि ब्यूँझाएनन् । दुइ मुहूर्तपछि राजा ब्यूँझिए तर थरथर कांन थाले । पछि राजा होशमा आएर भने, 'यिनै चटकीको यो काम हो जस्तो मलाई लाग्छ । त्यही घोडामा चढेर म गएँ । शिकार खेल्न जंगलमा पुगें । त्यहीं साँझ पर्‍यो । रात बडो कष्टले बित्यो । भोलिपल्ट चण्डालकी छोरीले भात लिएर आई, तर मेरो पति हुन्छौ भने खान दिन्छु भनी । त्यो सँग मेरो बिहे भयो । छोराछोरी पाईं । मैले खूब दुःख भोगें । पछि डढेलो लाग्यो र बडो मुश्किलले त्यहाँबाट निस्की तालको रूखमनि गएर बसें त्यहाँ भोक लाग्यो भनी छोरो कराउन थाल्यो । त्यहाँको दुःख सहन नसकेर चिता बनाएँ र आगो लगाएँ अनि त्यही चितामा हाम फाल्दा म यो सिंहासनमा कामेको हुँ । यो सबै यिनै चटकीको चटक जस्तो मलाई लाग्छ । त्यत्तिकैमा त्यो चटकी अलप भयो । हे राम, यो घटना मैले आफैंले देखेको हुं । त्यस बखतमा म पनि त्यही सभामा बसेको थिएँ । यो सब मनको विलास हो भनी कथा टुंग्याएर वसिष्ठ फेरि भन्नुहुन्छ :—

गरिन्छ मनले जे जे गरेको हो त्यही यहाँ ।
त्यागिन्छ मनले जे जे त्यही [1]त्यक्त भनी बुझ ॥ ११० । १४

---

१. छोडिएको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जसको शान्त मन छ चिन्ताले पनि [1]वर्जित।
[2]सर्वोत्तम ध्यानको नै पदमा स्थित हुन्छ त्यो ॥ ११० । ६४

मनका वृत्ति जो जो छन् [3]भोग-संकल्प-भ्रान्ति का।
[4]संसार विष वृक्षैका तिनै हुन् अंकुरैहरू ॥ ११० । ६५

१. रहित। २. सवैभन्दा उत्तम। ३. भोगको संकल्प गर्नुरूपी भ्रान्तिका।
४. संसाररूपी विषका रूखका।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## चौथो सर्ग

यस्तो [1]चित्त-महारोग नास्ने हो जुन ओखती।
त्यो [2]स्वाधीन छ [3]साध्यै हो मीठो छ अनि [4]निश्चित ॥ १११ । १

छोडी इष्ट पनी वस्तु हुन्छ जो निर्विकार[5] नै।
छाबालाई हात्तिले झैं त्यसैले मन जित्तछ ॥ १११ । ३

शास्त्र-सत्सङ्गले धीर ज्यादै शीतल चित्तले।
चिन्ता[6]-तप्त मनै काट फलामैले फलाम झैं ॥ १११ । ५

स्वाधीन[7] अत्यन्तहित त्याग नै इष्ट[8] वस्तुको।
जो गर्दैन छ धिक्कार त्यो कीरा सरि व्यक्तिमा ॥ १११ । ८

प्रयत्नले पौरुषले छिटै चित्त जितिन्छ है।
यत्न त्यागने अचित्तैले पाइन्छ ब्रह्मको पद ॥ १११ । १०

पुरुषार्थबाट सिद्ध इष्टको त्यागले हुने।
मनको शान्ति बाहेक छैन अर्को भलो गति ॥ १११ । १२

तब नै हुन्छ त्यो शान्त सर्व[9]-व्यापक ब्रह्म ता।
असंकल्पन[10]-शस्त्रले जहिले चित्त काट्दछ ॥ १११ । १५

---

१. चित्तरूपी महारोग । २. आफ्नो अधीन । ३. गर्न सकिने । ४. निश्चय गरिएको । ५. राग द्वेष आदि मनको विकार नभएको । ६. पीरले तातेको । ७. आफ्नो अधीन भएको । ८ मन परेको । ९सर्वैतिर छाइएको । १० संकल्प नगर्नू-रूपी हतियारले ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



त्यो महापदवीभित्र चिरकालतकै बसी ।
चित्‌ले[1] नै चित्त खाएर चित्तदेखि परै रहू ॥ १११ । १८

पुरुषार्थ गरी चित्त-लाई पारी अचित्त नै ।
त्यो ठूलो पदवी पाऊ जहाँ नाश हुँदैन है ॥ १११ । २०

श्रीको[2] मूल अनुद्वेग[3] त्यसैले जितिने मन ।
मनै जिते घाँसको झैं जय हो तीन लोकको ॥ १११ । २२

ध्यानले दहराकाश[4] चित्‌मा चिद्रूप[5]-वृत्तिले ।
निःशङ्क नै मार मन पिर्दैनन् अनि दुःखले ॥ १११ । ३२

राम्रोलाई तुच्छ भनी निधो यदि गऱ्यौ भने ।
चित्तका अङ्ग ती वृत्ति काटिन्छन् भनिठान्दछु ॥ १११ । ३३

यो, त्यो, म अनि मेरो यो मनको रूप यत्ति हो ।
त्यो, फाल्नाले वन्चरोले जस्तै काटिन्छ यो मन ॥ १११ । ३४

टुक्रेको बादलैलाई शरद्‌को[6] स्वच्छ[7] व्योममा[8] ।
हाबाले झै उडाइन्छ कल्पना[9]-त्यागले मन ॥ १११ । ३५

बहून् हाबा प्रलयका एक हुन सागरै सब ।
उदाऊन् बाह्र नै सूर्य [10]अचित्तैको छ हानि के ? ॥ १११ । ४०

संकल्प छोडे हो साध्य सारा सिद्धि दिने पनि ।
समाधि निर्विकल्पैमा[11] रहू ब्रह्म भएर नै ॥ १११ । ४२

संकल्प मात्र धन ली मन-शत्रुले नै ।
देखाउँदै विविध[12] वस्तु तिमी जितिन्छौ ।

---

१. चैतन्यले । २. लक्ष्मीको । ३. आकुल व्याकुल नहुनु । ४. हृदय भित्रको आकाश । ५. चैतन्यरूप वृत्तिले । ६. शरद् ऋतु अर्थात् आश्विन र कार्तिकको । ७. सफा । ८ आकाशमा । ९ कल्पनाको त्यागले । १०. चित्त नहुनेको । ११. विकल्प अर्थात् चित्त न भएको समाधिमा । १२. किसिम किसिमका ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सन्तोष मात्र धनले मन त्यो जितेर।
पाऊ सुखै उदित नित्य निरिच्छ[1]ताले ॥ १११।४५
ज्यादै पवित्र अनि संमत[2] आत्मवित्‌ले[3]।
ठन्डा हिमैसरि समत्व[4] लिएर पैले।
त्यो तुच्छ सीमित[5] अहंकृति[6] भित्र त्यागदा।
बाँकी रहन्छ पद जो त्यसमा स्थितै हौ ॥ १११।४६
कहीं पनी चञ्चलता नहुने मन हुन्न है!
चञ्चलत्व मनो-धर्मं उष्णतासरि अग्निको ॥ ११२।५
[7]चित्--तत्त्वमा रहेको जो [8]स्पन्दशक्ति छ चञ्चल।
त्यही हो मनको शक्ति [9]जगदाडम्बरै हुने ॥ ११२।६
त्यो चञ्चलत्व नहुने मन हो अमृतै खुद।
त्यही तपस्या, सिद्धान्त, शास्त्रश्रवण, मोक्ष हो ॥ ११२।८
मनको जो चञ्चलता हो अविद्या त्यही यहाँ।
नाउँ अर्को वासना हो त्यो हटाऊ विचारले ॥ ११२।११
अविद्याको कार्य त्यो हो [10]चित्त--सत्ता र वासना।
[11]त्याग द्वारा त्यो बिलाए ठूलो कल्याण पाइने ॥ ११२।१२
असत् र सत्‌को बीचैको बीचको चित् र जाड्यको।
दुवैतिर [12]अविश्रान्त त्यही नै मन खास हो ॥ ११२।१३
जड देहादिको चिन्ता गर्नाले त सँदै भरी।
हुन्छ चित्त जडै खास दृढ अभ्यास नै हुँदा ॥ ११२।१४

---

१. इच्छा नगरेर। २. मानिएको। ३. आत्मज्ञानीले। ४. एक नासको भाव। ५. परिमित। ६. अहंकार। ७. जगत्‌को कारण; माया उपाधिले युक्त चैतन्य। ८. क्रियाशक्ति। ९. जगत्‌रूपी आडम्बर। १०. चित्त हुनु। ११. बाहिरी विषयको अनुसन्धान नगरेर। १२. रहिनरहने।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



चैतन्यरूप आत्माको गर्नाले खोज बेसरी।
चित्त चैतन्य नै हुन्छ दृढ अभ्यास नै हुँदा ॥ ११२ । १५

यत्नले पुरुषार्थैंले त्यही नै पदमा मन।
जोडे त्यो पद पाइन्छ अभ्यास —वशले गरी ॥ ११२ । १६

यसैले पुरुषार्थैले [1]चित्त-आक्रमणै गरी।
पुगी [2]विशोक पदमा अड [3]आतङ्क छोड्दिई ॥ ११२ । १७

समर्थ मन नै हुन्छ बेसरी मन रोक्नुमा।
राजालाई रोक्न शक्ति [4]अराजामा हुने कहाँ ॥ ११२ । १८

भव[5]-सागरमा तृष्णा[6]-ग्राहले त अँठ्याउँदा।
भुमरीले लगे टाढा आफ्नै मन छ नाउ झैं ॥ ११२ । २०

सुमनैले[7] मनै काटी पाशो परम बन्धन।
तर संसार आफू नै तार्दैन अरुले यहाँ ॥ ११२ । २१

जो जो उदाउँछ मनै भन्ने वासित वासना।
बुद्धिमान्‌ले हटाओस् त्यो अनि अज्ञान नासिने ॥ ११२ । २२

भोगको वासना छोडी छोड त्यो भेद[8]-वासना।
अनि [9]भावाऽभाव छोडी [10]निर्विकल्प सुखी बन ॥ ११२ । २३

अभाव नै भावनाको वासनानाश हो खुद।
यही नै हो मनोनाश अविद्यानाश नै पनि ॥ ११२ । २४

अविद्या त भए जस्तै हुन्छ [11]विकृत्त बुद्धिमा।
अविद्या छैन नामैले बुद्धिमान्‌मा हुने कहाँ ॥ ११३ । २

---

१. चित्तको आक्रमण । २. शोक न हुने । ३. शंका र त्रास । ४. राजादेखि भिन्नमा । ५. संसाररूपी समुद्रमा । ६ तिर्सना-रूपी ग्राहले । ७. शुभ मनले । ८. भेदको वासना । ९. चित्त र चिताइने विषय । १०. विकल्प अर्थात् चित्तले रहित । ११. बिग्रिएको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



राम भन्नुहुन्छ :—

अविद्याले गराएको यो बाक्लो अन्धकार ता ।
के गरेदेखि अहिले नाश होला यहाँ गुरु ॥ ११४ । १

वसिष्ठ भन्नु हुन्छ :—

जस्तो तुषारो नासिन्छ दर्शनैबाट सूर्यको ।
त्यस्तै अविद्या आत्माको दर्शनैबाट नासिने ॥ ११४ । २

म ब्रह्म हैन भन्ने यो संकल्पैबाट बाँधिने ।
सारा हो ब्रह्म भन्ने यो संकल्पैबाट छुट्दछ ॥ ११४ । २३

दुब्लो म दुःखी बद्धै छु हात खुट्टाहरू हुने ।
यस्तो भावानुसारैको[1] बाँधिन्छ व्यवहारले ॥ ११४ । २९

दुःखी शरीरी म ह्वैन आत्माको बन्ध के हुने ?
यस्तो भाव लिई गर्ने छुट्दछ व्यवहारले ॥ ११४ । ३०

हाड मासू आदि हैन देहदेखि म भिन्न हूँ ।
यस्तो दृढ निधो गर्ने अविद्याबाट छुट्दछ ॥ ११४ । ३१

मेरा छोरा र धन हुन् म फलानो हुँ बुद्धिमान् ।
यस्ता सारा कुरा उठ्छन् वासनाको उमङ्गमा ॥ ११४ । ५३

जस्तो काठ र लाहाको बयरैको र कुण्डको ।
जोडिदा एकता हुन्न त्यस्तै देह र [2]देहिको ॥ ११४ । ६२

कार्य गर्दा राग लिई कैले नरङिनू तिमी ।
जस्तो रङिन्न स्फटिक प्रति-बिम्ब लिदा पनि ॥ ११४ । ७६

( लवण राजालाई त्यस्तो दुःख दिने चटकी को हो ? त्यो कहाँ गयो ? )
इत्यादि प्रश्न रामले गर्नु हुँदा वसिष्ठ भन्नुहुन्छ, 'हरिश्चन्द्रको कुलमा पैदा भएका

---

१. भाव मुताबिकको । २. आत्माको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



लवण राजाले पहिले विचार गरे, 'मेरा बाजेले राजसूय यज्ञ गर्नु भएको थियो। म चाहिं मनले नै यज्ञ गर्छु।' यसरी ऋत्विक्को वरण गरे। यसरी ऋषि र देवता-को पूजाले उनको एक वर्ष बित्यो। सर्वस्व दक्षिणा पनि मनले नै दिए। तर राजसूय गर्नाले बाह्र वर्ष सम्म आपत्ति पाउनुपर्ने हुँदा इन्द्रले आफ्नो देवदूतलाई चटकी बनाएर पठाएका थिए। लवणलाई त्यो दुःख दिएर देवदूत स्वर्गमा नै गयो। त्यसैले म भन्छु। यी विलक्षण क्रियाहरूको कर्ता भोक्ता मन नै हो। यसैलाई विवेकले शुद्ध गरायौ भने परम कल्याण हुनेछ। हेर राम, स्वरूपमा रहनु नै मुक्ति हो, अहंकार उदाउनु हो त्यसबाट च्युत हुनु। एउटा वस्तु छोडेर अर्को वस्तु नसमात्दै बीचमा मननले रहित हुनु नै स्वरूप स्थिति हो। जाग्रत् र निद्राको बीचको स्थिति पनि स्वरूप हो अब ज्ञानभूमिकाहरूको वर्णन गर्छु। सुन :—

हुन्न मूर्खै गर्छु मता [१]शास्त्रसज्जन–सङ्गत।
यस्तो इच्छा विरागीको शुभेच्छा भूमिका त हो॥ ११८।८

शास्त्र सज्जनको सङ्ग [२]वैराग्याभ्यासपूर्वक।
गर्दै सदाचारि हुनु त्यो हो दोस्रो विचारणा॥ ११८।९

भूमिका-द्वयले बन्दा [३]असक्तै [४]इन्द्रियार्थमा।
ध्यानले [५]सविकल्पैमा पुगे हो तनुमानसा॥ ११८।१०

अभ्यासबाट तीनैको चित्त विश्रान्त नै हुँदा।
सत् आतमामा [६]स्थित हुनु सत्त्वापत्ति कहाउँछ॥ ११८।११

---

१ शास्त्र र सज्जनको सङ्गत। २. वैराग्य र अभ्यासका साथ। ३. आसक्त नभएको। ४. इन्द्रियका विषयमा। ५. विकल्प अर्थात् चित्तको ब्रह्माकार भएमा अर्थात् सविकल्प समाधि भएमा ( ध्यान हुन्जेल बाहिरका शब्द आदिको ग्रहण हुन्छ ) सविकल्प समाधिमा हुँदैन। ६. त्रिपुटीरहित भई निर्विकल्प समाधिमा रहेको।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अभ्यासबाट चारैको असङ्ग फलले अनि।
व्रह्मानन्द चमत्कारी हो असंसक्ति पंचम ॥ ११८ । १२

अभ्यासबाट पांचैको आत्माराम हुँदा दृढ।
भित्री र बाहिरी सारा पदार्थैको अभावले ॥ ११८ । १३

अरूद्वारा प्रयत्नैले अर्थको भावना हुँदा।
पदार्थाऽभावना छैटौं भूमिका भन्दछन् बुध ॥ ११८ । १४

छ भूमिकाको अभ्यास—बाट भेद हराउँदा।
स्वभावमा रहनु हो तुर्यगा उच्च भूमिका ॥ ११८ । १५

पुगेमा यो ज्ञानदशा पशु, म्लेच्छहरू पनि।
सदेह हुन् या विदेह मुक्त हुन् छैन संशय ॥ ११८ । २२

पाउँदैन [1]दग्ध जबसम्म [2]विचारवह्नि
च्योत्रो लतासरि जरासहितै अविद्या।
हाँगा विंगा त तबसम्म सर्यौं थरीका
पैदा गरिन्छ सुख - दुःख - वनैहरूले ॥ ११९ । ४१

( लवण राजाको दोस्रो दिनको वृत्तान्त वसिष्ठ फेरि भन्नुहुन्छ। राजा लवण भोलिपल्ट दक्षिणापथ तिर लागे। मन्त्रीहरूका साथमा जाँदा जाँदा उही घोर जंगलमा पुगे। जुन दृश्य अगिल्लो दिन देखेका थिए त्यही नै भोलिपल्ट देखिन थाल्यो। अन्त्यमा उही वूढी चण्डालनी रुन लागेको ठाउँमा पुगे। हे छोरी, तिमीले कहाँ प्राण छोड्यौं। हे जुवाइँ राजकुमार, तपाईं कहाँ जानु-भयो ? जुन तपाइँले दरबारका रानीहरूलाई छोडेर मेरी छोरी सँग प्रेम गर्नु-भएको थियो। इत्यादि विलौना गरिरहेकी चण्डालनीलाई देख्ता मन्त्रीको मुख हेरेर राजा वाल्ल परेछन्। भोलिपल्ट सभामा आएर यस्तो कसरी भयो भनी राजाले मलाई सोधे अनि मैले भनें :—

१. डढेको। २. विचाररूपी अग्निले। ३ वासनाले युक्त।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अविद्याको राज्यभित्र जे पनी हुन्छ संभव ।
स्वप्नको भ्रान्तिमा गाग्रो देखिन्छ कपडासरि ॥ १२१ । १२

असंभवै मृत्यु आफ्नो जस्तो देखिन्छ स्वप्नमा ।
उडिन्छ स्वप्नमा फेरि आकाशैमा सरासरी ॥ १२१ । १४

[3]वासना-युक्त चित्तैले जे जस्तो गर्छ भावना ।
त्यो त्यस्तै नै भोग गर्छ त्यो न सत् हो न ता असत् ॥ १२१ । १६

●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# (४) स्थिति-प्रकरण

## पहिलो सर्ग

( वसिष्ठ रामलाई भन्नुहुन्छ ) :—

[1]कर्ता विनाको रङ नै नभेको आकाशमा [2]चित्र छ देखिएको ।
[3]द्रष्टा विनाको [4]अनुभूतियुक्त निद्रा विनाको सपना छ विश्व ॥ १ । ३

दुर्बुद्धिको [5]कारणकार्यभाव हटाउँदै [6]कल्पित हो भनेर ।
[7]अनादिमध्यान्त छ सत्यवस्तु भन्ने बुझी छोड [8]जगद्-विवर्त ॥ १ । ३६

जगत् थिएन छैन नै हुनेछैन पछी पनि ।
[9]चेतनाकाश नै आफै यसरी झल्झलाउँछ ॥ २ । ८

[10]अत्यन्ताभाव दृश्यैको नबुझी अरु हेतुले ।
पिशाच-मन यो शान्त हुँदैन कहिले पनि ॥ ४ । ७

( भोगको इच्छाले गर्दा भृगुका छोरा संसारी भए भन्ने कुराको प्रसङ्गमा 'उनी कसरी संसारी भए ?' भनी रामले प्रश्न गर्नुभयो र वसिष्ठ भन्नुहुन्छ, 'पहिले मन्दराचलको टाकुरामा बसी ठूलो तपस्या गरेर भृगु समाधिमा बस्नुभयो । उनका छोरा शुक्र बाबुको सेवा गर्दथे, तर एक दिन उनले आकाशको बाटोबाट जान लागेकी अप्सरालाई देखेर मुग्ध भए । त्यसपछि

---

१. चित्र बनाउने । २. तस्वीर । ३. देख्ने । ४. अनुभव भएको । ५. कारण र कार्य छ भन्ने भाव । ६ कल्पना गरिएको झूटो । ७. आदि मध्य र अन्त नभएको । ८. जगद्रूपी भूल अर्थात् नभएको वस्तु देखिनुलाई विवर्त भन्छन् । ९. चैतन्य नै आकाश । १०. हुँदैनहुनु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



उनले मनोराज्य गर्न थाले। उनी स्वर्गमा पुगे। इन्द्रले उनको सत्कार गरे। त्यसपछि उनी अप्सराहरूलाई हेर्न गए। उही विश्वाचो अप्सरालाई उनले देखे। त्यसपछि गान्धर्व विवाह भयो। त्यही विश्वाचीसँग धेरै कालसम्म स्वर्गमा बसे अनि पुण्य सिद्धिएपछि पृथ्वीमा खसे। त्यसपछि धेरै योनिमा घुंदै तपस्वीका छोरा भएर समङ्गा महानदीको तीरमा तपस्या गरिरहेका थिए। यही वेलामा यता एक हजार वर्ष पछि भृगुको समाधिबाट व्युत्थान भयो। उहाँले आफ्नो छोराको कङ्काल देखनुभयो। उहाँलाई कालदेखि रिस उठ्यो अनि काललाई सराप दिन तयार हुनुभयो। त्यही वेला काल पनि आधिभौतिक रूप लिएर आउनुभयो अनि भृगुलाई भन्नुहुन्छ :—

जो म डढ्दिनँ त्यो वल्दो [१]कल्प-काल-महा-ग्निले।
शापले कसरी डढ्छु सित्तैं तप न नास्नुहोस्॥ १०। २६

संसारका ताँति खाएँ करोडौं रुद्र नै निलें।
बथान विष्णुका खाएँ सकदैनौं गर्न हामि के? १०। २७

हामी हे मुनि [२]भोक्ता हौं तपाइँहरु [३]भोजन।
यो हो [४]नियति नै खास हाम्रो इच्छा त होइन॥ १०। २८

कहाँ ज्ञानमयी दृष्टि महत्त्व अनि धीरता।
प्रसिद्ध बाटो यो नै हो अन्धो झैं किन मोह यो? १०। ४०

मन जीवनले जीव गर्दा निश्चय बुद्धि भो।
मपाइँले अहङ्कार आफै धेरै उ बन्दछ॥ १०। ४८

( काल भन्नुहुन्छ, 'हे भृगुमुनि, पुण्य-क्षय हुँदा स्वर्गबाट खसेपछि तपाईका छोरा ब्राह्मण, राजा, माझी, हाँस, विद्याधर, किरात, सामन्त, गधा, बाँस, मृग, सर्प, कालिज, इत्यादि योनिमा घुमी ऐले समङ्गाको तीरमा ब्राह्मणको जन्म भई

---

१. प्रलयको ठूलो आगोले। २. खाने। ३. खाइने कुरा। ४. मायाको शक्ति।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तपस्या गरिरहेका छन् ।' इत्यादि वचन सुनी भृगुले ध्यानदृष्टिले हेर्नु भयो अनि कालसँग क्षमाको प्रार्थना गर्नु भयो । तब काल भन्नुहुन्छ :—

मन नै रच्छ आकार गरी 'संकल्प अद्भुत ।
रचेको नास्छ छिनमै वच्चाले ख्याक झैं [1]असत् ॥ ११ । २०

संपूर्ण यो ब्रह्म नै हो जगत् केवल ब्रह्म हो ।
यो भावना पार दृढै छोड सारा अरू कुरा ॥ ११ । ४६

सानो सानो भावनाको दिक्दारीले [2]वशीकृत ।
दुब्लो दुःखी मूर्ख म छु भन्दै डुब्दछ दुःखमा ॥ ११ । ७६

जो हो हाड र मासूको [3]संघातै [4]पाञ्चभौतिक ।
त्यो हो विकल्प मनको देह होइन वास्तव ॥ १३ । ९

(त्यसपछि काल र भृगु समङ्गाको तीरमा जानुभयो । त्यहाँ समाधिमा रहेको भार्गवलाई देखाएर 'तपाईंका छोरा यिनै हुन्' भनी कालले भृगुलाई भन्नु भयो । समाधिबाट व्युत्थान भए पछि भार्गवले पनि भृगु र काललाई देख्नु भयो अनि 'तपाईंहरू को हुनुहुन्छ ?' भनी सोध्नुभयो । त्यसपछि 'तिमी मेरा छोरा हौ भनी भृगुले पूर्वजन्मको स्मरण गराउनुभयो । त्यो सुनेर भृगु-पुत्र भन्छन् :—

आरम्भ थाहा नहुने मायाशक्ति छ [5]ईशको ।
जसको वशले यस्तो जगत्—चक्र त चल्दछ ॥ १४ । ३७

गरेको छैन के मैले भोगेको छैन भोग के ?
देखेको छैन के फेरि लिँदा वृत्ति [6]शुभाऽशुभ ॥ १४ । ४२

---

१. नभएको । २. वश गरिएको । ३. जमात । ४. आकाश, वायु, तेज, जल, पृथ्वी यी पाँच महाभूतले बनेको । ५. ईश्वरको । ६. असल र नअसल ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जान्नुपर्ने कुरा जाने देख्नुपर्ने त देखियो ।
थाके गर्दछु विश्राम मेरो सारा गयो [१]भ्रम ॥ १४ । ४२

( त्यसपछि तीनै जना मन्दराचलमा आउनुभयो । आफ्नो कंकाल देखेर भार्गवलाइ खेद आयो । अनि 'त्यो शरीरमा पस्नुहोस्, यही शरीरले दैत्यहरूको गुरु भएर रहनुहोस् ।' इत्यादि भार्गवलाई भनी काल जानुभयो । छोरा त्यो शरीरमा पस्नासाथ भृगुले कमण्डलुको जल छर्कनुभयो । उत्तिखेरि नै शरीर पहिले जस्तै पुष्ट भयो ।' इत्यादि कथा टुंग्याएर वसिष्ठ भन्नुहुन्छ :—

व्यवहार स्वप्नको त्यो [२]संकल्प-पुरको पनि ।
देखिँदैनन् भिन्न जस्तो त्यस्तै हो विपना पनि ॥ १७ । १०

देखिन्छ [३]प्रतिभासैले हेरेमा वस्तु छैन क्यै ।
यो जगत् हो स्वप्न लामो बन्धनै चित्त-हात्तिको ॥ १७ । १८

हो वासना-नाश त चित्त-शुद्धि संवेदनै छैन छ एकरूप ।
[४]चिन्मात्रको लाभ हुँदा [५]प्रबुद्ध भई [६]परात्मासँग एक हुन्छ ॥ १७ । ३१

जस्तो [७]देहोपयोगी नै ओखती दिन्छ [८]स्वस्थता ।
त्यस्तै [९]इन्द्रिय - जयले विवेक सफले हुने ॥ १८ । ६६

[१०]चित्रामृतै ता अमृतै हुँदैन तस्वीरको अग्नि त हैन अग्नि ।
त्यो चित्रको होइन काम लाग्ने के काम लाग्थ्यो मुखको विवेक ॥ १८ । ६९

जस्तो जस्तो यत्न गर्छ जीवले [११]स्वात्मसिद्धिमा ।
त्यस्तै त्यस्तै छिटै हुन्छ [१२]उपासन-क्रमसित ॥ १९ । ४

---

१ भूल । २. मनको कल्पनाको । ३. आभासले । (भानले) । ४. चैतन्य मात्रको । ५. ज्ञानी । ६. परमात्मा । ७. शरीरको अनुकूल । ८. स्वास्थ्य (आराम) । ९. इन्द्रिय जित्नाले । १०. तस्वीरको अमृत । ११. आफ्नो आत्माको सिद्धिमा । १२. आराधना ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



राम भन्नुहुन्छ :—

जसभन्दा अरू छैन न होला न भयो पनि।
त्यो ब्रह्ममा यो जगत्‌को कलंक कसरी भयो? २१।३

वसिष्ठ भन्नुहुन्छ :—

सिद्धान्त—कालमा यस्तो प्रश्न गर्न सुहाउँछ।
[१] मयूर—वाणी वर्षामा शरद्‌मा [२] हंस-शब्द झैं॥ २१।८
सिंह रित्तो भकारीमा छ भन्दा डर मान्नु झैं।
शून्ये शरीरमा भित्र बाँधिएको छु ठान्नु हो॥ २१।५०
फल पाई निर्मलीको पानी स्वच्छ भए सरि।
[३]विज्ञान—वशंले बन्छ [४] स्वभाव त प्रसन्न नै॥ २२।८
विचार—द्वारा आत्माको [५]साक्षात्कारी [६]प्रबुद्धको।
दया--पात्र यहाँ हुन्छन् ब्रह्मा विष्णु, र शंकर॥ २२।१६
म को हुँ यो जगत् के हो यस्तो भित्र जहाँतक।
विचार्दैनौ त्यहाँ सम्म संसारी अन्धकार छ॥ २२।२२
आफ़ूलाई अरूलाई सारा [७]चिद्-ज्योति हो भनी।
[८]अभेद--दृष्टिले हेर्ने विचारी हो त्यही जन॥ २२।२७
धागोमा मणिका दाना जस्तै मैमा छ यो जगत्।
म चित्त ता हैन भनी जो बुझ्छ त्यै छ बुद्धिमान्॥ २२।३१
जानेर नै भोगिएको भोगले तुष्टि ल्याउँछ।
जानिएको चोर पनि मित्र जस्तै सुखै दिने॥ २३।४१

---

१. मयूरको बोली। २. हाँसको अवाज। ३. अनुभवले। ४. मन ५. साक्षात्कार भएका। ६. ज्ञानीको। ७. चैतन्य–प्रकाश। ८. एक हो भन्ने विचारले।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हातले हात माडेर दाह्रा कीटेर या त होस् ।
थिचेर अंगले अंग जितोस् पैले मनै कन ॥ २३ । ५८

घेरै हिलो लिप्सिएको मनरूपी छ जो मणि ।
विवेक –रूप पानीले परवाली शुद्ध पार त्यो ॥ २४ । १५

ज्यादै विवेक त गरी सत्य हेरेर बुद्धिले ।
जिती ती इन्द्रियै शत्रु तर संसार—सागर ॥ २४ । १८

म यो हुं भन्ने जडभावलाई सद् - बुद्धिको निश्चयले हटाई ।
अर्को महान् आत्मपदै समाई यो भोग भोगे पनि बाँधिदैनौ ॥ २४ । २१

( दाम, व्याल र कटको न्याय नलिनू, भन्नुभयो, तर यो सबै खुलस्त सँग भन्नुहोस् भनी रामले सोधेपछि वसिष्ठ भन्नुहुन्छ; 'पहिलं पातालमा शम्बर भन्ने दैत्य थियो । त्यसको फौजलाई छिद्र पाएर देवताहरूले मारे । घेरै पटक यसरी आफ्नो फौजको नाश भएको देखी शम्बरले मायाद्वारा दाम, व्याल, कट भन्ने तीन दैत्यको सृष्टि गर्‍यो । पूर्वजन्म नभएकोले उनीहरूको वासना थिएन । उनीहरूलाई जीवन, मरण, जय, अजय इत्यादिको भावना उठ्दैनथ्यो । अनि शम्बरलें तिनलाई अगि लगाएर फौज पठायो । त्यसपछि देवता र दानवको ठूलो लडाइँ भयो । हारेका देवताहरूले ब्रह्माकहाँ गएर प्रार्थना गरे, 'अनि ब्रह्मालें भन्नुभयो, 'लाख वर्ष पछि शम्बर मर्छ । त्यहाँसम्म काल पर्खेर बस । युद्धको अभ्यासले जब यी दाम, व्याल, कटहरूमा अहंकारको उदय हुन्छ, अनि मात्र यी मर्दछन् ।' ब्रह्मा फेरि भन्नुहुन्छ :—

[1]वासना—तन्तुले [2]बद्ध [3]आशापाश—वशीकृत ।
जनलाई जित्न सकछौ बाँधिएका चरासरि ॥ २७ । १८

छैनन् आसक्त सर्वत्र वासना—हीन धीर जो ।
खुशी हुन्नन् रिसाउन्नन् ती हुन् [4]दुर्जय बुद्धिमान् ॥ २७ । १९

---

१. वासनारूपी धागोले । २. बाँधिएको । ३. आशाको पाशोले वश परेको । ४. जित्न कठिन हुने ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



म हुँ यो यी त मेरा छन् यस्तो गर्ने [१]कुकल्पना।
व्यक्ति पर्दछ आपत्मा अन्धो खाडलमा सरि॥ २७। २१

धीर घेरै शास्त्र जान्ने कुलीनै त भए पनि।
प्राणी बाँधिन्छ तृष्णाले सिक्रीले सिंह नै सरि॥ २७। ३२

( पछि ब्रह्माका आदेश मुताविक नाना किसिमबाट लडाइँ गर्दा गर्दा दाम, व्याल, कटहरूमा अहंकार आयो, अनि उनीहरूलाई देवताहरूले मारे भनी कथा हुङ्ग्याएर वशिष्ठ भन्नुहुन्छ :—)

ब्रह्म सारा जगत् भन्नु मूर्खलाई हुँदैन है।
तपस्या-भक्तिले हीन के बुझ्थ्यो ज्ञानको कुरा॥ ३१। २४

ठूलो आपत्ति आएमा नजानू [२]क्रम छोड्दिई।
क्रम छोडी अमृत नै प्यूँदा राहु त काटिया॥ ३२। ३९

जस्को सन्तोष गुणमा शास्त्रमा पनि राग छ।
सत्यका अंबलो जो छन् तो हुन् नर अरू पशु॥ ३२। ४२

सिद्धि पाउन्न को धीर चल्दा शास्त्रमुताबिक।
[३]यथाशास्त्रै चले सिद्धि हुन्छ छोड हतार ता॥ ३२। ४९

सङ्गै बिना सज्जनको तार्न संसार-सागर!
तपस्या, तीर्थ, औ शास्त्र सक्दैनन् कहिले पनि॥ ३३। १४

लोभ मोहहरू जस्का दिन्दिनै घट्तछन् भने।
त्यो स्वकर्म यथाशास्त्र गर्ने हो खास सज्जन॥ ३३। १५

अहंकारै अंकुर हो [४]अक्षयो [५]जन्मवृक्षको।
यो मेरो भन्नु ता त्यस्का हांगा हुन् [६]कुफलै दिने॥ ३३। ३७

---

१. खराब कल्पना। २ सन्मार्ग ( असल आचार )। ३. शास्त्रमुताबिक। ४. नाश नहुने। ५. जन्मरूपी रूखको। ६. खराब फल।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



[१]अहंकार-पिशाचैले पक्रियो जो [२]नराधम ।
न शास्त्रैले न मन्त्रैले त्यसले शान्ति पाउँछ ॥ ३३ । ४१

राम भन्नुहुन्छ :—

भगवान् के उपायैले अहंकार हराउँछ ।
[३]संसार-भय नास्ने त्यो मलाई भन्नुहोस् यहाँ ॥ ३३ । ४२

वसिष्ठ भन्नुहुन्छ :—

[४]स्वच्छ चैतन्य - ऐनामा आफू स्थित भए यहाँ ।
[५]अनुसन्धान त्यै गर्दा अहंकार हराउँछ ॥ ३२ । ४३
यो हो चटक झूटो नै स्नेह वैराग्य के अनि ?
अनुसन्धान यै गर्दा अहंकार हराउँछ ॥ ३३ । ४४

राम भन्नुहुन्छ :—

आकार यसको कस्तो छोडिन्छ कसरी प्रभु ?
शरीरी हो कि या हैन यो छोडेपछि हुन्छ के ? ३३ । ४८

वसिष्ठ भन्नुहुन्छ :—

तीन प्रकारको छ त्यो अहंकार [६]त्रिलोकमा ।
दुइ हुन् श्रेष्ठ तिनमा तेस्रो ता त्याग्न योग्य छ ॥ ३३ । ४९
म नै सारा विश्व यो हुँ परमात्मा म [७]अच्युत ।
अरू केही छैन भन्ने यो अहंकार उत्तम ॥ ३३ । ५०
सारा देखिन् अलग हुँ अत्यन्तै सूक्ष्म नै म हुँ ।
यस्तो ज्ञानमयै बेस अहंकार द्वितीय हो ॥ ३३ । ५१

---

१. अहंकार रूपी पिशाचले । २. अधम मान्छे । ३. संसारको डर ।
४. शुद्ध । ५. खोज । ६. तीन लोकमा । ७. कहिले पनि नचुक्ने ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हात खुट्टा आदि हुने हुँ शरीर म यो भने ।
अहंकार त तेस्रो हो ज्यादै तुच्छ र लौकिक ॥ ३३ । ५३

अगाडिका दुइ थरी अहंकार लिईकन ।
त्याग्नू तेस्रो अहंकार [1]दुःखदायी र लौकिक ॥ ३३ । ५९

वासनाले बद्ध हुन्छ मुक्त [2]निर्वासनै भए ।
यसैले वासना छोड [3]विवेक-बलले छिटो ॥ ३४ । २७

सत्य आत्मालाइ हेरे वासना त बिलाउँछ ।
वासना नभए चित्त मछँ [4]निस्तैल दीप झैं ॥ ३४ । २८

---

१. दुःख दिने । २. वासनाले रहित । ३. विवेकको बलले । ४. तेल सिद्धिएको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



# दोस्त्रो सर्ग

वशिष्ठ भन्नुहुन्छ :—

सारा उपद्रवै गर्ने यस्तो संसार—दुःखको।
नास्ने उपाय यौटै छ रोक्नू आफ्नो सँदै मन ॥ ३५ । २
सुनियोस् [१]ज्ञानसर्वस्व धारणा गरियोस् अनि।
[२]भोगेच्छा मात्र हो बन्ध त्यसको त्याग मोक्ष हो ॥ ३५ । ३
के अरू शास्त्रले हुन्छ गर्नुहोस् यत्ति मात्र नै।
जो जो छ मनको प्यारो त्यो ठान्नोस् [३]विषवह्नि झैं ॥ ३५ । ४
व्यापकै पनि आकाश हुँदा सूक्ष्म नपक्रिने।
त्यस्तै व्यापक चैतन्य भए पनि नदेखिने ॥ ३६ । ३
रकसो खाँदा आफु पनि अर्कै झैं भान हुन्छ रे।
त्यस्तै स्वरूप भुल्नाले आत्मा हुन्छ अनात्म झैं ॥ ३७ । ५
शब्द, रूप, स्पर्श, रस जो द्वारा जान्दछौ तिमी।
त्यही आत्मा परब्रह्म छाइएको छ विश्वमा ॥ ३७ । ७
पैले [४]शमादि गुणले शिष्यलाई सधाउनू।
पछी सबै ब्रह्म यो हो हौ तिमी शुद्ध भन्दिनू ॥ ३९ । २३

१. ज्ञानको सर्वस्व । २. भोगको इच्छा । ३. विषको आगो । ५. शम अर्थात् मनको शान्ति आदि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अधकल्चो [१]अज्ञलाई सारा ब्रह्म भनी भने ।
ठूला नरकमा त्यल्ले शिष्यलाई धकेल्दछ ॥ ३९ । २४

बुझेर भोगको इच्छा त्यागने सज्जनलाइ नै ।
[२]अविद्या—मल नै छेन भन्नु योग्य ठहर्दछ ॥ ३९ । २५

शिष्यको जाँच नगरी उपदेश दिने गुरु ।
आफैं नरकमा पर्छ म्हाप्रलय नै तक ॥ ३९ । २५

हे राम ! यस्ती माया यो नाशिँदा हर्ष नै दिने ।
स्वभाव यस्को देखिन्न हेर्नासाथ विलाउँछे ॥ ४१ । १५

नहेरेमा त चंत्रन्छे हेर्नासाथ हराउँछे ।
यो [३]माया—रूप नबुझे वेसरो झल्झलाउँछे ॥ ४१ । १७

छैन यो ता वास्तवमा भन्ने नै भावना बढे ।
जान्नुपर्ने कुरा जानी यस्को आशय बुझ्दछौ ॥ ४१ । २०

माया आई कहाँबाट भन्ने चिन्तन छोड्दिनू ।
यल्लाई कसरी मारूँ भन्ने मात्र विचार होस् ॥ ४१ । ३२

[४]चिन्ताग्निले डढेको यो हत [५]काम—तरङ्गले ।
[६]कोपाजगरले भुक्त भुल्ने [७]आत्मपितामह ॥ ४२ । ४५

चित्तको गर उद्धार हिलोबाट गजै सरि ।
[८]अनास्थाले बगाएको दगुर्ने विषयैतिर ॥ ४२ । ५०

वेगैले शुभको तथा अशुभको आकार मंलो हुने
त्यो [९]वार्धक्य र मृत्युको जलनले पिल्स्याउँदा [१०]मूर्छित ।
त्यो बच्चासरि चित्तको झटपटै उद्धारका खातिर
जो गर्दैन उपाय त्यो [११]मनुजको आकार हो राक्षस ॥४२।५२

---

१. अज्ञानीलाई । २. अविद्यारूपी मल । ३. मायाको रूप । ४. चिन्तारूपी आगोले । ५. इच्छारूपी छालले । ६. रिसरूपी अजिगरले । ७. आत्मारूपी बाजेलाई । ८. तत्त्वको अनादरले ९. बुढ्याइँ । १० मूर्छा परेको । ११ मानिस ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



न मर्छ न त जन्मन्छ मर्त्य यो [1]परमार्थमा ।
सारा विश्व झुटा नै हो देखिन्छ तर भ्रान्तिले ॥ ४५ । १४

यो ठुटो हो पर्वत हो यस्तो [2]आडम्बर—भ्रम ।
मनको भावनाले नै [3]असत् देखिन्छ [4]सत्सरि ॥ ४५ । २२

पैले र पछि जो छैन छैन त्यो अहिले पनि ।
इच्छा गर्छ असत्को जो असत्ता त्यसकै हुने ॥ ४५ । ४५

हे राघव ! यसैले नै संसारी व्यवहारमा ।
[5]नष्टको छोड वास्ता नै लेऊ [6]प्राप्त कुराहरू ॥ ४६ । ७

[7]अप्राप्त भोगहरूको इच्छा छाड्नू [8]अकृत्रिम ।
प्राप्तको नै भोग गर्नु यो हो [9]पण्डित—लक्षण ॥ ४६ । ८

जस्को इच्छा या अनिच्छा छैन कर्म हुँदा पनि ।
बुद्धि त्यस्को लिप्त हुन्न पानीले [10]पद्म—पत्र झैं ॥ ४६ । १६

वासना—जलले पूर्ण यो संसार—समुद्रमा ।
[11]प्रज्ञा-नौका चढ्दछन् जो तर्छन् ती बुड्दछन् अरू ॥ ४६ । २२

[12]आधि र व्याधिले युक्त भोलि या आज नाशिने ।
देहतर्फै मूर्ख लाग्छन् सत् आत्मातर्फ होइन ॥ ४८ । ५

( दाशूरको कथा बताउनुहोस् भनी रामले भन्नुहुँदा वसिष्ठ भन्नुहुन्छ, 'मागध देशमा पुण्य पर्वतमा कदमको रूखमा बसेका दाशूर भन्ने तपस्वी हुनुहुन्थ्यो । बाबु शरलोमा मरेपछि दाशूर वनमा एकलै बस्न थाल्नुभयो । अनि दया

---

१. वास्तवमा । २. आडम्बर अर्थात् बाहिरो ढाँचाको भूल । ३. नभएको । ४. भएको जस्तै । ५. नाशिएका वस्तुको । ६. पाइएको । ७. नपाइएको । ८. बनावटी नभएको अर्थात् स्वाभाविक । ९. पण्डितको चिह्न । १० कमलको पात झैं । ११. बुद्धिरूपी नाउ । १२. मनको पीर ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



लागेर वनदेवीले संझाउनुभयो, 'हे ऋषिकुमार, संसारको चञ्चल स्वरूप के तिमीलाई थाहा छैन ? जन्मेपछि अवश्यै मर्नु पर्छ। इत्यादि। त्यसपछि रूखको अग्रभागमा बसेर दाशूर तपस्या गर्न लाग्नुभयो, पछि आफ्नो मासु काटेर अग्निमा होंन थाल्नुभयो। अनि ब्राह्मणको मासु नडढोस् भनी प्रत्यक्ष दर्शन दिई अग्निले वर माग भन्नुभयो। म रूखमा बस्न सकूँ भनी दाशूरले वर माग्नुभयो। त्यो वर पाएपछि कदमको रूखमा बसेर मनले दश वर्षसम्म यज्ञ गर्नुभयो।

पछि अगिल्तिर आएर उभिएकी वनदेवीलाई 'तिमी को हौं ?' भनी उहाँले सोध्दा उनले भनिन्, 'महान् व्यक्तिहरूसँग मागेपछि नपाइने कुरा छैन। म वनदेवीको सामाजिक उत्सवमा जाँदा उनीहरू सबै पुत्रसहित रहेछन्। म चाहि अपुत्रा भएको हुँदा दिक्क लाग्यो। मलाई पनि यौटा छोरा दिनुहोस्।' दाशूरलाई दया लाग्यो र हातमा रहेको एउटा फूल दिनुभयो र भन्नुभयो, 'लौ तिमी एक महीनापछि छोरा पाउनेछयौ' बाह्र वर्ष पछि उनले एउटा छोरा लिएर आइन् र भनिन्, 'यो हामी दुवैको छोरा हो। यसलाई अरू कला त मैले सिकाएँ तर ज्ञान सिकाएकी छैन। यसले फेरि संसार-चक्रमा पर्नु नपरोस्।' त्यसपछि तिनलाई विदा दिएर दाशूरले छोरालाई धेरै कुरा सिकाउनुभयो।

वसिष्ठ भन्नुहुन्छ :—त्यो वेला आकाशगङ्गामा नुहाएर फर्कन लाग्दा रातो त्यही दाशूरको रूखमा आइपुगें। त्यहाँ बाबुले छोरालाई भनेको खत्वको कथा सुनें, एकदेशमा खोत्थ भन्ने राजा थिए। सर्वत्र तिनको शासन थियो। तिनका तिनौटा शरीर थिए। ती नाना किसिमका कुरा फुराउँथे। कहिले आफूलाई दुःखी अज्ञानी ठान्थे, कैले जिन्दथे, कहिले हार्थे त्यसपछि छोराले भने, 'खोत्थ भन्ने त्यो को हो ?' दाशूरले भन्नुभयो, 'परमाकाशबाट पैदा भएको संकल्पलाई खोत्थ भन्छन्। त्यो आफैं जन्मन्छ र आफैं बिलाउँछ। ब्रह्मा, विष्णु र रुद्रहरू तिनैका अवयव हुन्। तिनले शून्य आकाशमा तीन जगत्-रूपी शहर बनाए। अहंकाररूपी वृक्ष बनाए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भकारीमा विराल्नो झैं खलाँतीमा त सर्प झैं।
मोती झैं बाँसमा हुन्छ अहंकार शरीरमा ॥ ५३ । २३
तमोगुणी त संकल्प स्वाभाविक प्रवृत्तिले।
परी नरकमा फेरि जन्मन्छ [१]कृमि कीट भै ॥ ५३ । ३४
सत्वरूपी त संकल्प लाग्दा धर्म र ज्ञानमा।
[२]कैवल्यको नजीकैको [३]स्वाराज्य पद पाउँछ ॥ ५३ । ३५
रजोगुणी त संकल्प लौकिक व्यवहारमा।
छोरा, स्त्रीमा मग्न भई घुंछ संसार-चक्रमा ॥ ५३ । ३६
यी तीनैथरिको रूप छोड्यो बिलकुलै भने।
संकल्पको नाश हुँदा पुग्छ त्यो परमै पद ॥ ५३ । ३७
हजार वर्ष नै सम्म कडा तप गरे पनि।
ढुङ्गामा ठक्करै खाई चूर्ण हुन्छौ भने पनि ॥ ५३ । ३९
उपदेश दिने ब्रह्मा या हुन् हरि र शङ्कर।
[४]अत्यन्त - करुणा-युक्त लोकनाथै भए पनि ॥ ५३ । ४१
बस पातालमा या त पृथ्वीमा स्वर्गमा पनि।
संकल्पको त्याग विना अर्को छैन उपाय क्यै ॥ ५३ । ४२

छोरा भन्छन् :—

पिता ! संकल्प कस्तो हो हुन्छ उत्पन्न के गरी ?
कसरी बढ्छ त्यो फेरि के गरेमा हराउँछ ? ५४ । १

---

१. साना साना कीरा । २. मोक्षको । ३. हिरण्यगर्भको पद । ४. ज्यादै दया भएको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



दाशूर भन्नुहुन्छ :—

[1]सत्तासामान्यरूपी त्यो शुद्ध चैतन्य तत्त्वको ।
[2]चेत्यतर्फ [3]उन्मुखता नै हो [4]संकल्प अँकुर ॥ ५४ । २

केही सत्ता त पाएर त्यही नै दृढता हुँदा ।
ढाकी चित्ताकाश सुस्त जडता लिन्छ मेघ झैं ॥ ५४ । ३

आफूदेखिन् भिन्न जस्तै चेत्यको भावना गरी ।
चैतन्य बन्छ संकल्प भए झै बीज अंकुर ॥ ५४ । ४

संकल्पले नै संकल्प आफैं उत्पन्न हुन्छ त्यो ।
फेरि बढ्दछ आफैं नै दुःखको निति केवल ॥ ५४ । ५

फूलको कोपिला माड्न वरु पर्ला परिश्रम ।
संकल्पको त्याग गर्न रत्ती हुन्न परिश्रम ॥ ५४ । १४

जस्तो चामलको भूस तामाको [5]कालिमा अनि ।
क्रियाले नै छुट्छ त्यस्तै जीवको मल कर्मले ॥ ५४ । ३७

( वसिष्ठ भन्नुहुन्छ, 'राती बाबु-छोराको त्यस्तो कुरा सुनेपछि म दाशूरको देखापरें । उनले अर्घ्य दिएर मेरो पूजा गरे । विचित्रका कुरा गर्दा गर्दै रात बित्यो । बिहान अमरनदीमा नुहाउन गएँ । हे राम, दाशूरको कथा यत्ति हो, अब अरू सुन्नुहोस् ) ।

तथापि भावना गर्न योग्य हुन्न पदार्थमा ।
घुंदा अगुल्टो, स्वप्नैमा, भ्रान्तिमा किन भावना ? ५६ । २१

रत्न [6]इच्छाहीन हुँदा पनि [7]आलोक आउँछ ।
त्यस्तै सत्ता मात्र हुँदा आत्माबाट जगत् हुने ॥ ५६ । ३०

---

१. शुद्ध चैतन्य । २. दृश्य । ३. उन्मुख हुनु । ४. संकल्पको अंकुर । ५. काला । ६. इच्छा नभएको । ७. उज्यालो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



[१]कर्तृत्व र [२]अकर्तृत्व आत्मामा छन् दुवै कुरा ।
अकर्ता हो [३]निरिच्छाले कर्ता [४]सामीप्य मात्रले ॥ ५६ । ३१
[५]सर्वव्यापी अकर्ता हुँ भन्ने भाव दृढै गरे ।
[६]प्रवाह-पतितै कार्य गर्दैमा लिप्त के हुने ? ॥ ५६ । ३४
या सबै मै गर्छु भनी महाकर्ता हुने पनि ।
इच्छा गर्छौ भने राम उत्तम स्थिति भन्दछन् ॥ ५६ । ३७
असिपत्र नरक हो शरीर म हुँ भन्नु ता ।
सर्वनाश हुनै आँटे पनि त्यो त्याग्नु यत्नले ॥ ५६ । ४६
बद्ध हो [७]वासना-बद्ध मोक्ष हो [८]वासनाक्षय ।
छोडेर वासना पैले [९]मोक्षेच्छा पनि छोडिद्यौ ॥ ५७ । १९
[१०]तामसी वासना पैले छोडी [११]विषय-वासित ।
मैत्री इत्यादि भावैका लेऊ निर्मल-वासना ॥ ५७ । २०
त्यल्लाई पनि छोडेर व्यवहार गरे पनि ।
भित्र छोडी सबै चेष्टा लेऊ [१२]चिन्मात्र-वासना ॥ ५७ । २१
मनले बुद्धिले युक्त त्यल्लाई पनि छोड्दिई ।
आत्मामा नै स्थित भई जेले छोड्दछ छोड त्यो ॥ ५७ । २२
समाधि अथवा कर्म गरोस् या न गरोस् पनि ।
तर आस्था हृदयले छोडेमा मुक्त हुन्छ नै ॥ ५७ । २६
सर्वत्र छन् पाँचभूत छैटौं केही नपाइने ।
रमाउला कहाँ धीर स्वर्ग, पातालमा पनि ॥ ५७ । ३६

---

१. गर्छु भन्ने पन । २. कर्तृत्व नहुनु । ३. इच्छा नहुनाले । ४. नजीक हुनाले मात्र । ५. सर्वत्र व्यापक । ६. प्रवाहले ल्याएको । ७. वासनाले बाँधिएको । ८. वासनाको नाश । ९. मोक्षको इच्छा । १०. तमोगुणी । ११. विषयले युक्त । १२. चैतन्यमात्रको वासना ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



( सुमेरु पर्वतमा अभ्यासद्वारा आत्मामा विश्रान्ति पाएपछि गद्‌गद भएर काच भन्नुहुन्छ :—

के गरूँ म कहाँ जाऊँ के लिऊँ त्याग के गरूँ ?
[1]कल्पान्तको [2]अब्धिले झैं आत्माले विश्व व्याप्त छ ॥ ५८ । ५

भित्र, बाहिर देहैको तलमाथि जहाँतहीं ।
यतै आत्मा उतै आत्मा अनात्मा छैन नै कहीं ॥ ५८ । ७

वसिष्ठ भन्नुहुन्छ :—

यता केश यता रक्त यही स्त्रीको शरीर हो ।
यसमा कुक्कुरै भुल्छन् भुल्दैनन् मानवैहरू ॥ ५९ । ३

[3]अज्ञको [4]तुष्टिका लागि जगत् स्थिर र सत्य छ ।
असत्य हो अस्थिर हो ज्ञानीका दृष्टिमा जगत् ॥ ५९ । ९

विचार गर्नू यत्नैले बुद्धिमान् सज्जनैसँग ।
नडुब्नू कर्ममा फेरि नवस्नू साथ दुष्टको ॥ ६१ । १३

संसारका वस्तु सारा देख्नू नाश हुने पनि ।
पछि लाग्नू सज्जनैको मेघको झैं मयूर ले ॥ ६१ । १४

अहंकार र देहैको संसारैको हटाउने ।
विचारको आश्रयले समातोस् सत्य वस्तु नै ॥ ६१ । १५

शरीर अस्थिरै जानी हेरोस् [5]चिन्मात्र वस्तु नै ।
मोतीको हारको भित्र रहेको [6]तन्तु मात्र झैं ॥ ६१ । १६

[7]घटाकाशहरू जस्तो भिन्न छैनन् यहाँ कुनै ।
त्यस्तै जीवहरू भिन्न हुँदैनन् [8]चित्स्वरूपमा ॥ ६१ । १९

---

१. प्रलयकालको । २. समुद्रले । ३. अज्ञानीको । ४ सन्तोष । ५. चैतन्य मात्र । ६. धागो । ७. घाग्रोभित्र रहेको आकाश ( खाली ठाउँ ) ८. चैतन्य स्वरूपमा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



[५]विचारवान् धीर शिष्य आफै नै पहिले गई।
ज्ञानवान् गुरुका साथ विचारै शास्त्रको गरोस्॥ ६२। १

बुद्धिमन्तहरू बाह्य लोकाचार गरे पनि।
[६]ज्ञान–नौका चढी तर्छन् सहजै [७]भवसागर॥ ६२। २

बस देहरहुन्जेल छोडी राग र द्वेष नै।
भित्र इच्छा सबै छोड लोकाचार गरे पनि॥ ६२। १०

पृथ्वीमा या स्वर्गमा या कहीँ त्यो वस्तु छैन है।
जो पाइन्न प्रयत्नैले गुणीको पुरुषार्थले॥ ६२। १८

धैर्यले ब्रह्मचर्यैले [८]वीर्य—वैराग्य—वेगले।
युक्तिले त विना इष्ट पाइँदैन कहीँ पनि॥ ६२। १९

॥ इति स्थिति-प्रकरण ॥

---

५. विचार गर्ने। ६. ज्ञानरूपी नाउ। ७. संसाररूपी समुद्र। ८. वीर्य र वैराग्यको वेगले।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# ५ उपशम-प्रकरण

## पहिलो सर्ग

**वसिष्ठ भन्नुहुन्छ :—**

लामो संसारमाया यो रजोगुणी तमोगुणी।
जनले हुन् अडयाएका खंबाले मराडपैसरि ॥ ५ । २

तिमी जस्ता सत्त्वगुणी मैत्री आदि गुणै हुने।
धीरले छोड्दछन् माया काँचुली सरि सर्पले ॥ ५ । ३

हे राम पहिले शास्त्र ठूलो वैराग्यले अनि।
त्यस्तै सज्जन—सङ्गले पवित्र मन पारियोस् ॥ ५ । १४

नजानिएको आत्माले दुःखको सिद्धि गर्दछ।
जानिएकोले त सँदै सुखशान्ति गराउँछ ॥ ५ । २३

आत्मा तथा जीव[1]उपाधिले पृथक् हो पानि झैं ताल र [2]पद्मपत्रको।
हातै उठाई यसरी म कुर्लिंदा सुन्दैन कोही पनि सत्य यो कुरा ॥५।२

छैन शोक छैन मोह न जन्म छ न जन्मवान्।
यहाँ जे छ त्यही नै छ छोड ताप तिनैथरी ॥ ५ । ४३

प्राप्त प्रारब्ध भोगेर त्यागी इच्छाहरू सब।
लिनु, त्यागनु पनी छोडी पर्यांक ताप तिनै थरी ॥ ५ । ५१

१. एउटा कुनै वस्तु अर्कोको संयोगले भिन्न रूपमा देखिनु, जस्तो उही चैत
अविद्यारूप उपाधिले जीव हुन्छ । २. कमलको पातको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पछिल्लो जन्म हो जस्को त्यसैको बुद्धिमा छिटो ।
पस्छ निर्मल त्यो विद्या मोती झैं बेस बाँसमा ॥ ६ । ८

त्यस्तालाई आर्यता र सौम्यता करुणा [१]ज्ञता ।
आदिले आश्रयै गछन् स्त्रीले अन्तःपुरै सरि ॥ ६ । ९

गर्दा सारा कामहरू लाभ या हानि नै हुँदा ।
लिएर समता जो त दिक्क हुन्नन् न हाँस्दछन् ॥ ६ । १०

क्रमैले गुरुको अर्ती - अनुसार चलेपछि ।
यै जन्ममा या त अर्को जन्ममा सिद्धि मिल्दछ ॥ ७ । ३

चित्त शुद्धै भैसकेको दोस्रो ता यहि जन्ममा ।
आकाशबाट फल झैं आफैं नै ज्ञान पाउँछ ॥ ७ । ४

( यही प्रसङ्गमा वसिष्ठ भन्नुहुन्छ, 'विदेहका राजा जनक वसन्तको समयमा बगैंचामा विहार गर्न जानुभएको थियो । त्यही वेलामा उहाँले अचानक तमालको झाङमा सिद्ध--गीता अर्थात् सिद्धहरूले आपसमा गरेको सत्सङ्ग सुन्नुभयो ।

पहिला सिद्ध भन्नुहुन्छ :—

[२]द्रष्टा र [३]दृश्य मिल्नाले बुद्धिमा हुन्छ जो सुख ।
त्यो हो [४]आत्मानन्द पूर्ण भनी गर्छु उपासना ॥ ८ । ९

दोस्रा सिद्ध भन्नुहुन्छ :—

दृश्य [५]दर्शन र द्रष्टा वासनासाथ छाड्दिई ।
पैले [६]भासित आत्माको गर्छु नित्य [७]उपासना ॥ ८ । १०

---

१ परोक्ष ज्ञान । २. देख्ने । ३. देखिने कुरा । ४. आत्माको आनन्द । ५. हेर्नु । ६. प्रकाशित अर्थात् प्रकाशरूप । ७. आराधना ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**तेस्रा सिद्ध भन्नुहुन्छ :—**

छ र छैन दुवैको नै बीचमा रहने सँदै ।
[1]प्रकाशक [2]प्रकाश्यैका आत्माको भक्ति गर्दछु ॥ ८ । ११

**चौथा सिद्ध भन्नुहुन्छ :—**

जस्मा सबै छ जस्को हो सब जस्बाट नै भयो ।
जस्ले छ सब जो यो हो भक्ति गर्छु ति सत्यको ॥ ८ । १२

**पाँचौं सिद्ध भन्नुहुन्छ :—**

[3]स शब्दान्त [4]हकारादि सारा आकारमा स्थित ।
हंसमन्त्र संदै जप्ने आत्माको भक्ति गर्दछु ॥ ८ । १३

**छैटौं सिद्ध भन्नुहुन्छ ।—**

छोडी हृदयका द्यौता जो जान्छन् अन्त बाहिर ।
हातको [5]कौस्तुभै छोडी चाहन्छन् अरु रत्न ती ॥ ८ । १४

**सातौ सिद्ध घन्नुहुन्छ ।—**

छोडेर आशा सारा नै पाइन्छ फल मोक्ष यो ।
यो आशा हो [6]विषलता उखेल्नू त्यसकै जरा ॥ ८ । १५

**आठौं सिद्ध भन्नुहुन्छ :—**

पदार्थमा छैन रस भन्ने बुझ्दा पनी जुन ।
[7]भोगतृष्णा गर्छ भने गधा त्यो हो [8]नराकृति ॥ ८ । १६

---

१. प्रकाश गर्ने । २. प्रकाशित गरिने वस्तु । ३. स अक्षर अन्त्यमा हुने । ४. ह अक्षर अगाडि हुने । ५. भगवान् विष्णुले छातीमा लगाउनुभएको उत्तम रत्न । ६. विषको लहरा । ७. भोगको तिर्सना । ८. मानिसको आकार भएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नवौं सिद्ध भन्नुहुन्छ :—

वारंवार उठेका यी इन्द्रियै शत्रुलाइ ता।
हानोस् [1]विवेकदण्डैले वज्रले [2]शैललाइ झैं ॥ ८ । १७
हातले हात माडेर दाह्रा कीटेर नै पनि।
अँठ्याई अङ्गले अङ्ग पैले आफ्नो जितोस् मन ॥

दशौं सिद्ध भन्नुहुन्छ :—

[3]उपशम—सुख पैले ल्याउनू यो पवित्र
अनि उपशमबाटै चीजमा चित्त जान्न।
अचल मन हुनेको रूपमा खास आफ्नो
स्थिति सहज हुने हो घेर नै बेरसम्म ॥

( यसपछि जनक राजा एकान्तमा गएर मनन गर्नु हुन्छ । ):—

असीम कालको केही अंग मात्र म बाँच्दछु।
त्यस्मा पनी गर्छु आशा धिक्कार छ मलाई ता ॥ ९ । ६
जीवनै भर यो राज्य पाए पनि हुने त के।
यो राज्य नभए फेरि किन दुःखी हुने यहाँ ॥ ९ । ७
डोरी विना बाँधिएँ म [4]कलङ्की छु हिलो विना।
हुँदा माथि पनी खस्छु आत्म-स्थिति कहाँ गयो ? ९ । १६
विलाए कोटियौं ब्रह्मा बिते [5]स्वर्ग—परंपरा।
बिते धूलोसरी राजा बाँच्नुमा राग यो किन ? ९ । २४
तलाउमा सारस झैं भोगै सकल चित्तमा।
फुर्दछन् भित्र खुल्दैन [6]आत्म-दृष्टि [7]अखण्डित ॥ ९ । ३०

---

१. विवेक रूपी लट्ठीले। २. पहाडलाई। ३. मन शान्त हुँदाको सुख।
४. कालो दाग लागेको। ५. स्वर्गका ताँतो। ६. म आत्मा हुँ भन्ने बुद्धि।
७. बीचमा नटुटेको।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बित्यो अज्ञानले बाल्य जवानी प्रेमले बित्यो।
बित्यो बुढ्याइँ चिन्ताले कैले के जड गर्दछ॥ ९।३६

साधारणै जन्तुहरू जन्मन्छन् मर्दछन् पनि।
पृथ्वी तिनैले छन् व्याप्त छन् [1]साधु-जन-दुर्लभ॥ ९।४३

बिउँझें बिउँझें ऐले देखें चोर मनैकन।
यसलाई यहाँ मार्छु सतायो यसले अति॥ ९।६०

मेरो शरीर [2]सक्रिय होस् या [3]निष्क्रिय नै पनि।
शुद्ध चैतन्य [4]सममा रहेकाको छ हानि के॥ १०।२३

[5]अप्राप्तलाई चाहन्नँ प्राप्तलाई म छोड्दिनँ।
स्थित छु स्वस्थ आत्मामा जो आनन्द छ होस् त्यही॥ १०।२४

वसिष्ठ रामलाई भन्नुहुन्छ :—

सुषुप्तिमा नपुग्दैमा राजा जनकको अनि।
सारा भावहरूबाट गयो [6]रागादि वासना॥ १२।१३

चिन्ता [7]भविष्यको छोडे बिर्सिए [8]भूतका कुरा।
[9]वर्तमान निमेषैमा पनि आयो प्रसन्नता॥ १२।१४

आफ्नै विचार—वशले राजा जनकले पद।
पाए पाउन योग्यै त्यो छैन अर्को उपायले॥ ५२।१५

गुरु शास्त्र र पुण्यैले पनि पाइन्न त्यो पद।
सत्सङ्गबाट उत्पन्न विचारैबाट मिल्छ जो॥ १२।१७

---

१. सज्जनहरू नपाइने। २. क्रिया गर्ने। ३. कुनै क्रिया नगर्ने। ४. एकनास। ५. नपाएको कुरा। ६. रागद्वेष इत्यादिको वासना। ७. पछिको। ८. बितेका। ९. अहिलेको।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



[1]शास्त्र-सज्जन—सङ्गैले [2]प्रज्ञा पैले बढाउनू ।
फलका लागि लहरा—लाई झैं [3]सेचनादिले ॥ १२ । २४

गरिन्छ जो यत्न धन बाहिरी त कमाउन ।
प्रज्ञा बढाउन त्यस्तै यत्न गर्नू निरन्तर ॥ १२ । २६

तरिन्छ प्रज्ञाबाटै यो घोर संसार—सागर ।
तरिन्न यो तपस्याले दानले तीर्थले पनि ॥ १२ । २९

संसारदेखि तर्नेमा शरणैं पुरुषार्थं हो ।
दैव छैन न कर्मैं हो न ता धन र बान्धव ॥ १३ । ८

हिँड्दा बस्दा र उभिँदा सुत्दा लड्दा र उफ्रँदा ।
यो जगत् हो झुटो भन्ने भित्र होस् दृढ निश्चय ॥ १३ । ३८

राग र द्वेषले [4]त्यक्त ढुङ्गा र सुनमा सम ।
संसार—वासना छोड्ने योगी योग्य कहाउँछ ॥ १३ । ४३

स्वभावैले जड मन [5]चित्कै आश्रय गर्दछ ।
बिरालो मासुको लोभी सिंहकै पछि लाग्दछ ॥ १३ । ४७

दृश्यले शून्य चैतन्य आत्मा ब्रह्म कहाउँछ ।
दृश्यले युक्त चैतन्य कलना पो कहाउँछ ॥ १३ । ५३

अतः शास्त्र—विचारैले दृढ वैराग्यले अनि ।
इन्द्रियै पनि रोकेर हटाओस् कलना [6]स्वयम् ॥ १३ । ५८

[7]विकल्प-रहितै चित्को सत्ता संकल्पले यदि ।
[8]कलङ्कितै हुन गए भनिन्छ कलना भनी ॥ १३ । ८२

---

१. शास्त्र र सज्जनको सँगतले । २. चैतन्याकार बुद्धि । ३. जल, मल हाल्नु इत्यादिले । ४. छोडिएको । ५. चैतन्यकै ६. आफैं । ७. विकल्प नभएको । ८. संकल्प भएको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हुँदां जडै [1]रूपहीन मरेको छ सँदै मन ।
मरेकोले लोक सारा मारिन्छन् गजबै छ यो ॥ १३ । १००

सृष्टि हो मूर्खहरूको छँदै छैन यहाँ मन ।
जो मनै जित्न सक्दैन त्यल्लाई उपदेश के ॥ १४ । १५

छन् दुःखमा मूर्ख भनी यहाँ केको छ खेद ए ।
दुःखकै निति जन्मन्छन् गधा औ मूर्ख नै पनि ॥ १३ । ११३

हेर कैयौं पशुहरू हरेक दिन नै यहाँ ।
बकरेले मारिदा छन् बिलौना यसमा छ के ॥ १४ । १७

समाते चित्तले [2]दृश्य पर्छौ बन्धनमा त्यसै ।
छोड्यौ भने दृश्यलाई मुक्त हुन्छौ सरासर ॥ १४ । ४६

शिवजी सहने सक्छन् दाह त्यो [3]प्रलयाग्निको ।
तर [4]तृष्णादिको दाह सक्तैनन् स्वप्न क्वै पनि ॥ १५ । ५

[5]संघात हुँ पदार्थैको यी मेरा जीवितै त हुन् ।
यी विना ता अड्दिनँ म हुन्नन् यी पनि मै विना ॥ १६ । ७

भित्र यस्तो निश्चय नै गर्दा पछि [6]विचारले ।
म होइन पदार्थैको यी मेरा होइनन् भनी ॥ १६ । ८

गर्ने क्रिया त लीलाले भित्र शीतल बुद्धिले ।
जो वासना-त्याग हुन्छ त्यो ता ध्येय भनिन्छ है ॥ १६ । ९

ब्रह्म सारा भनी बुझ्दै [7]वासना-क्षय जो गरी ।
[8]निर्ममैले देह छोड्दा ज्ञेय हो वासना-क्षय ॥ १६ । १०

---

१. रूप नभएको । २. विषय । ३. प्रलयकालको आगोको । ४. तिर्सना आदिको । ५. शरीर, इन्द्रिय, मन इत्यादिको जमात । ६. म ता अखण्ड चैतन्य मात्र रहेछु भन्ने बुद्धिले । ७. वासनाको नाश । ८. ममताले रहित भएको ज्ञानीले ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



छोडी अहंकारमयै वासना सजिलै सँग ।
ध्येय त्यागेर जो बस्छ जीवन्मुक्त कहिन्छ त्यो ॥ १६ । ११
जनकादि महात्मा ती जीवन्मुक्तहरू सब ।
ध्येय त्यो वासना त्याग गरी सहज बस्दछन् ॥ १६ । १३
ज्ञेय त्यो बासना-त्याग गरी [१]निर्वाणमा पुगी ।
विदेह-मुक्त सहजै हुन्छन् ब्रह्मस्वरूप नै ॥ १६ । १४
[२]सुषुप्त झैं [३]वृत्ति-विहीन बन्दा रहन्छ जो निश्चल जाग्रतैमा ।
चन्द्रै कला-पूर्ण-सरि प्रसन्न ती मुक्त भन्ने स्मृतिमा कहिन्छ ॥ १६ । २६
शिरदेखिन् पाउसम्म सृष्ट आमा र वाबुले ।
हुँ भन्ने निश्चयै यौटा बन्धनै हो [४]असत् हुंदा ॥ १७ । १४
पर सारा भावदेखिन् [५]रोमाग्रैदेखि सूक्ष्म हुँ ।
भन्ने निश्चय दोस्रो हो मोक्षका लागि साधुको ॥ १७ । १५
[६]जगत्-पदार्थंको आत्मा सारा नै हुं म [७]अक्षय ।
यस्तो तेस्रो निश्चयले मोक्ष नै हुन्छ राघव ॥ १७ । १६
म या जगत् सकल यो आकाशै सरि शून्य हो ।
भन्ने चौथो निश्चयले सहजै मोक्ष सिद्ध छ ॥ १७ । १७
हुँदा [८]अद्वैत सत्ता नैं अद्वैतै भावना गरी ।
[९]कर्ममा त द्वैत लिई [१०]द्वैताद्वैत यहाँ बन ॥ १७ । २९
सोधेमा ठीक नै भन्ने न सोधे [११]स्याणु झैं हुने ।
छोड्ने इच्छा या अनिच्छा जगतमा खिन्न हुन्न हैं ॥ १८ । ८
प्यारो बोली सबैलाई भन्ने चतुर [१२]उक्तिले ।
प्राणीको आशयै बुझ्ने जगत्मा गाडिदैंन हैं ॥ १८ । ९

---

१. मोक्षमा । २. निदाएको । ३. वृत्ति अर्थात् मनको परिणाम नभएको । ४. नभएको ५. रौंको टुप्पाभन्दा । ६. जगत्का वस्तुहरूको । ७. नाश नहुने । ८. दुइ नभएको अर्थात् एक । ९. वर्ण र आश्रमका मुताबिक काममा । १०. द्वैत र अद्वैत दुवै थरी । ११. ठुटो । १२. भनाइले ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सारा आशा भित्र छोड्ने विरागी [1]त्यक्त-वासन ।
सदाचारी बाहिर ता भई घुमफिरै गर ॥ १८ । १८

उदार र सदाचारी अरूको चाल मान्दिने ।
भित्र सारा कुरा त्याग्ने भई घुमफिरै गर ॥ १८ । १९

लिएर भित्र नैराश्य आशे झैं भइ बाहिर ।
भित्र ठन्डा बाहिर ता सन्तप्त झैं भई घुम ॥ १८ । २१

म एक आत्मतत्त्वै हुँ भन्ने बुद्धि भए तिमी ।
छुटेका छौ डरैदेखि तर्सन्छौ किन भ्रान्तिले ॥ १८ । ३५

[2]बन्धु नै नहुने तिम्रो बन्धुका सुख-दुःखले ।
होला संबन्ध के सित्तै बन्धुको सोच गर्दछौ ॥ १८ । ३६

दुःखी नहोऊ हे राम लौ न हौऊ सुखी पनि ।
[3]समता राख सर्वत्र परमात्मा छ व्यापक ॥ १८ । ४२

१. वासना छोडेको । २. दाजुभाइ या इष्टमित्र । ३. एकनास ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# दोस्रो सर्ग

( बाबु र आमा मरेपछि बिलौना गर्दै वनमा घुमिरहेका अर्ध-प्रबुद्ध भाई पावनलाई बाबुको दशक्रिया सिध्याएर आएका ज्ञानी दाज्यू पुण्यले संझाउनुहुन्छ :—

हे बाबु किन यो शोक गर्छौ [२]अन्धत्व-कारण।
[१]बाष्पधारा लिने घोर वर्षामा कमलै सरि॥ १९। २६

जगत्को भ्रममा यस्तो प्रपञ्च देख्दछौ यहाँ।
तर वास्तवमा छैन न मित्रै छन् न [३]बान्धव॥ १९। ३६

बाबु को हो को छ मित्र को आमा को छ बान्धव।
भ्रान्तिले यी त ल्याइन्छन् हुरीले जसरी धुलो॥ २०। १

[४]एकरूप रहेका ती व्यापकै आत्मदेवको।
यो बन्धु हो यो पराई भन्ने यो कलना किन? २०। ४

हाड मासु रगतको [५]संघातैबाट को म हुँ!
यस्तो विचार चित्तैले गर आफैं क्रमैसँग॥ २०। ५

तिमी यदि भए पैले बितेका पूर्वजन्ममा।
जो बन्धु बान्धव थिए सोच्दैनौ किन तीकन॥ २०। ८

आमा बाबु असंख्यै नै भए ती पूर्व-जन्ममा।
संसारीको हाल यै हो रूखका पातको सरी॥ २०। ३३

यसैले सुख-दुःखैको यहाँ [६]अवधि के छ र।
त्यसै हुँदा सबै छोडी [७]स्वच्छ नै स्थितिमा रहौं॥ २०। ३४

---

१. अन्धो हुनाको कारण। २. बाफको धारा या आँसु। ३. दाजुभाइ। ४. एकनास। ५. जमातबाट। ६. सीमा ( हद )।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



न दुःख छ न जन्मै छ न माता छन् न ता पिता।
हे बुद्धिमान् तिमी आत्मा हौ, यहाँ छैन क्यै अरू ॥ २० । ३८

( ती दुवै भाइ अन्त्यमा मुक्त भए भनी कथा टुंग्याएर वसिष्ठ भन्नुहुन्छ :—

अनगिन्ती यी तृष्णाको नाश गर्ने उपाय ता।
एउटा त्याग मात्रैं हो हैन यो [1]परिपालन ॥ २१ । ५

मन पूर्ण भए विश्व अमृतैंले भरिन्छ हैं।
जुत्ता लगाए पृथ्वी हो छालाले छाइएसरि ॥ २१ । १४

वैराग्यले पूर्णं हुन्छ मन यो हुन्न आसले।
आशाले ता हुन्छ रित्तो [2]शरद्ले झैं [3]सरोजल ॥ २१ । १५

चिन्तनैं वृत्ति हो चित्त आशाले उठिहाल्दछ।
तस्मात् आशा चित्त-वृत्ति छोडी निश्चिन्त नै बन ॥ २१ । २८

( धेरै वर्ष पातालमा राज्य गरेपछि वलि राजालाई वैराग्य आउँछ, अनि उहाँ मनन गर्नुहुन्छ :—

त्रैलोक्यलाई आश्चर्यं पार्ने भोग गराउने।
यो ठूलो राष्ट्रको सम्राट् भएर सुख के हुने ॥ २२ । २९

हो यो बालकको खेल फेरि यो [4]वस्तु-शून्य हो।
दुःख खोज्नेहरू व्यर्थैं खेल यो दोहन्याउँछन् ॥ २२ । ३९

( इत्यादि मनन गरी बाबु विरोचनसँग चित्त-विश्रान्ति हुने देश कुन हो ? भनी वलि राजाले सोद्धा विरोचन भन्नुहुन्छ, त्यस्तो एउटा देश छ जहाँ हजारौं त्रैलोक्य अटाउँछन्। त्यहाँका राजा सँदै मौनव्रत लिएर एकान्तमा रहनुहुन्छ।

---

१. पालन गर्नु। २. एक ऋतु ( असोज र कार्तिक ) ३. तलाउको पानी। ४. वस्तु न भएको।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मन्त्री चाहिँ सारा काम गर्छन् । मन्त्रीलाई जिते सारालाई जित्न सकिन्छ । बालकलाई जस्तै फुल्याएर मन्त्रीलाई जिते भने राजाको दर्शन पाउँछन् । फेरि राजाको दर्शन गर्न सक्यो भने मन्त्री वशमा परिहाल्छन् ः राजा हो आत्मा ः मन्त्री हो मन ः अनि मनलाई जित्ने युक्ति के हो ? भनी बलिले सोधे पछि विरोचन भन्नुहुन्छ ः—

सारा विषयको तर्फ [१]आस्था छोड [२]निरन्तर ।
यही नै चित्त जित्नामा ठूलो जुक्ती कहिन्छ है ॥ २४ । ४७

राग र द्वेषले हीन [३]क्रियाफल फलाउने ।
पुरुषार्थ विना बाबु पाइँदैन यहाँ शुभ ॥ २४ । २५

आत्मातिरै दृष्टि दिँदा वैराग्य विषय प्रति ।
दृढै हृदयमा हुन्छ लक्ष्मी कमलमा सरि ॥ २४ । ४३

दुइ भागै भोगतर्फ एक भाग त शास्त्रले ।
त्यत्ति नै गुरुसेवाले शुरुमा त बितोस् दिन ॥ २४ । ४५

[४]द्विभाग गुरुसेवाले एक भाग त भोगले ।
त्यत्ति [५]शास्त्रार्थ-चिन्ताले केही [६]व्युत्पन्नको बितोस् ॥ २४ । ४६

पूरा व्युत्पन्नको चाहिँ शास्त्र वैराग्यले दुइ ।
ध्यानले गुरुपूजाले दुइ भाग बितोस् दिन ॥ २४ । ४७

[७]श्रुति र [८]स्मृतिहरूका [९]उक्तिले अनि युक्तिले ।
शास्त्रार्थका विचारैले फुल्याओस् [१०]चित्तबालक ॥ २४ । ४९

विचार [११]भोगनिन्दाले भोगनिन्दा विचारले ।
आपसी सहयोगी छन् दुवै [१२]अब्धि र मेघ झैँ ॥ २४ । ६२

---

१. पत्यार या भर । २. सँधै ३. कामको फल । ४. दुइ भाग । ५ शास्त्रको विचारले । ६. दोस्रो भूमिकामा पुगेका व्यक्तिको । ७. वेद । ८. धर्मशास्त्र । ९. भनाइले । १० चित्त रूपी बालकलाई । ११ भोगको निन्दाले । १२. समुद्र ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भोगनिन्दा विचारै र [1]आत्मालोकहरू मिली ।
गर्छन् भलो आपसको मिलेका मित्र नै सरि ॥ २४ । ६३

मानिएको बान्धवले देशाचार—सुहाउँदो ।
पुरुषार्थ गरी पैले कमाओस् धन बेसरी ॥ २४ । ६५

गरोस् पूजा त्यो धनले गुणी सज्जन भव्यको ।
तिनको सङ्गले हट्छ भोगको [2]लालसा पनि ॥ २४ । ६६

सज्जनैको संगतले भोगनिन्दा बढाउँछ ।
विचार हुन्छ त्यसले ज्ञान औ [3]शास्त्र-संग्रह ॥ २४ । ६७

( बावु विरोचनले अगि भनेका यस्ता उपदेश संझिएर बलि राजा फेरि मनमनै भन्नुहुन्छ । ) ।—

यतिको समयै सम्म म भएँ बालकै सरि ।
द्योता सँग द्वेष गरें तुच्छ इच्छा लिएर जो ॥ २५ । १२

तृष्णा तरेका व्यक्तिका लागि के हो र यो जगत् ।
म अज्ञलें त्यो गरिनँ [4]पश्चात्ताप बढाउन ॥ २५ । १८

के हो यो को त आत्मा हो त्यल्लाई देखुँ के गरी ।
यस्तो गुरुसँगै सोध्छु अज्ञान त हटाउन ॥ २५ । १८

( गुरु शुक्राचार्य आउनुभएपछि बलि सोध्नुहुन्छ : ) ।—

कति हो यो भोगजाल यस्को प्रकृति फेरि के ।
म को हुँ औ तपाइँ को के हुन् लोक बताउनोस् ॥ २६ । ९

शुक्राचार्य भन्नुहुन्छ :—

चित् यहाँ छ छ चिन्मात्र चिन्मयै हो सबै जगत् ।
चित् हौं हामी दुवै फेरि यी लोक पनि हुन् चितै ॥ २६ । ११

---

१ आत्माको दर्शन । २. इच्छा । ३. सारा शास्त्रको अद्वितीय ब्रह्ममा तात्पर्य हो भन्ने निर्णय । ४. पछुतो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तिमी योग्य भए यस्तै निधोलें सब पाउँछौ ।
नत्र भन्दा पनी धेरै होमे झैं हुन्छ [१]भस्ममा ॥ २६ । १२

[२]चेत्यै चिताउँदा बन्ध छोडेमा चेत्य मुक्ति हो ।
चित् नै हो सबको आत्मा चेत्यले रहितै भए ॥ २६ । १३

( शुक्राचार्य गएपछि बलि मनन गर्नु हुन्छ । ) :—

यो जगत् हो भनी [३]चित्ले नचिताइदिए यदि ।
जगत्को सिद्धि कसरी होला आकाशको पनि ॥ २७ । ७

ठूलो शरीर यदि यो चित्ले त नचिताइदे ।
[४]शरीरीको शरीरैको [५]शरीरत्व कहाँ हुने ? २७ । ८

चित्ले चिताउँदा द्वेष द्वेष मानिन्छ नत्र ता ।
हुन्न द्वेष त्यसैले हुन् द्वेष आदि [६]चिदात्मक ॥ २७ । १५

[७]चेत्यको रङ्ग नलिने महात्मा मुक्त सर्वदा ।
आत्मचैतन्यरूपैका स्वरूपैमा प्रणाम छ ॥ २७ । २२

[८]चिद्रूप [९]चेत्य-रहित युक्त उत्तम युक्तिले ।
सारा प्रकाशितै गर्ने मलाई नै प्रणाम छ ॥ २७ । २३

( धेरै समय सम्म समाधि गरेर व्यूँझेका बलि भन्नुहुन्छ । ) :—

कोबाट मोक्षको इच्छा केले बाँध्यो मलाइ र ?
न बाँधिँदै छुटूँ भन्ने के यो हो चाल [१०]बालको ? २९ । १०

न बन्ध छ न मोक्षै छ मूर्खताको क्षयै भयो ।
ध्यानले के हुने मेरो फेरि ध्यान - विलासले ॥ २९ । ११

---

१. खरानीमा । २. विषय : ३. चैतन्यले । ४. शरीर-धारीको । ५. शरीर-को पन । ६. चैतन्यरूप । ७. चिताइने विषयको । ८. चैतन्यरूप । ९. चिताइने दृश्यले रहित । १०. बालकको ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



[१]अध्यानैको र ध्यानैको भ्रम छोडी स्थितै भए।
जो आउँदछ त्यो आओस् लाभ छैन न नाश छ ॥ २९ । १२
न मरेँ न त ज्यूँदो छु म न सत् हुँ न ता असत्।
यो छैन मेरो न अरू हो मलाई प्रणाम छ ॥ २९ । १५
मेरो [२]कर्तव्य क्यै छैन भने ऐले यहाँ यदि।
नगर्नु किन मैले यी केही [३]प्रकृत कर्म ता ॥ २९ । १८

---

१. ध्यान नगर्नुको । २. गर्नुपर्ने काम । ३. राज्यको पालन आदि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# तेस्रो सर्ग

( श्री भगवान् नृसिंहावतारबाट बाबु हिरण्यकशिपु मरे पछि मनमनै प्रह्लाद भन्नुहुन्छ । ) :—

[१]सर्वात्मरूपले फेरि सारा बुद्धि र कर्मले।
तिनै हरि शरण छन् अर्को छैन यहाँ गति ॥ ३१ । ३५

यही निमेषदेखिन् नै तिनै देव नृसिंहको।
साँच्चै शरणमा पर्छु म हुँ नारायणमय ॥ ३१ । ३७

जो विष्णु खास नभईकन विष्णुलाइ
पूजा त गर्दछ भने फल पाउँदैन ॥
भै विष्णु नै हृदयमा गर विष्णु-पूजा
चैतन्य व्यापक यिनै म हुँ भिन्न छैन ॥ ३१ । ४०

[२]त्रिभुवन—भवनैका [३]कोश जस्ता भएका
[४]जन—सकल—कलङ्की हर्दिने दिव्य ज्योति ॥
शरण अशरणैका [५]ईश ज्यादै शरण्य
हरघडि शरणैमा पर्छु ती ईश्वरैको ॥ ३३ । १९

( प्रह्लादले गरेको स्तुतिबाट प्रसन्न भएका भगवान् विष्णुले मनपरेको वर माग भन्नुभए पछि प्रह्लाद विन्ती गर्नुहुन्छ ) :—

[६]संकल्प—फलका दाता संपूर्ण लोकमा स्थित।
हे प्रभो त्यो वरै बक्स्योस् सबैभन्दा छ श्रेष्ठ जो ॥ ३४ । २

---

१. साराको आत्मरूपले। २. त्रिभुवनरूपी घरका। ३. ढुकुटी। ४. जनको भित्र र वाहिरका सारा कलङ्क। ५. ईश्वर। ६. संकल्पको फल।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



( सारा भ्रमको नाश हुने ब्रह्म—विश्रान्ति सम्मको विचार तिमीलाई आओस् भन्नै वर दिई भगवान् विष्णु अन्तर्धान हुनुभएपछि प्रह्लादजी मनन गर्नु हुन्छ ) :—

म हुँ को यो भुवनमा जो बोल्दछु र हिँड्दछु।
उभिन्छु अनि यत्नैले सारा विषय भोग्दछु॥ ३४। ८

ममताले हीन शान्त छुटेको इन्द्रियभ्रम।
कलनाले रहित त्यो शुद्ध चेतन नै म हुँ॥ ३४। १६

यही चेतनले गर्दा सारा [1]घट—पटैहरू।
सूर्यसम्मन् [2]भासित छन् चंकिलो बत्तिले सरी॥ ३४। १८

यिनै चैतन्य त हुँदा फुर्छन् [3]इन्द्रियवृत्ति यी।
[4]ग्रीष्मले [5]मरु भूमिमा [6]मृगतृष्णा फुरे सरि॥ ३४। २

[7]चित् [8]चेत्य, [9]द्रष्टा [10]दृश्यादि नामले रहितै हुने।
सदा स्वयंप्रकाशै ती मलाई नै प्रणाम छ॥ ३४। २

इच्छा तथा द्वेषबाट उब्जेको सुख-दुःखले।
मनुष्य नै हुन गए कीरा झैं भइँभित्रका॥ ३४। १०

साक्षी ज्यादै सुलभ छन् सकिन्छन् जित्न बन्धु झैं।
सारा [11]शरीर—पद्मैका भमरासरि छन् जुन॥ ३५। १

नचिच्याए नबोलाए पनि मिल्छन् शरीरमै।
फेरि ती संझनासाथ हुन्छन् सन्मुख त्यै छिन॥ ३५। १

१. गाग्रा र कपडाहरू। २. प्रकाशित। ३ इन्द्रियका वृत्ति। ४. गर्मीले ५. पानी नभएको बलौटो जमीन। ६. मरूभूमिमा घाम लाग्दा देखिने झूटो जलको भ्रान्ति। ७. चैतन्य। ८. चिताइने विषय। ९. देख्ने। १०. देखिने विषय। ११ शरीररूपी कमलका।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बास्ना जस्तै फूलभित्र तिलमा तेल झैँ गरी।
माधुर्यं जस्तै रसमा आत्मा छन् यै शरीरमा ॥ ३५ । १४

नगर्नाले विचारै यी हृदयैमा भए पनि।
चिनिन्नन् चिरकालैमा भेटिएको त बन्धु झैँ ॥ ३५ । १५

वासनाहरू जाऊन् या आऊन् या भित्र चित्तमा।
म छैन तिनमा त्यस्तै मेरा हैनन् कुनै पनि ॥ ३५ । ४०

स्तुतिले र प्रणामैले प्रार्थनाले [1]शमादिले।
पाएँ यी भगवान् आत्मा गरेँ छर्लङ्ग दर्शन ॥ ३५ । ४९

मे[2]घाहङ्कार पन्छेको [3]आशा–ताप हटाउने।
[4]आनन्द–पर्वतै शान्त मलाई नै प्रणाम छ ॥ ३५ । ६८

सँदै उदाउने शान्त भित्री अन्धेर हर्दिने।
व्यापकै पनि [5]अदृश्य [6]चित्–सूर्यैमा प्रणाम छ ॥ ३५ । ७२

[7]शब्दश्रवणले भित्र [8]शब्द–शक्ति–प्रभा दिई।
जो पैदा गर्छ रोमाञ्च त्यो टाढा कसरी हुने ॥ ३६ । १७

घोडा र हात्तीहरूको देखे झैं रूप मेघमा।
चैतन्यमा देखिँदो छ पदार्थहरूको भ्रम ॥ ३६ । ३६

(यस्तो विचार गरी धेरै समयसम्म समाधिमा बसेका प्रह्लादलाई पाञ्चजन्य शंख बजाएर ब्यूँझाई भगवान् नारायण आज्ञा गर्नु हुन्छ ) :—

बाँच्नुपर्छ तिमीले यो देहले कल्प सम्म नै।
यथार्थ यो [9]नियति छ त्यो हामी बुझ्दछौँ सब ॥ ३९ । २४

---

१. मनका शान्तिहरूले। २. बादल रूपी अहंकार: ३. आशाको ताप। ४. आनन्दरूपी पर्वत। ५. नदेखिने। ६. चैतन्यरूपी सूर्यमा। ७. शब्द सुन्नाले। ८. गाना र काव्यहरूका गुणको चमत्कार। ९. मायाशक्ति।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जीवन्मुक्त भई राज्य गर्नू यहिँ बसेर नै।
उद्वेग छोडी प्रलयै-सम्म राख्नू शरीर यो ॥ ३९ । २५

घना अज्ञानले गर्दा जसको मन दुःखले।
छिया छिया छ पारेको त्यल्ले मर्नु सुहाउँछ ॥ ३९ । ३७

दुब्लो दुःखी मूर्ख म छु यस्ता [1]अहित भावले।
बिग्रन्छ जसको बुद्धि त्यल्ले मर्नु सुहाउँछ ॥ ३९ । ३८

आशाको पाशले [2]बद्ध जो त चञ्चल चित्तले।
यताउति कुदाइन्छ त्यल्ले मर्नु सुहाउँछ ॥ ३९ । ३९

जस्का छन् देहमा [3]काम–कोप–रूप अजिगर।
भित्रै सुकेको रूख झैं त्यल्ले मर्नु सुहाउँछ ॥ ३९ । ४४

त्यो आत्म–तत्त्व देख्नाले जसको [4]स्वस्थ बुद्धि छ।
जो हुन् यथार्थ नै ज्ञानी तिन्ले बाँच्नु सुहाउँछ ॥ ३९ । ४६

अहंकारै छैन जस्को बुद्धि निर्लिप्त फेरि छ।
सर्वत्र ममता राख्ने तिन्ले बाँच्नु सुहाउँछ ॥ ३९ । ४७
छुट्नाले राग र द्वेष भित्र शीतल बुद्धि ले।
साक्षी झैं जो जगत् हेर्छन् तिन्ले बाँच्नु सुहाउँछ ॥ ३९ । ४८
जल्लाइ देख्दा या सुन्दा संझना या हुँदा पनि।
प्राणी आनन्दमा डुब्छन् तिन्ले बाँच्नु सुहाउँछ ॥ ३९ । ५६
[5]कर्तृत्व छोड्दा [6]भोक्तृत्व आफसेआफ छुट्दछ!
नरोपेको वस्तु कल्ले पायो यी तीन लोकमा ।: ४० । १५

( भगवान् नारायणलाई प्रह्लाद विन्ती गर्नुहुन्छ ) :—
धेरै सम्मन् भित्र मैले देखें निर्मल बुद्धिले।
ऐले बाहिर नै फेरि पाएँ दर्शन भाग्यले ॥ ४१ । ५

१ हित नहुने। २. बाँधिएको। ३. इच्छा र रिसरूपी। ४. आफ्नै स्वरूपमा रहेको। ५. म गर्ने हुँ भन्ने पन। ६. म भोग गर्छु भन्ने पन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



छु विरक्त बिलकुल छोड्छु संसार भन्नु ता ।
अज्ञानीको चिन्तन हो हर्ष शोक गराउने ॥ ४१ । १०

नभए देह के दुःख देह हो दुःखको घर ।
यस्ती [1]चिन्ता-सर्पिणीले मूर्खलाई अँगाल्दछे ॥ ४१ । ११

पुगेको छु [2]स्वस्थितिमा देख्छु आत्ममयै सब ।
हजूर बाट जो आज्ञा गरि बकिसन्छ गर्दछु ॥ ४१ । १९

( अब तिमी सिंहासनमा बस । म नै तिमीलाई राज्याभिषेक गर्दछु भन्ने आज्ञा भई सारा तीर्थका जलले भगवान्‌ले अभिषेक गरि बकस्यो अनि हुकुम भयो, इष्ट र अनिष्ट फलको उपेक्षा गरेर समदर्शन भएको बुद्धिले रागादिलाई छोडेर राज्यको पालन गर ।' अनि भगवान्‌को सबारी फिऱ्यो । इत्यादि कथा टुंग्याएर वसिष्ठ रामलाई भन्नुहुन्छ । ) :—

आत्म-दर्शनले चाँडै दर्शनै मिल्छ विष्णुको ।
विष्णुको भजनैबाट आत्माको दर्शनै हुने ॥ ४२ । २१

आत्मा र नारायण हुन् एक नै तिल तेल झैं ।
शुक्लता औ वस्त्र जस्तै अनि फूल र गन्ध झैं ॥ ४३ । ५

धेरैं आराधना गर्दा ज्यादैं तुष्ट भए पनि ।
सक्नुहुन्न ज्ञान दिन विष्णु ता [3]अविचारिमा ॥ ४३ । १०

आत्म-दर्शनमा मुख्य विचारैं पुरुषार्थ हो ।
[4]गौण हो वर ता तस्मात् विचारैं गर सर्वदा ॥ ४३ । ११

यसैंले पहिले रोकी बलैंले पाँच इन्द्रिय ।
गरी अभ्यास यत्नैंले चित्त पार विचारवान् ॥ ४३ । १२

---

१. चिन्तारूपी सर्पिणीले । २. आत्माको स्थितिमा । ३. विचार नगर्नेलाई । ४. मुख्य होइन, अर्थात् साधारण ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पुरुषार्थं गरी ठूलो नाघो [1]इन्द्रिय-पर्वत ।
तरी [2]संसार-जलधि पारी जाऊ परं पद ॥ ४३ । १४

पुरुषार्थँ त नगरी माधवैं देखिने भए ।
गर्दैनन् किन उद्धार उनी मृग र पक्षिको ॥ ४३ । १५

पुरुषार्थं विना आफ्नो गुरु उद्धार गर्दछन् ।
भने किन उ गर्दैनन् उद्धारैं ऊँटको पनि ॥ ४३ । १६

भगवान्, गुरु, अर्थैले ठूलो पाइन्न त्यो पद ।
यौटा मनै मात्र जिते आफैंले पाइने पद ॥ ४३ । १७

---

१. इन्द्रियरूपी पहाड़ । २. संसाररूपी समुद्र ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# चौथो सर्ग

( गाधि भन्ने ब्राह्मणले धेरै तपस्या गरेपछि भगवान् नारायणले वर माग भन्ने आज्ञा हुँदा हजूरको माया देख्न पाऊँ भनी वर मागे। तथास्तु भनी भगवान् अन्तर्धान हुनुभयो। केही दिन पछि जलाशयमा नुहाउन डुबुल्की लगाउँदा उनले आफू मरेको र चण्डालको गर्भमा जन्मेर जवान भएको अनि कीर देशमा जाँदा त्यहाँको राजा मरेको हुँदा हात्तीले माला लिई घुमिरहेको रहेछ। त्यहाँ पुग्ना-साथ हात्तीले यिनैलाई माला लगाइदियो। अनि त्यो देशका राजा आठ वर्ष सम्म यिनै भए। केही पछि फेरि चण्डाल हो भन्ने दुनियाले थाहा पाए। देशमा हाहाकार मच्चियो। अन्त्यमा यिनी आगोमा जलेर मरे। यही वेला डुबुल्की लगाउने गाधिलाई होश आयो। त्यस पछि गाधिले फेरि तपस्या गरे। प्रसन्न भएर भगवान् पनि सवारी भयो। भगवान्‌को पूजा गरेर माया देखेको सबै वृत्तान्त निवेदन गरे, अनि भगवान् नारायण आज्ञा हुन्छ। ) :—

हे गाधि [1]वासनाग्रस्त–स्वरूपैंको छ यो भ्रम।
जो चित्तले देख्छ त्यसैं ठूलो भ्रान्तिमयै जगत् ॥ ४८। ४८

आकाश, पर्वते, पृथ्वी, समुद्र र दिशाहरू।
सारा छन् चित्तमा मात्र छैनन् बाहिर क्यैपनि ॥ ४८। ४९

अनन्त यो जगज्जाल रहेको भ्रान्त चित्तले।
देख्यो चण्डालत्व पनी भने आश्चर्य के यहाँ ॥ ४८। ५६

यसै गरी सबै देख्यौ मोहको जाल मात्र त्यो।
असत्य भनि जो ठान्छौ या सत्य भनि ठान्दछौ ॥ ४८। ६२

---

१. वासनाले ग्रस्त।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वासनायुक्त चित्तैले भित्र देख्दैन के यहाँ।
वर्षौंमा त हुने काम छिनैमा हुन्छ स्वप्नमा ॥ ४८ । ६३

हे ब्राह्मण जगत् सारा मायाको हो विलास नै।
स्वरूप बिसँदा हुन्छन् कल्पना त अचम्मका ॥ ४९ । २४

यो, त्यो, म अनि मेरो यो भन्दै डुब्दैन ज्ञानवान्।
यो त्यो म अनि मेरो यो भन्दै लट्ठक डुब्दैछ ॥ ४९ । ३४

सारा म मात्र हूँ भन्ने ज्ञानी खिन्न हुँदैन है।
पदार्थमा अनर्थैको भेदभाव लिँदैन है ॥ ४९ । ३५

वासना-जालले ग्रस्त हुँदा ऐले अचेत छौ।
रोग बाँकी हुने रोगी जस्तै अस्वस्थ छौ तिमी ॥ ४९ । ३७

नहुनाले ज्ञान पूर्ण म[1]नो-भ्रम हटाउन।
सकदैनौ जसरी अल्छी रोक्न सक्दैन बादल ॥ ४९ । ३८

यो मा[2]या-चक्रको [3]नाभि चञ्चलै चित्त हो यहाँ।
त्यसलाई थिचे सारा बाधा हट्दछ मर्त्यको ॥ ४९ । ४०

उठ जाऊ पर्वतमा तपस्या गर वेसरी।
दश वर्षपछि ज्ञान पाउनेछौ [4]अनन्त नै ॥ ४९ । ४१

भगवान् नारायणको सवारी वैकुण्ठतिर भएपछि गाधि ब्राह्मणले फेरि दश वर्षसम्म तपस्या गर्नुभयो भनी कथा समाप्त गरेर फे.र वसिष्ठ रामलाई भन्नुहुन्छः—

परमात्मा पाउनमा आत्मा हो मुख्य कारण।
अगाधमा स्थितै रत्न देख्न पाइन्छ रत्नले ॥ ५० । २७

---

१ मनको भ्रम। २ मायारूपी चक्रको। ३ पाङ्राका बीच को धुरा छिराउने प्वाल। ४ अन्त नहुने।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



चराचुरूङ्गी र गधा पृथ्वीका भित्रका किरा।
भन्दा पनी तुच्छ हुन् यो अज्ञानी मानिसैहरू॥ ५० । ५२

आफू ठानी अनात्मामा पर्दा भर शरीरको।
छोरा, स्त्रीको चिन्तनले मोटाउँदछ चित्त ता॥ ५० । ५७

[1]अहंकार-विकारैले म [2]मता-मलले अनि।
मेरो यो हो भनी ठान्दा मोटाउँदछ यो मन॥ ५० । ५८

आ[3]धि र व्याधिले गर्दा पर्दा संसारको भर।
यो त्यागने यो लिने भन्दा मोटाउँदछ त्यो मन॥ ५० । ६०

स्नेहले धनलोभैले हेर्दा मात्र रमाइला।
लाभले स्त्री र रत्नैको [4]अथुलाउँछ चित्त ता॥ ५० । ६१

उद्दालक मुनिले झैं सारा कार्यलाई कारणमा लीन गराउनोस् भनी वसिष्ठले आज्ञा हुँदा 'उद्दालक मुनिले कसरी लय गराउनुभयो।' भनी रामले प्रश्न गर्नु हुँदा वसिष्ठ भन्नुहुन्छ, 'पहिले गन्धमादन पर्वतमा उद्दालक मन्ने भर्खरका ब्राह्मण हुनुहुन्थ्यो। तपस्या, यम, नियम इत्यादिबाट उहाँको चित्त शुद्ध हुँदै आयो र एकान्तमा बसी उहाँले विचार गर्न थाल्नुभयोः—

त्यो मुख्य वस्तु के होला जो पाए शोक हट्दछ।
फेरि अर्को जन्म हुन्न भइन्छ [5]अजरामर॥ ५१ । १७

यो गरें यो छ कर्तव्य मेरो इत्यादि कल्पना।
संझो केले हाँसुला म [6]स्वरूपस्थित बुद्धिले॥ ५१ । २०

बेसरो छाल उर्लेको मत्त [7]तृष्णा-नदीकन।
कहिले तरूँला ठूलो [8]बुद्धि-नौका चढेर नै॥ ५१ । २२

---

१ अहंकार बाट भएको विकारले। २ ममता अर्थात् मेरो भन्ने पनको मलले। ३ मनको पीर। ४ ज्यादै मोटाउँछ। ५ बूढो नहुने र नमर्ने। ६. आत्मामा रहेको। ७. तिर्सनारूपी नदी। ८. बुद्धिरूपी नाऊ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भित्र या बाहिर पनी सारा नै शान्त बुद्धिले ।
चैतन्य मात्र हो भन्ने भावना कहिले हुने ! ५१ । २८

शान्तै हुदा मनन त्यो गुफाभित्र पहाडको ।
[1]चैतन्य - ढुङ्गा बनुँला [2]निर्विकल्प समाधिले ॥ ५१ । ३३

ए मूर्ख मन के मिल्छ तेरो [3]संसार-वृत्तिले ।
गर्दैनन् बुद्धिमान् कर्म अन्त्यमा दुःख नै दिने ॥ ५२ । ८

मनको शान्ति छोडेर लाग्दछन् भोगतर्फ जो ।
[4]कल्पवृक्ष - वनै छोडी ती जान्छन् [5]विषजङ्गल ॥ ५२ । ९

जान्छस् पातालमा या त ब्रह्मलोक पुगे पनि ।
पाउन्नस् सुख मोक्षैको मन-शान्ति विना कहीं ॥ ५२ । १०

यी भाव र अभावैका विचित्र कलनाहरू ।
दुःखका लागि नै हुन्छन् कैले हुन्नन् सुखै दिने ॥ ५२ । १२

जस्वाट पाउँछस् केही जसमा सुख पाउँछस् ।
हे मूर्ख मन लाग्दैनस् किन त्यस्तो समाधिमा ॥ ५२ । १५

मृग [6]भ्रमर पुतली हात्ती माछा त एउटै ।
विषयैले नष्ट हुन्छन् भने [7]शब्दादि पाँचमै ।
आसक्त अति अज्ञानी पाउला सुख के गरी ? ५२ । २१

[8]निरहंकार [9]चैतन्य-दीपै हुँ [10]निर्विकल्प हूँ ।
तँ [11]अहंकार-बीजैको [12]संबन्धी म त होइन ॥ ५२ । ३१

---

१. ढुंगा जस्तै स्थिर चैतन्यरूप । २. विकल्प अर्थात् चित्तले रहित । ३. संसारका विषय चिताउनाले । ४. कल्पवृक्षको वन । ५. विषको जंगलमा । ६. भमरा । ७. शब्द; स्पर्श, रूप, रस गन्ध । ८. अहंकार नभएको । ९. चैतन्यरूपी बत्ती । १०. विकल्पले रहित । ११. अहंकाररूपी बीउको । १२. संबन्ध भएको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अविचारी बालकको जस्तै यो मोह व्यर्थ हो।
यो त्यो म भन्ने भ्रम ता हो [१]अहंकार-कल्पना ॥ ५२ । ३५

[२]अंगुष्ठैदेखि खुट्टाको शिरसम्म [३]नियालिदा।
म भन्ने क्यै पाइएन अहंकार छ यो कहाँ ॥ ५२ । ३६

[४]त्यक्त-देश-परिच्छेद जो छ [५]यौटा त्रिलोकमा।
[६]संवेदन [७]असंवेद्य व्यापक त्यै हुँ के म ता ॥ ५२ । ३७

यो मासु हो यो रगत यी हुन् हाड शरीरमा।
फेरि छन् श्वासका वायु म भन्ने को यहाँ छ ए ? ५२ । ४०

भाग्यले अहिले मैले चिनें अज्ञान - चोर - यो।
हर्ने स्वरूप - संपत्ति यल्लाई फेरि लिन्न म ॥ ५२ । ४७

हे मूर्ख इन्द्रियहरू छोडी आफ्नो त वासना।
गर सारा कर्म अनि पाउन्नौ लेश दुःखको ॥ ५२ । ६१

कल्पनाले बनाएको वासना सत्य होइन।
संकल्प त्यागे नाशिन्छ बच्चरोले लतासरि ॥ ५२ । ६७

अणु भन्दा पनी सूक्ष्म [८]अपरिच्छिन्नरूप जो।
[९]अचेत्य [१०]चित् हुन् तिन्लाई सक्दैनन् ढाक्न वासना ॥ ५३ । १

सर्व-व्यापक चितिको न जन्म छ न मृत्यु छ।
जन्तु मर्दछ कसरी मारिन्छ कसले तथा ? ५३ । ५

रहन्छन् गुण अर्थैमा आफैंमा प्रकृति स्थित।
सत्मा सत् नै रहेको छ अहंभाव छ के गरी ? ५३ । १२

---

१ अहंकारको कल्पना। २ बूढी औंला देखि। ३. गडेर हेरिदा। ४. देशले नटुक्रिएको। ५. वस्तुले नटुक्रिएको। ६. समष्टि अहंकार। ७. संवेद्य अर्थात् जानिने कुरा नभएको। ८. व्यापक रूप। ९. चिताइने विषय नभएका। १०. शुद्ध चैतन्य।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भ्रान्त [१]आकाश-रङ्गै झैं यो [२]अहंकार-भ्रान्तिको ।
न संझने गरी फेरि बिर्सनै वेस ठान्दछु ॥ ५३ । २५

[३]क्षण मात्रै [४]स्पन्द हुने [५]नाशोन्मुख शरीरमा ।
[६]तरङ्गमा झै [७]आस्थाले युक्त व्यक्ति कुबुद्धि हुन् ॥ ५३ । ३८

शरीरको शत्रु मन शरीरैं मनको रिपु ।
एउटा न हुँदा दोटै संयोगसरि नाशिने ॥ ५३ । ५१

हराउँदा मोह मनै नबन्दा विकल्प केही न उदाउनाले ।
म मिल्छु त्यैं शीतल आफुमा नै आकाशमा मेघसरी शरद्मा ॥ ५३ । ८२

( यसरी विचारमा रहँदै निर्विकल्प समाधिको परिपाकबाट उद्दालक मुनि सत्तासामान्यमा पुग्नुभयो भनी वसिष्ठबाट आज्ञा हुँदा 'सत्तासामान्य के हो ?' भनी रामले सोध्नुभयो अनि त्यसको जबाफ वसिष्ठजी दिनुहुन्छ :—

अत्यन्त नै अभावैको भावनाले त चित्तको ।
जब नाशै हुन्छ तब सत्तासामान्यता हुने ॥ ५५ । २

कछुवाका अंगसरि दृश्य ज्यादै लयै भई ।
भावना नगरे फेरि सत्ता-सामान्यता हुने ॥ ५५ । ६

राम सोध्नुहुन्छ :—

एकान्तमा बसी कोही [८]समाधि-रत्त वन्दछन् ।
व्यवहार कुनै गर्छन् तिनमा कुन बेस हुन् ? ५६ । ६

वसिष्ठ भन्नुहुन्छ :—

प्रपञ्च यो गुणमय अनात्म भनि छोड्दिए ।
भित्रको त्यो शीतलता समाधि कहलाउँछ ॥ ५६ । ७

१. आकाशको नीलो रङ० । २. अहंकाररूप भूलको । ३. छिन । ४. फुर्ने । ५. नाशतिर उन्मुख भएको । ६. छालमा । ७. भर, पत्यार । ८. समाधिमा रमाउने ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यी दुवै हुन् सुखी राम भित्र शीतलता भए।
हो भित्रको शीतलता अनन्त तपको फल ॥ ५६ । ९

ज्ञानी या व्यवहारी हुन् ज्ञानी या वनमा बसुन्।
निःशङ्क पदमा पुग्ने यी दुवै हुन् बराबर ॥ ५६ । १२

आस्था जगत्को नरही छोड्दा भय र शोकले।
[1]निरिच्छ [2]स्वस्थ आत्मा नै समाधि कहलाउँछ ॥ ५६ । २०

अहंकार बिलाएका स[3]माहित मनै हुने।
गृहस्थको घर पनि एकान्त छ वनै सरि ॥ ५६ । २२

लिँदै वृत्ति चले चित्त एकान्त वन नै पनि।
हुन्छन् ठूला शहर झैँ कोलाहल मचाउने ॥ ५६ । २५

सर्वव्यापक आत्माको गर्दै दर्शन शान्त जो।
केही सोच्दैन घोरिन्न समाहित कहिन्छ त्यो ॥ ५६ । ४४

☆

१ इच्छा नभएको । २ आफ्नो स्वरूपमा रहेको । ३ शान्त ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# पाँचौ सर्ग

( घरमा आउनुभएका माण्डव्य मुनिलाई किरात देशका राजा सुरघुले 'चिन्ता कसरी हराउँछ र समता कसरी आउँछ ?' भनी प्रश्न गर्नु हुँदा माण्डव्य भन्नुहुन्छ) ।):—

वैराग्य आदि यत्नले श्र[1]वणादि उपायले ।
मनको कमजोरी यो हिउँजस्तै बिलाउँछ ॥ ५८ । २९
आफ्नै विचारले चाँडो मनको ज्वर हट्दछ ।
के हुन् इन्द्रिय कस्ता हुन् भन्ने गर विचार नै ॥ ५८ । ३०
म को हुँ कसरी यो भो केले जन्म र मृत्यु हो ।
यस्तो भित्र विचारेमा पाउनेछौ महान् पद ॥ ५८ । ३२
नछोडुन्जेल सारा नै आत्मा कैले नपाइने ।
सारा अवस्था त्यागेमा [2]शेष आत्मा कहाउँछ ॥ ५८ । ४४

( माण्डव्य मुनि जानुभएपछि राजा सुरघु मनन गर्नुहुन्छ । ) :—

जड मासु हैन म ता रगतै पनि होइन ।
जड हाडै होइन म न मेरा हुन् यिनीहरू ॥ ५९ । ११
जरो [3]संसार–वृक्षैको जडै मन म होइन ।
अनि बुद्धि अहंकार हो मनोमय दृष्टि नै ॥ ५९ । १४
झूटो आभास मात्रै हो सुखदुःखदशा गति ।
नाना आकार झूटै हुन् आत्मचैतन्य हो सब ॥ ५९ । २५

---

१. सुन्नु आदि । २. बाँकी । ३. संसाररूपो रूखको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सुख के हो दुःख के हो सारा हो ब्रह्ममात्र यो।
पहिले म थिएँ मूर्ख भाग्यले ज्ञानवान् भएँ ॥ ५९ । ३४

ओहो ऐले म बिउँझें राम्ररी ज्ञान नै भयो।
नमस्कार छ मै खास अनन्त ज्ञानरूपमा ॥ ५९ । ३७

( राज्यमा अनिकाल पर्दा दिक्क भई पारसिक देशका राजा परिघले जंगलमा गएर पात खाँदै तपस्या गर्नु भयो । त्यसैले उहाँको नाम पर्णाद भन्ने पनि रहेको थियो । धेरै वर्षको तपस्याले उहाँलाई ज्ञान भयो, अनि घुंदै सुरघुकहाँ आइपुग्नुभयो, भलाकुसारो भयो । अन्त्यमा 'के तपाईं संकल्परहित समाधि गर्नुहुंन्छ?' भनी परिघले सोधेपछि सुरघु भन्नुहुन्छ । ) :—

रहेका आत्मतत्त्वैमा हुने चित्त प्रबुद्ध तो।
गर्दा पनि क्रिया सारा सँदै हुन्छन् समाधिमा ॥ ६२ । ६

त्यो [१]पद्मासन बांधेको [२]ब्रह्माञ्जलि हुने पनि।
अविश्रान्त—स्वभावैको समाधि कसरी हुने ? ६२ । ७

[३]चित्—तत्त्वको [४]बोधलाई सारा आशा डढाउने।
समाधि भन्छन् हे मित्र चूप लाग्नु त होइन ॥ ६२ । ८

[५]समाहितै [६]नित्यतृप्त देख्ने वस्तु यथार्थ नै।
परा प्रज्ञा नै कहिन्छ समाधि—पदले यहाँ ॥ ६२ । ९

नदीको जल रोकिन्न बग्नुबाट निरन्तर।
ज्ञानीको ज्ञान त्यस्तै हो रोकिँदैन क्षणै पनि ॥ ६२ । १५

गुणी ता गुणले हीन जगतमा नभए सरि।
हुन्नन् ज्ञानी पनि आत्म—ज्ञानले रहितै कहीँ ॥ ६२ । २१

---

१. दुवै पैताला माथि पर्ने गरी पलेँटी मारेको एक योगासन । २. हात जोडिनु । ३. चैतन्यको । ४. ज्ञानलाई । ५. सावधान । ६. सदै तृप्त ।

८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



त्रैलोक्यमा स्त्री, पहाड समुद्र [1]वन—जंगल ।
सारा हुन् सत्यले शून्य सार छैन यहाँ कहीँ ॥ ६३ । १४

हाड मासू काठ माटो आदिले जर्जरै हुने ।
नभएको [2]वाञ्छनीय जगतमा चाहने किन ? ६३ । १५

(इत्यादि सत्संग गरेर परिघ र सुरघु परम पदमा रहे, अब तपाइँ पनि सुरघुकै चालबाट ज्ञानी बन्नुहोस् भनी रामलाई वसिष्ठ भन्नुहुन्छ :—

जीवरूपी गोरुलाई संसारी धापबाट नै ।
ठूलो यत्न गरी ऐले उतार बलपूर्बक ॥ ६४ । २९

महात्माको सङ्गबाट [3]भवसागर तर्नमा ।
हे राम जुक्ती पाइन्छ मल्लाहाबाट नाउ झैँ ॥ ६४ । ३१

सँदैं सँगसँगै बस्ने मित्र यो मन नै सँग ।
गरेमा मात्र सल्लाह आफ्नो उद्धार हुन्छ है ॥ ६४ । ३८

यत्तिले मात्र जानिन्छन् परमात्मा [4]सुरेश्वर ।
ढुङ्गा माटो सरी देह जैले ठानिन्छ निश्चय ॥ ६४ । ४४

मन काटी मनैले नै म र मेरो हटाउँदै ।
आत्माको दर्शन गरे दुःख छुट्दछ सर्बथा ॥ ६५ । १

---

१. घना जंगल । २. इच्छा गर्न लायक । ३. संसाररूपी समुद्र । ४. देवताका मालिक ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# छैठौँ सर्ग

{ सह्य पर्वतमा भास र विलास भन्ने दुइ मित्र थिए। ती जवान हुँदा दुवैका बाबु मरे। अनि पितृशोकले गर्दा भास एकातिर लागे विलासचाहिँ-अर्कोतिर। पछि तिनीहरूको भेट हुँदा विलासले भने, 'हे ठूला बन्धु, तपाइँलाई स्वागत छ। यतिका दिनसम्म कहाँ जानुभएको थियो ? के तपाइँको तपस्या सफल भयो ? के तपाइँ आत्मज्ञानी हुनुभयो ? तपाइँलाई आराम छ ? इत्यादि। त्यसपछि भास भन्नुहुन्छ :—

न जानुन्जेल यी आत्मा रहँदातक चित्त यो।
संसार नतरुन्जेल आराम कसरी हुनु ? ६६। १०
चित्तमा रहने आशा बन्चरोले लतासरि।
नपारुन्जेल निर्मूल आराम कसरी हुनु ? ६६। ११
नपाउन्जेल त्यो [1]ज्ञान समता नहुँदा तक।
न उदाउन्जेल बोध[2] आराम कसरी हुनु ? ६६। १२
[3]आत्मलाभै विना फेरि विना [4]ज्ञान-महौषधि।
[5]संसार—रूपिणी हैजा आइहाल्दछ व्यर्थ नै॥ ६६। १३
[6]अनात्म देहहरूका यस्ता धेरै प्रकारका।
दुःख आफैँलाई भए जस्तै ठान्ने त दीन हुन्॥ ६६। ३८

{ यस्तै विचार गर्दा पछि दुवै मित्र मुक्त भए भनी कथा समाप्त गरेर रामलाई वसिष्ठ भन्नुहुन्छ।'

---

१. आत्मज्ञान। २. ब्रह्मज्ञान। ३. आत्मालाइ पाउनु। ४. ज्ञानरूपी ठूलो ओखती। ५. संसारको रूप भएको। ६. आत्मादेखि भिन्न।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हल्लिँदैमा मन यहाँ आत्मालाई त हुन्छ के ?
तरङ्ग बेसरी उफ्रे हुन्छ सागरलाइ के ? ६७ । ६
जस्तै भित्री सङ्ग हुन्न दुवै जल र काठको ।
त्यस्तै देह र देहीको पानी र प्रतिबिम्बको ॥ ६७ । २०
भित्र सङ्ग त नभए शरीर मन इन्द्रिय ।
जुटेमा पनि एकत्र अखण्ड सुख पाउँछन् ॥ ६७ । २८
हो बद्ध आसक्त मन मुक्त हो [1]सङ्गवर्जित ।
भित्रको सङ्ग हो यौटा हेतु बन्ध र मोक्षको ॥ ६७ । ३४
विभाग देह देहीको त्यागेरै भावना गरी ।
विश्वास देह मात्रैमा सङ्ग [2]बन्धनयोग्य हो ॥ ६८ । २
अनन्त आत्मतत्त्वैको खण्डताको निधो गरी ।
जो भित्र सुख खोजिन्छ सङ्ग त्यो बन्धयोग्य हो ॥ ६८ । ३
[3]नैष्कर्म्यलाइ चाहन्न न आसक्त छ कर्ममा ।
[4] समयुक्त [5]फलत्यागी असंसक्त कहाउँछ ॥ ६८ । ६
जल्ले कर्मफलै सारा मनले छोड्छ राम्ररी ।
कर्मले चाहिँ छोड्दैन त्यो असंसक्त बन्दछ ॥ ६८ । ८
यी अनन्तै भूतहरू तरङ्गसरि [6]सिन्धुमा ।
पैदा हुन्छन् नष्ट हुन्छन् त्यो हो आसक्तिको फल ॥ ६८ । १७
संसक्ति हो दुइ थरी [7]बन्ध्य औ वन्द्यरूपले ।
सर्वत्र मूर्खको वन्ध्य ज्ञानीको चाहिँ वन्द्य हो ॥ ६८ । २१
अज्ञान ,आत्मतत्त्वैको हुँदा [8]देहादिमा हुने ।
संसार तर्फको ज्यादे दृढ आसक्ति वन्ध्य हो ॥ ६८ । २२
[9]आत्मतत्त्वज्ञान हुँदा विवेकैबाट शोधित ।
वन्द्य संसक्ति हो फेरि [10]संसार—भ्रान्ति-वर्जित ॥ ६८ । २३

---

१. सङ्गले रहित । २. बन्धन हुन लायक । ३. कर्म नगर्नुलाई । ४. सिद्धि र असिद्धिमा एकनास । ५. फल छोड्ने । ६ समुद्रमा । ७. निष्फल । ८. शरीर आदिमा । ९. आत्माको ज्ञान । १०. संसारको भ्रान्तिले रहित ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



[1]समुद्र-तटका साना असंख्यै बालुवासरि ।
आसक्तका जन्म गन्न को सक्छ र जगद्धरी ॥ ६८ । ४२

देखिएमा चञ्चलता पनि बाहिर ज्ञानिको ।
भित्र पूर्ण हुँदा हुन्छ मुखमा [2]श्री त चन्द्रको ॥ ७० । २

[3]निर्दृश्य चि[4]त् आड हुँदा जस्को मन छ निर्मल ।
तीदेखिन् जन सङ्लिन्छन् [5]निर्मलीले जलैसरि ॥ ७० । ३

होस् स्वस्थ ज्ञानी नित्यै नै लीन होस् आत्म-तत्त्वमा ।
सूर्यको प्रतिबिम्बै झैं तर देखिन्छ [6]क्षुब्ध क्वै ॥ ७० । ४

[7]आत्माराम हुँदा जीव हुन्छ आ[8]सक्ति-वर्जित ।
ज्ञानले घट्छ आसक्ति नत्र घट्दैन क्यै गरी ॥ ७० । ९

यही सुषु[9]प्ति स्थिति नै दृढ अभ्यास-योगले ।
[10]प्रौढै हुँदा [11]तुर्य भनी भन्दछन् ज्ञानवान्हरू ॥ ७० । २६

सुखी दुःखी मूर्ख म छु इत्यादि कुविचार हुन् ।
यो सत्य हुन् भनी ठाने चाहन्छौ दुःख नै सँदै ॥ ७१ । २९

तेजको र अँध्यारोको न संबन्ध न [12]तुल्यता ।
त्यस्तै नै स्थिति हो ज्यादै भिन्न आत्मा र देहको ॥ ७१ । ३१

सर्वत्र स्थित आकाश ऐनामा हुन्छ [13]बिम्बित ।
त्यस्तै व्यापक आत्माको छाया देखिन्छ चित्तमा ॥ ७१ । ३९

जन्मँदैनौ देह जन्मे नाशिन्नौ देह नाशिए ।
[14]कलङ्क-शून्य आत्मा हौ तिम्रो छैन शरीर है ॥ ७२ । १

---

१ समुद्रका किनारका । २ शोभा । ३ दृश्य नभएको । ४ चैतन्य । ५ पानीलाई सफा गर्ने फल । ६ चित्त हल्लिएको । ७ आत्मामा रमाउने । ८ आसक्ति नभएको । ९ अखण्डित चित्त हुनु । १० परिपक्व । ११ चौथो । १२ समानता । १३ प्रतिबिंब पर्नु । १४ उपाधिले रहित ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तीरको काठले [1]अब्धि धूलोले [2]नभ [3]विकृत ।
हुँदैन त्यस्तै ज्ञानी ता विग्रन्तन् व्यवहारले ॥ ७२ । २६

चैतन्य नभए राम सत्ता नै छैन वस्तुको ।
अब [4]चित्‌देखि भिन्नै छु भन्नु [5]उन्मत्त-वाक्य हो ॥ ७२ । ४६

चैतन्यमय नै सारा चौधै भुवन भैदिँदा ।
आफ्नो भन्ने यहाँ के छ अनि के छ पराइको ॥ ७३ । ७

मोक्ष औ बन्ध भन्ने यी दुवै छोडेर कल्पना ।
व्यवहार गरून् ज्ञानी यन्त्र झैं मौनता लिई ॥ ७३ । ३४

यो चाहिँ वस्तु मेरो होस् यो नहोस् भनि कल्पना ।
नगर्ने ज्ञानवान्‌लाई तौलन्छन् कसरी जन ॥ ७४ । ५०

आफ्नो हृदयको गाँठो फुकेमा हुन्न बन्धन ।
भेट्नोबाटै फल छुटे फेरि को जोड्न सक्तछ ॥ ७४ । ७५

गुड चाखेपछि स्वाद के भुल्थ्यो दाह आदिले ।
सकिन्न अन्यथा गर्न आ[6]त्मानुभव नै पनि ॥ ७४ । ८२

[7]आत्म-दर्शनमा यत्न गर्नू ऐश्वर्य चाहिए ।
आत्मदर्शनले सारा दुःखको शिर काट्दछ ॥ ७५ । ४६

प्र[8]ज्ञारूपी नाउ हुँदा हुँदा माझी विवेक नै ।
धिक्कारको योग्य हो त्यो नतर्ने भ[9]वसागर ॥ ७६ । १३

चित्त नास्ने उपायैमा योग र ज्ञान हुन् दुइ ।
हो योग चित्त रोक्नु नै ज्ञान हो बुझ्नु राम्ररी ॥ ७८ । ८

---

१ समुद्र । २ आकाश । ३ विग्रेको । ४ चैतन्यदेखि । ५ बौलाहाको वाक्य । ६ आत्माको अनुभव । ७ आत्माको दर्शन गर्नमा । ८ ब्रह्माकार बुद्धि । ९ संसाररूपी समुद्र ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



प्राणको चलनै चित्त हो भनो ठान्दछन् बुध ।
प्राण रोकिदिए चित्त शान्त हुन्छ त्यसै यहाँ ॥ ७८ । १५

राम भन्नुहुन्छ :—

शरीररूप घरमा चल्ने [1]आकाशगामि ती ।
प्राणादि वायुको [2]स्पन्द रोकिन्छ कसरी यहाँ ॥ ७८ । १७

वसिष्ठ भन्नुहुन्छ :—

सङ्गले साधु शास्त्रैको [3]वैराग्या—भ्यासयोगले ।
संसारवृत्तिमा आस्था छोडे प्राण छ रोकिने ॥ ७८ । १८

धेरै सम्म उदाएको इष्टको ध्यानले अनि ।
[4]एकतत्त्व—दृढा—भ्यास गर्दा प्राण छ रोकिने ॥ ७८ । १९

[5]पूरकै आदि प्राणैको रोक्ने अभ्यासले दृढ ।
एकान्त ध्यान गर्नाले रोकिन्छ प्राणको गति ॥ ७८ । २०

जिभ्रोले यत्नले च्यापे [6]घण्टिका तालुमूलको ।
[7]ब्रह्मरन्ध्रै पसे प्राण रोकिन्छ प्राणको गति ॥ ७८ । २५

स्वाट्ट ज्ञान उदाएमा दृढ अभ्यासले अडे ।
विकल्पको अंश छोडे रोकिन्छ प्राणको गति ॥ ७८ । ३०

[8]दहराकाशमा चित्त राख्नाले चिरकाल नै ।
निर्वासन ध्यान गरे रोकिन्छ प्राणको गति ॥ ७८ । ३१

अनादि र अनन्तै यी परमात्मा प्रकाश हुन् ।
यही यौटा दृढ निधो यथार्थं ज्ञान भन्दछन् ॥ ७९ । २

---

१. आकाशमा जाने । २. चलन । ३. वैराग्य र अभ्यासले । ४. एउटा तत्वको दृढ अभ्यास । ५ वाहिरको वायु भित्र तान्ने प्राणायामको एक प्रकार । ६. जिब्रोको फेदमा रहेको स्तन जस्तै भाग । ७ तालुमाथि शिरमा रहेको एक प्वाल । ८. भित्रको आकाश ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गाग्रो र कपडा आदि पदार्थ जति छन् सब ।
आत्मा नै हुन् अरू हैनन् भन्ने निश्चय ज्ञान हो ॥ ७९ । ३

नजान्नाले जन्म हुन्छ जान्नाले मोक्ष मिल्दछ ।
डोरी न जान्दा सर्प हो जानेमा खास डोरी हो ॥ ७९ । ४

शुद्ध आत्मा अँगालेर नित्य अन्तस्थ बुद्धिले ।
जो रहेको छ त्यल्लाई सक्दैनन् बाँध्न भोगले ॥ ७९ । १६

हेर्नाको लागि आँखा हो जीव हो [1]सुख-दुःख-भुक् ।
भारी बोक्दछ गोरुले भोग गर्ने त मालिक ॥ ८० । २

आँखा त रूपमा डुब्दा आत्मामा क्षोभ के हुने ?
गधा तलाउमा डुब्दा के [2]सेनापतिको खती ॥ ८० । ३

अज्ञान नाशिदा क्षीण मनमा यी परस्पर ।
[3]रूपालोक [4]मनस्कार उब्जिँदैनन् कुनै पनि ॥ ८० । १५

साथ [5]तृष्णा-पिशा चीका साथ [6]क्रोधादि—गुह्यका ।
निस्की ए चित्तबेताल शरीर—घरबाट नै ॥ ८० । २६

मऱ्यो चित्त छँदै छैन भन्ने आज कुरा बुझें ।
त्यसैले आस छोडेर आत्मामा स्थित मात्र छु ॥ ८० । ३२

लिएर चित्त-वेताल धेरै काल म आफुले ।
गरें विकार [7]विविध आफैं संझेर हाँस्दछु ॥ ८० । ३५

मऱ्यो मन मरी चिन्ता अहंकार पनी मऱ्यो ।
विचार-मन्त्रले स्वस्थ भई सम रहन्छु म ॥ ८० । ३८

---

१. सुख र दुःख भोग्ने । २. फौजको मालिक । ३. आँखाले बाहिर रूप हेर्नु । ४. मनले भित्र संकल्प गर्नु । ५. तृष्णारूपी पिशाचिनीका । ६ रिस आदि गुह्यकका । ७ धेरै किसिमका ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आशा छैन न कर्म छन् न संसार न कर्तृता ।
न भोक्तृता छ चित् एक नमस्कार मलाइ छ ॥८०।४२

( वसिष्ठ भन्नुहुन्छ, 'यस्तो विचार पहिले संवर्तले गरेका हुन् अनि विन्ध्याचलमा भेट हुँदा उनले मलाई भनेका हुन् । हे राम अब वीतहव्यको कुरा सुन्नुहोस् । पहिले वीतहव्य मुनि धेरै काल सम्म वनमा घुमनुभयो । अन्त्यमा पद्मासन बाँधेर शान्त भई उहाँले गर्नुभएको मनन सुन्नुहोस् । )

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## सातौं सर्ग

**वीतहव्य मनमनै गर्नुहुन्छ :—**

ओहो यो चञ्चल मन जान्छ फर्काउँदा पनि ।
तरङ्गको पत्कर झैं हुँदैन स्थिर क्यै गरी ॥ ८२ । १२

[1]घटबाटै [2]शकटमा [3]पटमा फेरि चित्त यो ।
विषयैमा घुंछ सँदै रूखमा वानरै सरि ॥ ८२ । १५

हे मोरा इन्द्रियहरु दिदैनौ ज्ञान के हुन ?
दगुर्छौ दु:खका लागि छोडी चकचकै बस ॥ ८२ । १६

[4]चिदात्मा हुँ भई साक्षी गर्छु सारा क्रियाहरू ।
हे इन्द्रियै हो सित्तैं नै हुन्छौ आकुल व्याकुल ॥ ८२ । २१

बटुवा झैं सर्पदेखिन् क्षुद्रदेखि [5]द्विजाति झैं ।
इन्द्रियदेखि चतन्य टाढा बस्छन् सुखैसित ॥ ८२ । २४

हे चित्त डुलुवा फेरि मगन्ते छस् सबैतिर ।
कुक्कुरै सरि छस् व्यर्थ घुंन छोड्दे जगत्तिर ॥ ८२ । २६

तँ होस् [6]संवित् [7]अनाद्यन्त संवित्देखि त छैन क्यै ।
हे मूर्ख यो शरीरैमा चित्त भन्ने तँ होस् कुन ॥ ८२ । ३०

हे चित्त ठट्टा गरिने न हो इन्द्रिय साथ ली ।
न [8]कर्ता होस् न [9]भोक्ता होस् अर्कैको होशमा तँ छस् ॥८२॥३२

तँ आफैं खास जड होस् शंका छैन यहाँ कुनै ।
[10]कर्तृत्व जडको कस्तो के ढुंगा नाच्दछन् यहाँ ? ॥ ८२ । ३७

---

**१. गाग्रो । २. गाडा । ३. कपडामा । ४. चैतन्य-स्वरूप आत्मा । ५. व्रतबन्ध गर्दा द्विज हुने ब्राह्मण, क्षत्रिय र वैश्य । ६. शुद्ध ज्ञान । ७. आदि र अन्त्य नभएको । ८. गर्ने । ९. भोग्ने । १० गर्ने पन ।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यहाँ फुरिरहेको छ आत्मा बोधस्वरूप नै।
सत्तामा तिनकै तैंले नाम रूप खडा गरिस् ॥ ८२ । ४४

[१]खड्ग-प्रहारले काट्ने शक्ति हुन्छ मनुष्यमा।
जड त्यो तरबारैले आफैँ सक्दैन काट्न ता ॥ ८२ । ६१

हे चित्त तौ ईश्वर ता तँ जस्तो शोच्य होइनन्।
उनलाई गरेमा के नगरे पनि के हुने ॥ ८२ । ६३

[२]संवेद्यरहितै [३]संवित् छाइएको छ केवल।
त्यहाँ यो, म र अर्को यो भन्नु हो कल्पना [४]असत् ॥ ८२ । ८१

हट्यो [५]औविद्यकै रूप विवेकैको प्रसादले।
उदायो अहिले ज्ञान छ प्रणाम विवेकमा ॥ ८३ । ३६

चित्त इन्द्रियको नेता तेरो अन्त्य भयो अब।
पहिले थिइनस् नित्य ऐले पनि तँ होइनस् ॥ ८३ । ४२

भ[६]विष्यत्मा पनी हुन्नस् तेरो कल्याण होस् मन।
[७]निर्वाण हुन्छु भाग्यैले हट्यो ताप म शान्त छु ॥ ८३ । ४६

अ[८]नात्ममा आत्मता र वस्तुमा त अ[९]वस्तुता।
अविचारैबाट थियो विचारैले हट्यो सब ॥ ८६ । १७

हे भोगहो छ प्रणाम करोडौँ जन्मसम्म म।
दोषी तिमीहरुद्वारा फुस्लिएँ बालकैसरि ॥ ८६ । ३०

हे दुःख तिमिले पोल्दा खोजेँ आत्मा त सादर।
देखायौ सुखको बाटो तिमीलाई प्रणाम छ ॥ ८६ । ३२

---

१ खड्गको प्रहार गरेर। २ दृश्य नभएको। ३ शुद्ध ज्ञान। ४ नभएको। ५ अविद्याबाट खडा भएको। ६ पछि। ७ मुक्त। ८ आत्मादेखि भिन्नमा। ९ वस्तु होइन भन्ने पन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



'हे राम, यसरी ठूलो पुरुषार्थ द्वारा वीतहव्य विश्रान्त हुनुभयो र परम पदमा प्राप्त हुनुभयो।' भनी वसिष्ठले आज्ञा हुँदा राम विन्ति गर्नु हुन्छ।':—

आकाशमा उड्नु आदि ती शक्तिहरू ज्ञानवान् ।
जीवन्मुक्तहरूका के देखिँदैनन् स्वतः यहाँ ॥ ८९ । ९

वसिष्ठ भन्नुहुन्छ :—

विचित्र जो क्रियाजाल देखिन्छ र गइन्छ त्यो।
स्वभाव वस्तुको नै हो ज्ञानीको इष्ट होइन ॥ ८९ । ११

न पुगेको मुक्त पद अज्ञानी पनि उड्दछ।
द्रव्य, कर्म, क्रिया, काल आदिको शक्ति पाउँदा ॥ ८९ । १२

अज्ञानीको यो विषय हुँदा ज्ञानी त आत्मवान् ।
अविद्यातिर के लाग्थे आत्मतृप्त हुँदा सँदै ॥ ८९ । १३

ज्ञानीलाई सिद्धिले के भोगले के उडेर के ?
प्रभावले मानले के आशाले मृत्युले त के ? ८९ । १८
[१]सर्वज्ञै हुन् [२]बहुज्ञै हुन् माधवै हुन् हरै पनि।
गर्न उल्टो [३]नियति को सक्दैनन् जोसुकै पनि ॥ ८९ । २६
जसको छ कुनै इच्छा उसले सिद्धि साद्धछ।
पूर्ण आत्मज्ञानिको ता इच्छाको छैन संभव ॥ ८९ । ३२

राम सोध्नुहुन्छ :—

ज्ञानीको चित्त नभए [४]मैत्री आदि गुणैहरू।
कहां ती वीत हव्यैका भए स्थित बताउनोस् ॥ ९० । ३

वसिष्ठ भन्नुहुन्छ :—

हो [५]चित्तनाश [६]द्विविध सरूप र अरूप नै।
सरूप जीवन्मुक्तैको विदेहैको अरूप हो ॥ ९० । ४

---

१. सारा जान्ने। २. धेरै जान्ने। ३. मायाशक्तिको। ४. मित्रता। ५. चित्तको नाश। ६. दुइ किसिमको।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जो धीरलाई समता—बाट ती सुखदुःखले ।
हल्लाउँदैनन् तिनको मरेको चित्त भन्दछन् ॥ ९० । १२

यो त्यो म आदिले गर्दा भएको भित्र तापले ।
तताउँदैन जल्लाई तिनको चित्त हो [1]मृत ॥ ९० । १३

[2]आत्मज्ञ जीवन्मुक्तैको मनोनाश सरूप हो ।
छन् मैत्री आदि त्यसमै चन्द्रैमा चाँदनी सरि ॥ ९० । २०

अरूप जो मनोनाश बताएँ रघुनन्दन ।
विदेह मुक्तमा मात्र [3]कलाहीन रहन्छ त्यो ॥ ९० । २३

(संसारको बीज के हो ? अनि त्यसका बीजहरू पनि के हुन् ?' भनी रामले सोधेपछि वसिष्ठ भन्नुहुन्छ ।) :—

[4]संसार—वृक्षको [5]बीज यही [6]स्थूल शरीर हो ।
जसका हुन् अङ्कुर ती नाना पाप र पुण्य नै ॥ ९१ । ८

बट्टा झैं [7]दुःखरत्नैको कोश भाव, अभावको ।
यो स्थूलदेहको बीज आशाको वश चित्त हो ॥ ९१ । १०

[8]वृत्ति—हाँगा हुने [9]चित्त—वृक्षका दुइ बीज छन् ।
एक हो प्राणको [10]स्पन्द दोस्त्रो हो दृढ भावना ॥ ९१ । १४

ती प्राणका चलनले वासनाका विधानले ।
[11]संविद् मोटो नपारेमा तिमी हुन्छौ न जन्मने ॥ ९१ : २४

दृढ - भावनले छोडी [12]पूर्वापर—विचार नै ।
पदार्थको जो [13]ग्रहण त्यही हो वासना खुद ॥ ९१ । २९

---

१. मरेको । २. आत्माको ज्ञान भएको । ३. कलाले रहित । ४. संसाररूपी रूखको । ५. बीउ । ६. मोटो । ७. दुःखरूपी रत्नको । ८ वृत्तिरूपी हाँगा । ९. चित्तरूपी रूखका । १०. चलन । ११. ज्ञान । १२. पहिलेको र पछिको विचार १३ लिनु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अनात्मामा त आत्माको भाव गर्नु कुदृष्टि हो ।
अवस्तुमा वस्तु ठान्नु चित्त हो रघुनन्दन ॥ ९१ । ३४

यत्ति नै चित्तको रूप भन्ने ठान्दछु राघव ।
[1]वस्तुत्वले रागले जो गर्दछन् भित्र भावना ॥ ९१ । ४०

त्रैलोक्य शुद्ध [2]संवित् हो अर्को [3]संवेद्य छैन है ।
यस्तो निधो भित्र दृढ भएमा ज्ञान भन्दछन् ॥ ९१ । ७३

चैतन्यरूपी ऐनामा संपूर्ण वस्तु दृष्टि यी ।
[4]प्रतिबिम्बित देखिन्छन् खोलामा [5]तटवृक्ष झैं ॥ ९१ । ११३

प्रयत्नले [6]पौरुषले सारा छोडेर वासना ।
[7]सत्तासामान्यकोटिस्थ पदमा क्षण नै पनि ।
भयौ स्थित भने राम अक्षय्य स्थिति पाउँछौ ॥ ९२ । ३

[8]सत्तासामान्यरूपैमा स्थित हुन्छौ भने यहीं ।
केही बढी यत्न गरे पाउँछौ सत्य त्यो पद ॥ ९२ । ५

सँदै [9]संवित् तत्त्वमा नै लगाई ध्यान बस्दछौ ।
भने अझ गरे यत्न पाउँछौ उच्च त्यो पद ॥ ९२ । ६

वासनात्यागमा यत्न यदि गर्छौ सँदै भने ।
तिम्रा आधि-व्याधिहरू छिनैमा शिथिलै हुने ॥ ९२ । ९

पहिलेका यत्नभन्दा यो ज्यादै हुन्छ [10]दुष्कर ।
सुमेरु नास्नुभन्दा हो वासनात्याग मुश्किल ॥ ९२ । १०

---

१. वस्तु सांचो हो भनो । २. ज्ञान । ३ जानिने कुरा । ४ छाया परेका । ५. तीरको रूख झैं । ६. पुरुषार्थ ले । ७. शोधित तत्त्वदको परा काष्ठामा अर्थात् एकतामा । ८. शोधित तत्पदमा । ९. शोधित त्वंपदमा । १०. गर्न मुश्किल ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वासनाक्षय तत्त्वैको ज्ञान औ नाश चित्तको।
गरे अभ्यास साथमा दिन्छन् मोक्षफलै यहाँ॥ ९२। १७

तिन्मा एकेक-ओटाको धेरै सेवा गरे पनि।
दिँदैनन् सिद्धि कहिल [1]प्रतिबद्ध त मन्त्र झैं॥ ९२ १८

सयौं जन्महरूदेखिन् भोगिएको जगत्-स्थिति।
लामो अभ्यासयोगैले विना नासिन्न क्यै गरी॥ ९२। २३

हिँड्दा सुत्दा छुँदा सुङ्दा उभिँदा दौडँदा पनि।
ठूलो कल्याणका लागि अभ्यास गर तीनको॥ ९२। २४

बासनाको त्यागले र रोक्नाले प्राणको गति।
चित्त हुन्छ अचित्तै नै रोज्दछौ जो त्यही गर॥ ९२। २६

अभ्यास प्राणायामैको गरे था गुरुयुक्तिले।
आसनै आदि योगैले प्राणको स्पन्द रोकिने॥ ९२। २७

आदिमा वीचमा फेरि अन्त्यमा जो रहन्छ नै।
त्यसैको दर्शनैबाट वासना त विलाउँछ॥ ९२। २८

[2]निःसङ्ग व्यवहारैले त्याग्दा संसार-भावना।
शरीर नाशवान् देखे वासना त बिलाउँछ॥ ९२। २९

प्राणको स्पन्द जित्नामा ज्यादै गर्नू परिश्रम।
बसी बसीकन भई एकचित्त पुनः पुनः॥ ९२। ३२

[3]अनिन्दितै युक्ति बिना मन जित्न सकिन्न है।
दुष्ट हात्ती वशै गर्न को सक्ला अंकुशै विना॥ ९२। ३४

[4]अध्यात्मविद्या सत्सङ्ग प्राणको चाल रोकिनु।
वासना-त्याग इत्यादि जुक्ती हुन् चित्त जित्नमा॥ ९२। ३५

---

१. मन्त्र शास्त्रमा बताइएका मूर्च्छा मरण आदि दोषले मुक्त। २. सङ्ग-रहितको। ३. निन्दा नगरिएको। ४. बेदान्त।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जो मूर्ख ता चित्त जित्न हठैले यत्न गर्दछन् ।
[१]विसको [२]तन्तुले मत्ता हात्ती ती बाँध्न खोज्दछन् ॥ ९२ । ३६

यज्ञ-दान-तप-स्तीर्थ—पूजा इत्यादि भ्रान्तिले ।
मृग झैं आधिले ग्रस्त भई काल बिताउँछन् ॥ ९२ । ४४

कुनै कुनै मात्र केले विधिले आत्मतत्त्व ता ।
असंख्य दुःखले डढ्दा जान्दैनन् या त जान्दछन् ॥ ९२ । ४५

थोरै विचारले जल्ले केही [३]निग्रह चित्तको ।
गरे भने त तिनले पाउँछन् जन्मको फल ॥ ९३ । १

[४]विचार—कल्पवृक्षैको अंकुरं पनि उब्जिए ।
यसकै त सयौं शाखा अभ्यासैले पलाउँछन् ॥ ९३ । २

व्याधिले ती विषयले मानसी वृत्तिले अनि ।
आधिले पनि के गर्छन् बुद्धिमान् ज्ञानिलाइ ता ॥ ९३ । ५

हिंड्दा बस्दा व्यूँझँदा र सुत्नु इत्यादि कर्ममा ।
जस्को चित्त विचार्दैन त्यो मरेको कहाउँछ ॥ ९३ । १५

के हो जगत् यो के देह हो भनेर सँदै भरी ।
गर्नू विचार आफैं नै अथवा सज्जनैसँग ॥ ९३ । १६

आनन्दरूप ज्ञानी ता अल्झिदैनन् कहीं पनि ।
आफैं [५]सम्राट् बनी बस्छन् जीवन्मुक्तहरू यहाँ ॥ ९३ । २४

बचाउने ज्यान आफ्नो औ [६]जिघांसुसँगै पनि ।
प्रसन्न दृष्टिले हेर्छन् [७]समता - युक्त ज्ञानवान् ॥ ९३ । ५९

---

१. कमलको डाँठको । २. धागोले । ३. रोकावट । ४. विचाररूपी कल्पवृक्षको । ५. चक्रवर्ती राजा । ६. मार्न इच्छा गर्ने । ७. समताले युक्त ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



देहले मनले खालि इन्द्रियैहरूले पनि।
कर्म गर्दा या न गर्दा हुँदैनन् लिप्त ज्ञानवान्॥ ९३ । ७४

मोक्ष हो सङ्गको त्याग जन्मिन्नन् सङ्गत्यागले।
भावको नै सङ्ग छोडे जीवन्मुक्त भइन्छ है॥ ९३ । ८२

हुँदा पदार्थ हर्ष र न हुँदा रिस उब्जने।
मलिनै वासना जो हो त्यही सङ्ग कहाउँछ॥ ९३ । ८४

लिदैनौ दुःखमा ग्लानि हाँस्दैनौ सुखमा अनि।
आशाको वशमा हुन्नौ भने खास असङ्ग हौ॥ ९३ । ९१

✱



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# (६) निर्वाण-प्रकरण

## पूर्वार्ध

### पहिलो सर्ग

**रामलाई वसिष्ठ भन्नुहुन्छ :—**

राम्ररी [१]तत्त्व जानेर क्षय अज्ञानको भए।
चुँडेमा [२]वासना-पाश [३]विशोक पद पाइने ॥ २ । २२
छैन चित्तै न छ मन न अविद्या र जीव छ।
हे राम कलना यस्ता फुर्दछन् ब्रह्मवाट नै ॥ २ । २६
भए [४]अज्ञान - कलना गरे [५]अब्रह्म - भावना।
आस्था जगत्मा हुन्जेल कल्पना हुन्छ चित्तको ॥ २ । ३०
शरीरमा [६]अहंभाव दृश्यमा आत्मता अनि।
मेरो भन्ने भए सम्मन् हुन्छ चित्तादिको भ्रम ॥ २ । ३१
जो जीवन्मुक्त छन् ज्ञानी देख्ने वरपरै सब।
तिनको चित्तपदवी खास सत्त्व कहाउँछ ॥ २ । ४०
अन्तर्मुख भई विश्व - घाँस चैतन्य - अग्निमा।
भित्र होंने दीक्षितको चित्तादि भ्रम हट्दछ ॥ २ । ४६
विवेक - निर्मले चित्त - लाई सत्त्व त भन्दछन्।
त्यल्ले मोह फलाउन्न डढेको बीउ झैं पुनः ॥ २ । ४७
चिद् - भित्र हो तीन जगत् पीरोसरि मरीचमा।
हैनन् चित् र जगत् भिन्न तस्मात् सत् र असत् वृथा ॥२।५२
चैतन्य हो पूर्ण नै हो नहुने हद देशको।
व्याप्त आफ्नो रूप संज्ञ न हो परिमितै अनि ॥ २ । ५६
भावी घेरै तरङ्गैं ती जलसामान्य अब्धिमा।
भए झैं विश्व लाखौं छन् चितिरूप तपाइँमा ॥ ३ । १

---

१. आत्माको यथार्थ स्वरूप। २. वासनारूपी पाशो। ३. शोक नभएको। ४. अज्ञानको कल्पना। ५. सारा ब्रह्ममात्र हो भन्ने भावना नहुन्जेल। ६. म भन्ने पन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भवको[1] भावना छोडे त्यागे भाव अभाव नै।
चितिरूप[2] तपाईंमा कहाँ छन् वासनाहरू ? ३ । २

चिद्भिन्न[3] के अनुभव हुन्थ्यो अनुभवै म हुँ।
भिन्न हैनौं जीव र म मन औ जीव एक हो ॥ ३ । ७

मन हो इन्द्रियै फेरि एकै हुन् देह इन्द्रिय।
एकै हुन् देह र जगत् जगत्देखि छ के यहाँ ॥ ३ । ८

जो हो ज्यादै शत्रु ठुलो तुरुन्तै मार्न उद्यत[4]।
त्यल्लाई नै वास्तविक[5] मित्र जो देख्छ देख्छ त्यै ॥ ३ । १६

किनारका रूख जस्तै जरै साथ उखेल्छ जो।
डाहा र मित्रतालाई त्यसले दोष नास्दछ ॥ ३ । १७

मन, बुद्धि, अहंकार इन्द्रियै आदि जे पनि।
चैतन्य हुन् चेत्यहीन[6] खै जीवहरु छन् कहाँ ॥ ४ । १

गरेको भित्र मनन[7] वेदान्तैरूप मन्त्रले।
तृष्णा[8]-हैजा नष्ट हुन्छ शरद्ले हिउँ झैं त्यहाँ ॥ ४ । ४

जसको वाक्य ग्राह्य[9] हो भन्ने ठान्छ स्वचित्तले[10]।
तिन्कै वाणी भित्र पस्छ पानी झैं तप्त[11] खेतमा ॥ ४ । १२

आत्मा शरीरको हैन आत्मामा देह छैन यो।
यी हुन् आपसमा भिन्न अँध्यारो र प्रकाश झैं ॥ ६ । ६

पानीले झै कमलको देहैमा स्थित ब्रह्मको।
देहका साथ संबन्ध छैन कैले अलीकति ॥ ६ । १४

---

१. संसारको । २. चैतन्यरूप । ३. चैतन्यदेखि भिन्न । ४. तयार भएको । [५. सा]चोंच्चिको । ६. चिताइने विषय नभएका । ७. विचार । ८. तिर्सना रूपी [हैजा] । ९ लिन लायक । १० आफ्नो चित्तले । ११. तावेको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



त्याग्ने संवित्[१] परामर्श नगर्ने आत्मचिन्तन[२] ।
चेतनाले[३] हीन मूर्ख घाँस झैं चल्मलाउँछन् ॥ ६ । २२
मौजूद[४] नै छ सबको विचार्दा अविनाशि[५] चित्[६] ।
तर अज्ञानले गर्दा ज्यादै कृपण बन्दछन् ॥ ६ । २६
ताँदो झैं धनुको मूर्ख-बाट तर्जन[७]-गर्जन ।
सुनिन्छ मृत्युको लागि चैतन्य[८]-ज्ञान-वर्जित ॥ ६ । २८
ती मूर्खलाइ जो दिन्छन् हिलोमा त्यो त फ्याँक्छन् ।
कथा[९] त्यो सँग नभमा[१०] कुक्कुरैलाइ डाक्नु हो ॥ ६ । ३१
आपत्को स्थान अज्ञान त्यसमा दुःख हुन्न के ?
अज्ञानीको प्रमादैले यो संसार त चल्दछ ॥ ६ । ३२
यो संसार चलेको छ अज्ञानीको प्रमादले ।
अज्ञानीलाई आपत्ति आइलाग्छन् भयानक ॥ ६ । ३३
ज्ञानीलाई गोष्पद[११] झैं सानो हुन्छ जगत् जुन ।
त्यही नै दुर्जनैलाइ अपार र अगाध छ ॥ ६ । ४७
चैतन्य[१२]-भित्ता छ सफा त्यहाँ नै ली रङ्ग झै इन्द्रियरूप पाँच।
असंख्य संसारमयै त चित्र बनाउँछन् ती विधि[१३]-चित्रकार ॥७।४
संपत्ति या बहु[१४] विपत्ति थरी थरीका
बाल्यादिका[१५] मरणका अतिताप जो छन् ॥
जो डुब्दछन् सुख र दुःख[१६]परंपरामा ।
अज्ञानका सकल अन्ध[१७]विभूति हुन् ती ॥ ७ । ६७

---

१. चैतन्यको विषयमा छलफल २. आत्माको विचार । ३. म चैतन्य हुँ भन्ने भावले । ४. रहिरहेको । ५. नाश नहुने । ६. चैतन्य । ७. तर्साउनु र गर्जनु ८. चैतन्यको ज्ञानले रहित । ९. कुरा गर्नु । १०. आकाशमा । ११. गाईको पाइला । १२. चैतन्यरूपी भित्ता । १३. ब्रह्मारूपी चित्रकार । १४. धेरै । १५. बालख आदि अवस्थाका । १६. दुःखका ताँतीमा । १७. अँध्यारा संपत्ति ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



न छोइएको दृश्यैले शान्त सर्वात्मकै छ जो ।
कलनाले रहित त्यो सच्चिदानन्द-रूप हो ॥ ९ । २

उसबाट स्वतः उठ्छ कला[१] कलन[२]-रूपको ।
जस्तो भुमरिको रेखा पानीबाट त उठ्दछ ॥ ९ । ३

रजः सत्वतमो-रूप यही प्रकृति भन्दछन् ।
यही संसार हो यस्को पारी छ परमैपद ॥ ९ । ४

यी तीनै गुण नै हुन्छन् तीन तीन किसीमका ।
गुणरूप अविद्याको नौ भाग त लगाउँछन् ॥ ९ । ७

ऋषि द्यौता सिद्ध नाग मुनि विद्याधरैहरू ।
अविद्याका सात्विक हुन् भाग भन्ने तिमी बुझ ॥ ९ । ९

यो सात्विकै भागभित्र नाग विद्याधरै तम ।
रज हुन् सिद्ध र मुनि सत्व हुन् शिव आदि ता ।
राजसी तामसी सृष्टि पनि हो तीन तीन नै ॥ ९ । १०

स्थावरै हो[६] मौर्ख्य पिण्ड पुगेको तमको हद ॥
यसै हुंदा सत्त्वभाग रुद्र आदि त देवता ।
रहन्छन् देहहुन्जेल जगतमा तर मुक्त छन् ॥ ९ । १३

अविद्याको त यो भाग विद्या बन्छ यसै गरी ।
अविद्याको शुद्ध सत्व भाग विद्या कहिन्छ है ॥ ९ । १४

[४]विद्याऽविद्यादृष्टि छोडी रहू [५]चिन्मात्र [६]शेषमा ।
विद्या अविद्या छैनन् यी गर्दछौं किन कल्पना ॥ ९ । २०

१. चिदाभासको स्फूर्ति । २. जगत्को संस्कारको उद्बोधनरूप । ३. मूर्ख-को पिण्ड । ४. विद्या र अविद्या भन्ने विचार । ५. चैतन्य मात्र । ६. बाकी रहेको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



न जानिएको आत्मामा [१]जगद्भ्रान्ति खडा भयो।
जानेमा आत्मता हुन्छ ज्ञानको हद हो जुन ॥ १० । ४

राम भन्नुहुन्छ :—

ज्यादै बाक्लो मूर्खतामा पुगी स्थावर-देहमा।
रहेकाको वासना त्यो कस्तो हो भन्नुहोस् त्यही ॥ १० । ९

वशिष्ठ भन्नुहुन्छ :—

मन ता नहराएको मनबाट पनि [२]च्युत।
लिई [३]तटस्थता यो चित् स्थावरैमा रहन्छ है ॥ १० । १०

( यदि तटस्थता लिएर सत्ता मात्रले चित् रहने भए यी स्थावरहरूलाई मुक्ति त ज्यादै नजीक भयो भनी रामले भन्नु हुँदा वसिष्ठ भन्नुहुन्छ । ):—

जानेर जो वासनाको त्याग हो अति उत्तम।
सत्तासामान्य त्यो नै हो पद कैवल्य हो त्यही ॥ १० । १४
[४]आर्यका साथ शास्त्रको विचार र [५]प्रयत्नले।
[६]सत्ता-सामान्यस्थ हुनु हो पर ब्रह्म नै हुनु ॥ १० । १५
छिपेको भित्र मनन भएको लीन वासना।
जडधर्मी सुषुप्तै त्यो दिन्छ दुःखाकुलै जुनी ॥ १० । १७
रहँदा वासनाबीज सिद्धि दिन्न सुषुप्तिले।
वासना—बीज नहुने तुर्यले सिद्धि ल्याउँछ ॥ १० । २०
वासनाको शेष सानो यौटाले पनि बाँद्धछ।
त्यस्तै हुन् अग्नि रिन र रोग, शत्रुहरू पनि ॥ १० । २१
अविद्या रूपरहित जब देखिन्छ बोधले।
गलिहाल्छ त्यतिकैमा घामले हिउँ नै सरि ॥ १० । ३१

१. जगत्को भ्रान्ति । २. खसेको । ३. मुग्धतारूप लक्षण । ४. गुरु र सहपाठी । ५. मनन निदिध्यासन इत्यादिले । ६. सत्तासामान्य पदमा रहने ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



रक्त मासू हाडको यो यन्त्रमा म हुँ को भनी।
विचार गर्ना साथै यो अज्ञान स्वाट्ट भाग्दछ ॥ १० । ३९
गाग्रो र गाडा कपडाहरू यी चित् होइनन् भन्नु त हो अविद्या।
गाग्रो र गाडा कपडाहरू यी चैतन्य हुन् भन्नु कहिन्छ विद्या ॥ १०।४५
वारंवार यही राम ज्ञानका निति भन्दछु।
अभ्यासले विना आतम-भावना नउदाउने ॥ ११ । १
अज्ञान यो हो बलियो अविद्या पनि हो उही।
हजारौं जन्म देखिन्को यो छ गाढा भई स्थित ॥ ११ । २
आतमाको ज्ञान हो सारा इन्द्रियैंको [१]अगोचर।
छैंटों मनै पनी नष्ट भए छलंङ्ग हुन्छ जो ॥ ११ । ४
उम्रिएको हृदयमा अविद्या-लहराकन।
[२]ज्ञानाभ्यासै खुकुरिले सिद्धिका लागि काटियौ। ११ । ६

---

१. विषय नभएको। २. ज्ञानको अभ्यासरूपी।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## वोस्रो सर्ग

कुन निश्चयले शिव ब्रह्मा, वृहस्पति, शुक्राचार्य, नारद, पुलस्त्य, अंगिरा आदि मुक्त हुनुभयो ? त्यो आज्ञा होस् भनी रामले बिन्ति गर्दा बसिष्ठ भन्नुहुन्छ ।

देखिन्छ [1]विस्तृत यहाँ जो जगज्जाल[2] मायिक[3] ।
त्यो सारा निर्मल ब्रह्म हो भन्ने छ [4]व्यवस्थित ॥ ११ । १६
फुर्दछ ब्रह्ममा ब्रह्म अर्को म पनि होइनँ ।
हुन् गाग्रो कपडा सारा ब्रह्म नै म पनि त्यही ॥ ११ । २४
मूर्खको हो दुःखमय ज्ञानीको सुख हो जगत् ।
अँध्यारो अन्धको हुन्छ देख्नेको उज्वलै जगत् ॥ ११ । ३२
यहाँ नजानिदा आत्मा अज्ञान कहलाउँछ ।
जानेमा ता ज्ञान हुन्छ नास्ने अज्ञानलाइ नै ॥ ११ । ५१
नचिने बन्धु पनि ता बन्धु होइन भन्दछौं ।
चिनेमा बन्धु नै हुन्छ अबन्धु[5]-भ्रम नाशिदा ॥ ११ । ५२
घटमा पटमा त्यस्तै तटमा पनि भासित[6] ।
जाग्रतमा नै सुषुप्तस्थ[7] आत्माको भजनै गरौं ॥ ११ । ९४
भित्र औ बाहिर पनि प्रकाशित स्थितिस्थित[8] ।
अदूर[9] पनि दूरस्थ[10] आत्माको भजनै गरौं ॥ ११ । ९६
जाग्रत् स्वप्न सुषुप्तैमा तुर्य[11] तुर्याति[12] गामिमा ।
सँदै सर्वत्र समचित् आत्माको भजनै गरौं ॥ ११ । ९८

---

१. फैलिएको । २. जगत्को समूह । ३. मायाबाट पैदा भएको । ४. आफ्नो सत्य स्वरुपमा रहेको । ५. बन्धु होइन भन्ने भूल । ६. प्रकाशित । ७. सुषुप्ति स्थितिमा रहेको । ८. आफ्नों सत् स्थितिमा रहेको । ९. भित्र रहेको आत्मरूप हुँदा टाढा नभएको । १०. अज्ञानले गर्दा टाढा रहेका । ११ ज्ञानको चौथो भूमिका १२. चौथो भन्दा पनि माथिका भूमिकामा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जहाँ छ यो सब जगत् फेरि छैन रती पनि।
सत् असद्रूप यौटा चित् आत्माको भजनै गरौं ॥११।१०४

( योग र ज्ञानमा कुनचाहिं वेस हो भनी रामले प्रश्न गर्नुहुँदा वशिष्ठ भन्नुहुन्छ। ) :—

संसार तर्नका लागि यहाँ योग र ज्ञान छन्।
दुवै उपाय हुन् उस्तै उही फल दिलाउने॥१३।७
सक्दैनन् गर्न क्वै योग सक्दैनन् ज्ञान बुझ्न क्वै।
म ता रोज्छु ज्ञानलाई सजिलो ज्ञाननिश्चय[1] ॥१३।८
प्रख्यात प्राणापानैले[2] गुफ'मा[3] देहको स्थित[4]।
दिने अनन्त नै सिद्धि[5] प्रकारैं योगको सुन॥१३।१२

( लोकालोक पर्वतमा रहेका चिरंजीवी काकभुसुराडकहाँ उहिले म गएँ। अनि केही कुराकानी भइसकेपछि कल्पवृक्षको टुप्पामा रहेका उहाँलाई मैले सोधें, तपाईहरूलाई मृत्युले किन बाधा दिंदैन ?' त्यसपछि श्री काकभुशुराडले जे जवाफ दिनुभयो, त्यो सुन भनी रामलाई वसिष्ठ भन्नुहुन्छ। ) :—

उनिएको दोषमोती[6] [7]वासना-रूप-सूत्र नै।
जस्को हृदयमा छैन मृत्युले मार्दिन[7] त्यो॥२३।५
करौंती श्वासवृक्षैका[8] शरीरैंका घुनैंसरि।
चिन्ताले जो सताइन्न मृत्युले मार्दैन त्यो॥२३।६
राग र द्वेषले पूर्ण मनको प्वालमा बसी।
डसिन्न लोभ-सर्पैले[9] भने मार्दैन मृत्युले॥२३।८

---

१. ज्ञानको निश्चय। २. प्राण र अपानरूपले। ३. भित्र। ४. रहेको। ५. आकाशमा उड्नु आदि सिद्धि। ६. दोषरूपी मोती। ७. वासनारूप धागों। ८. श्वासरूपी रूखका। ९. लोभ-रूपी सर्पले।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ज्यादै पवित्र त्यो स्वच्छ एउटै पदमा मन।
सदै बिसाउँदछ जो मृत्युले मार्दिन त्यो ॥ २३ । ११
शरीरभित्र रहने वानरै सरि चञ्चल।
मन छैन भने आफ्नो मार्न खोज्दैन मृत्युले ॥ २३ । १२
[1]संसार-रोगका[2] हेतु यी [3]महादोषले यहाँ।
समाहितै[4] चित्तलाई छुँदै छुन्नन् रती पनि ॥ २३ । १३
प्रकाशमान ती लाभ ठूला र गुणवान् पनि।
पछिलाग्छन् त्यसैको नै जसको चित्त शान्त छ ॥ २३ । १९ ॥

( प्राणको गति कस्तो हो भनी वसिष्ठले सोध्नुहुँदा काकभुशुण्ड भन्नुहुन्छ । )

निरन्तरै स्पन्दशक्ति[5] हुने यो प्राणवायु छ।
भित्र बाहिर देहैको जान्छ यो प्राणमास्तिर ॥ २४ । ३ ॥
अपान पनि नित्यै नै स्पन्दशक्ति हुने हुँदा।
भित्र बाहिर देहैको तर यो जान्छ तल्तिर ॥ २४ । ४ ॥
भित्री हृदयकमलै[6]-बाट आफैं त प्राणको।
बाह्य[7] उन्मुखता[8] यत्नै- विना रेचक भन्दछन् ॥ २४ । ६ ॥
बाह्रअङ्गुल नै सम्म जाने वाहिर तल्तिर।
प्राणको अङ्गसंस्पर्श-लाई पूरक भन्दछन् ॥ २४ । ७ ॥
अपान बाहिरै-बाट पस्दा भित्र अयत्नले।
मूर्धादिको[9] स्पर्शलाई पनि पूरक भन्दछन् ॥ २४ । ८
अस्ताएमा अपानै त्यो हृदयैमा जहाँ तक।
प्राणचाहिँ उदाउन्न अवस्था हुन्छ कुम्भक ॥ २४ । ९

१. संसाररूपी रोगका। २. कारण। ३. ठूला दोषले। ४. सावधान भएको अर्थात् शान्त। ५. चल्ने शक्ति भएको। ६. हृदयरूपी कमलबाट। ७. बाहिरी। ८. उन्मुख हुनु। ९. अङ्गको स्पर्शलाई। १०. नाकको अग्रभाग देखि मूर्धा अर्थात् शिरसम्मको र मूर्धादेखि हृदयसम्मको।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बाह्र अंगुल नै सम्म नासाग्रै[1] को त संमुख।
अकासमा अपानैको स्थिति कुम्भक भन्दछन् ॥ २४। १३
बाहिर प्राण अस्ताए जबसम्म अपान त्यो।
उदाउन्न त्यही वेला हुन्छ कुम्भक वाहिर ॥ २४। १६
यस्तो अभ्यास गर्नेको बाह्यै विषय-वृत्तिमा।
चित्त रंदैन कुत्ताको छालामा ब्राह्मणैसरि ॥ २४। २४
बाह्य[2] आकाशमा जान्छ प्राण अग्निशिखा[3] सरि।
[4]हृदाकाशतिरै बग्छ अपान जल झैं तल ॥ २५। ३२
अपान चन्द्रमा पार्छन् तृप्त वाहिर-बाट ता।
प्राणरूपी सूर्यले ता देह-पाक गराउँछन् ॥ २५। ३३
अस्ताएमा प्राण हुँदा अपान उदयोन्मुख[5]।
बाहरी कुंभकै गर्दा फेरि सोचिन्न क्यै पनि ॥ २५। ५०
अस्ताउँदा अपानै त्यो उदयोन्मुख प्राणमा।
भित्री कुम्भक गर्नाले फेरि सोचिन्न क्यै पनि ॥ २५। ५१
फूलभित्र सुगन्धै झैं प्राणभित्र अवस्थित[6]।
अपान[7]-प्राण-भिन्नै तो गर्छौं भक्ति चिदात्मको[8] ॥ २५। ६१
अन्तस्थ[9] प्राणक्षयको अपान[10]क्षयकोटिग।
अपान प्राणको बीच चित्को[11] गर्छौं उपासना ॥ २५। ६३
जस्मा सबै छ जस्वाट भयो सब सबै छ जो।
जो सर्वमय नित्यै हो त्यो चित्तत्त्व उपास्दछौं ॥ २५। ६६

---

१. नाकको अग्रभागको। २. बाहिरी। ३. आगोको ज्वाला। ४. हृदयाकाशतर्फ। ५. उदाउन आँटेको। ६. रहेको। ७. अपान र प्राणदेखि भिन्न। ८. चैतन्यरूप आत्माको। ९. अन्तमा रहेको। १०. अपानको नाश भएपछि पनि रहेको। ११. चैतन्यको।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अपान नउदाएको प्राण अन्त भयो जहाँ।
नासाग्रको[१] अकासैमा[२] स्थित[३] चित्तत्त्व भज्दछौं ॥ २५ । ६८
अस्ताउँछ जहाँ प्राण अपान पनि गुंदछ।
जहाँ छैनन् ती दुइ नै त्यो चित्तत्त्व उपास्दछौं ॥ २५ । ६९
हिंड्दा र उभिंदा बस्दा जाग्रत्-स्वप्न-सुषुप्तिमा।
कहिले पनि टुट्दैन मेरो आत्म-समाधि ता ॥ २६ । ३
चिन्ता गर्दिनँ कहिले भविष्यत्को[४] र भूतको[५]।
वर्तमानै[६] आत्मदृष्टि लिई रहिरहन्छु म ॥ २६ । ८
केही सराउन्नँ कहीं निन्दा पनि म गर्दिनँ।
आफ्नो या अरुको कलै त्यसैले भाग्यवान् भएँ ॥ २६ । १३
[७]विलासिनी, काठ आगो पहाड हिंउ घाँसमा।
सबैतिर समै देख्छु तस्मात् नीरोग बाँच्दछु ॥ २६ । १७
सबेरै के भयो आज पछि होला त फेरि के ?
यस्तो चिन्ताजरो छैन तस्मात् नीरोग बाँच्दछु ॥ २६ । १८
यो बन्धु हो यो पराई यो मेरो यो पराइको।
यस्तो भेदै जान्दिनँ म तस्मात नीरोग बाँच्दछु ॥ २६ ।२०
लिंदा घुंदा सास फेर्दा सुन्दा उठ्दा र दौडँदा।
म हुँ देह नभन्नालें चिरजीवी भएँ यहाँ ॥ २६ । २२
सुखीसँगै हुन्छु सुखी दुःखीसँग छु दुःखित।
प्यारो मित्र सवैको छु तस्मात् नीरोग बाँच्दछु ॥ २६ । ३४
गाग्रो चित् हो चित् कपड़ा चित् गाडा र वनै तहुन्।
संपूर्णमा छ चिद्भाव तस्मात् नीरोग बाँच्दछु ॥ २६ । ३८

---

१. नाकको अग्रभागको। २. शुद्ध आकाशमा। ३. रहेको। ४. पछिको।
५. गइसकेको कुराको। ६. अहिलेको। ७. विलास गर्ने स्वास्नीमानिस।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



( त्यसपछि काकभुशुण्डिसित बिदा भएर म आएँ भनी कथा टुंग्याएर वसिष्ठ भन्नुहुन्छ । ):—

सुखपूर्वक शय्यामा सुत्दा [१]स्वप्नशरीरले ।
कति [२]देशान्तर घुम्यौ त्यो शरीर कहाँ छ खै ॥ २८ । २०

लामो स्वप्न भनी ठान या लामो [३]चित्त—विभ्रम ।
या त लामो [४]मनोराज्य हो संसार भनी बुझ ॥ २८ । २८

जे काम दिनमा गर्छौं त्यही देखिन्छ स्वप्नमा ।
त्यस्तै जे भावना गर्छौं उस्तै संसार बन्दछ ॥ २८ । ३८

जगत् आभास[५] मात्रै हो न सत् हो न असत् भनो ।
सारा नै कल्पना त्यागनु राम्ररी हेर्नु भन्दछन् ॥ २८ । ४७

मर्नु बाँच्नु स्वर्ग ज्ञान अज्ञान पनि हुन् यहाँ ।
[६]चिदाभासै मात्र भनी [७]एकता ठीक हेर्नु हो ॥ २८ । ४८

तँ म इत्यादि संसार छैन सारा दिशातिर ।
आफ्नो आभास मात्रै हो भन्नु राम्ररि हेर्नु हो ॥ २८ । ४६

सारा बन्धुहरूले नै मर्नुपर्छ अवश्य नै ।
तस्मात् [८]बन्धुवियोगैमा पिरिन्छौ किन व्यर्थ नै ॥ २८ । ५३

म हैन यो सत्य छैन भोग भन्ने निधो गरे ।
आडम्बरै यो जगत्को [९]दुःखदायी हुँदैन है ॥ २८ । ७०

---

१. सपनाको शरीरले । २. अरु देश । ३. चित्तको भ्रान्ति । ४. मनमा उठेका कल्पना । ५. झझल्को । ६. चैतन्यको प्रकाश । ७. चैतन्य मात्र बाँकी रहनु । ८. बन्धुहरूको वियोगमा । ९. दुःख दिने ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



राग र द्वेष नै सर्प मनको प्वालमा नभे ।
त्यो कल्पवृक्षदेखिन् के पाइँदैन मनुष्यले ॥ २८ । ७७

हुन् बुद्धिमान् र चतुरा हुन् ज्ञाता शास्त्रका तर ।
रागी द्वेषी छन् भने ता धिक्कार छ ति श्यालमा ॥ २८ । ७८

जन्म तिम्रो हैन छैनन् दुःख, दोष, भ्रमै पनि ।
सारा संकल्प छोडेर आफैंमा स्थित भैरहू ॥ २८ । ९४

( यस्तो सुन्दासुन्दै आधा मुहूर्त सम्म स्वरूपमा विश्रान्त अर्थात् समाधिमा रही व्यूँ झेका रामलाई वसिष्ठ भन्नुहुन्छ । ) :—

यस्तो [1]संसार-चक्रैको [2]नाभि संकल्प मात्र हो ।
त्यो संकल्पै रोकिंदिए अड्छ संसार-चक्र नै ॥ २९ । ५

[3]चित्रको पुरुषै जत्ति स्थिर छैन शरीर यो ।
विगारे मात्र बिग्रन्छ नत्र नाशिन्न त्यो[4] त्यसै ॥ २६ । १५

शरीर हाडमासूको गर्दा पनि हिफाजत ।
नाशिन्छ नै अतः श्रेष्ठ वरु [5]चित्र-शरीर हो ॥ २६ । १७

अहंकारै-रूप सर्प टोड्कोमा छ भने स्थित ।
[6]शरीर-वृक्ष त्यो चाँडै ढालिने छ अधीरले ॥ २६ । ५२

घ्याँकेको [7]चित्त-यक्षैले जनलाई बचाउन ।
न शास्त्रले न गुरुले बन्धुले न त सक्तछन् ॥ २६ । ६८

१. संसाररूपी चक्रको । २. पाङ्राको वीचको धुर छिराउने प्वाल । ३. तस्वीरको । ४. तस्वीरको पुरुष । ५. तस्वीरको शरीर । ६. शरीररूपी रूख । ७. चित्तरूपी यक्षले ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## तेस्रो सर्ग

( यही प्रसङ्गमा रामलाई वसिष्ठ भन्नुहुन्छः—पहिले कैलासमा भजन गरेर बसिरहेको बखतमा श्रावण-कृष्णपक्षको अष्टमीको राती पार्वतीका साथ शिवजी पाल्नुभयो, अनि मैले यथाशक्ति पूजा गरें। त्यसपछि 'हजूरको पूजाको विधान के हो ? भनी मैले विन्ति गर्दा भगवान् शिवजीबाट आज्ञा भयो ) :—

[1]अनादि [2]अकृत्रिम ती देवता स्वप्रकाश हुन् ।
आकार आदिले ज्यादै सीमितै कसरी हुनु ॥ २६ । १२१

[3]शिवतत्त्व नजानेका लाई [4]साकार-पूजन ।
चारकोशै [5]नहिंड्नेमा विधि हो एक कोशको ॥ २६ । १२४.

यत्ति भन्ने [6]परिच्छिन्न फल हो रुद्र आदिको ।
आनन्द अकृत्रिम त्यो फल हो आत्मदेवको ॥ २६ । १२५

[7]बोध, [8]साम्यै, [9]शम पनी तीन हुन् फूल उत्तम ।
पूज्य हुन् शिव [10]चिन्मात्र भनी [11]पूजाज्ञ भन्दछन् ॥ २९ । १२७.

शम बोधादि फूलैले पुजिन्छन् आत्मदेवता ।
त्यही नै हो आत्मपूजा हैन [12]आकार-पूजन ॥ २६ । १२८

---

१. आदि नभएका । २. बनावटी नभएका । ३. चैतन्य तत्व । ४. साकारको पूजा । ५. हिंड्न नसक्नेमा । ६. खण्डित । ७. यथार्थ ज्ञान अर्थात् आत्मालाई राम्ररी जान्नु । ८. आत्मा सर्वत्र छाइएको देख्नु । ९. चित्त शान्त हुनु । १० चैतन्य मात्र । ११. पूजा गर्न जान्नेहरू । १२. आकारको पूजा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आत्मा नै भगवान् देव शिव हुन् मुख्य कारण ।
तिनलाई ज्ञानले नै पूजा गर्नू सँदैभरी ॥ २९ । १३१

हुनुहुन्छ [१]चिदाकाश [२]पारावार-विवर्जित ।
असंभवै हो दृश्यै ता प्रलयैमा रहन्न क्यै ॥ २९ । १३४

आकाश परमाकाश व्रह्माकाश जगत् चिति ।
यी ता पर्याय शब्दै हुन् जस्तो वृक्ष र रूख झैं ॥ २९ । १४१

जस्तो विदाकाश मात्रै स्वप्नका हुन् घटादि ती ।
जाग्रत्को यो सृष्टि पनि त्यस्तै चैतन्य मात्र हो ॥ २९ । १४७

बुद्धि जस्को शुद्ध छैन चित्त चञ्चल हो सँदै ।
तिनका लागि विधि हो पूजा [३]कृत्रिम देवको ॥ ३० । ५

छैनन् टाढा रहेका ती छन् [४]प्राप्य सबको सँदै ।
शरीरैमा रहेका छन् छन् सर्वत्र अकासमा ॥ ३० । २१

[५]चित्-सत्ता छ शरीरैमा [६]सर्वभूतमयात्मक ।
यो [७]चलोन्मुख यौटा हो अर्को ता [८]निर्विकल्प हो ॥ ३० । ६७

त्यही नै मानिस पनि अर्कै झै हुन्छ रीसले ।
यस्तै हो सविकल्पै चित् यहाँ देखिन्छ भिन्न झैं ॥ ३० । ६९

मनोरूप हुँदा चित् नै लिन्छ संसार आश्रय ।
चण्डाल हूँ भनी ठाने द्विज चण्डाल झैं हुने ॥ ३० । ७३

---

१. चैतन्यरूपी आकाश । २. पारी वारी इत्यादि कल्पनाले रहित अर्थात् अखण्डित । ३. साकार । ४. पाउन लायक । ५. चैतन्य । ६. सारा भूतरूप । ७. फुर्न उन्मुख भएको । ८. स्फुरणले रहित ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बाँच्दा नाना किसिमका व्यवहार त गर्छ जो।
चल्न सकदैन तत्कालै जाँदा प्राण अचेत त्यो ॥ ३१ । ५३
[1]पुर्यष्टकैमा पर [2]चित् [3]प्रतिबिम्बित देखिने।
ऐनामा मात्र छाया त्यो पर्छ देखिन्न अन्त ता ॥ ३१ । ५४
समग्रै कार्यको हेतु पुर्यष्टक मनै त हो।
त्यसको लक्षणै नाना गर्छन् संकल्पले अरू ॥ ३१ । ५५
स्वभाव बिर्सनाले नै चित् ता चित्त यहाँ भयो।
मोहले चित्त बिग्रेमा ठूलो बन्दछ [4]दीन झैं ॥ ३२ । ९
[5]शरीर-गाडा तान्नाको लागि [6]कर्मकरै [7]दृढ़।
मन र प्राणको उब्जा परमेश्वरले गरे ॥ ३२ । १२
[8]पुर्यष्टक शरीरैमा रहुन्जेल त बाँच्दछ।
पुर्यष्टक गएमा त भन्छन् सब मऱ्यो भनी ॥ ३२ । ३१
यी देहरूपका फोका फुर्दछन् [9]चित्समुद्रमा।
नानाथरीका तिनमा पर्दैनन् भर बुद्धिमान् ॥ ३२ । ५१
हुँदा पनि व्यापक चित् चित्तमा हुन्छ [10]बिम्बित।
ऐना विना अन्त छाया देखिदैन पदार्थको ॥ ३२ । ५२
लहरा मात्र हुन् जस्तै पालुवा फूल पात यी।
त्यस्तै तिमी म र जगत् द्वैत हुन् [11] चिति मात्र नै ॥ ३३ । १२

---

१. यहाँ भूत, अन्तः करण, प्राण, इन्द्रिय, अविद्या, काम, कर्महरूको जमात। २. चैतन्य। ३. प्रतिबिम्ब परेको। ४. दुःखी। ५. शरीररूपी गाडा। ६. काम गर्ने। ७. बलिया। ८. पाँच महाभूत, अन्तःकरण, प्राण, इन्द्रिय, अविद्या, काम, कर्महरूको जमात। ९. चैतयन्यरूपी समुद्रमा। १०. प्रतिबिम्ब परेको। ११. चैतन्य मात्र।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पुष्ट संकल्प मात्रैले पलाएको छ दुःख यो ।
संकल्प मात्र त्यागनाले नष्ट हुन्छ छ कष्ट के ? ३३ । ३४

जो जस्तो भावना गर्छन् यी आत्मा [1]सर्वशक्तिमान् ।
त्यो त्यस्तै देख्दछन् स्वाट्टै आफ्नो संकल्प-चित्रण ॥ ३३ । ४१

संपूर्ण बीजको बीज सार संसारको अनि ।
कर्मको कर्म परम यो [2]चिद्धातु छ निर्मल ॥ ३६ । २

चित्‌को पूजा ध्यान नै हो अरु होइन क्यै पनि ।
तस्मात् जगत्‌का आधार-लाई पुज्नु त ध्यानले ॥ ३८ । ६

हजारौं कान आँखा र शिर हात हुने अनि ।
ज्यादै शान्त महादेव-लाई पुज्नू त ध्यानले ॥ ३८ । १७

सँदै त्यसै पाइने त्यो [3]अविनाशी र शीतल ।
यौटै अमृत बोधैले पुजिन्छन् यी महेश्वर ॥ ३८ । २४

तेह्रै [4] निमेष नै सम्म पूजा ध्यानमयै गरे ।
मूर्खले पनि [5]गोदान-फल पाउँदछ त्यसै ॥ ३८ । ३१

निमेष एक सय नै पूजा ध्यानमयै गरे ।
त्यो अश्वमेध-यज्ञको फल पाउँछ मर्त्यले ॥ ३८ । ३२

चढाउँदै ध्यान-बलि आफैले आफुलाइ नै ।
पूजा गरे एक घडी राजसूय-फलै हुने ॥ ३८ । ३४

पूजा गरे दिनभरी पुग्दछन् पर धाममा ।
यही हो योग परम यही हो परमा क्रिया ॥ ३८ । ३६

---

१. सारा शक्ति भएका । २. चैतन्यरूपी धातु । ३. नाश नहुने ।
४. आँखा झिम्म गर्दाको समय । ५. गाई दान गरेको फल ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हिँड्दा र उभिँदा सुत्दा जाग्रत्मा व्यवहारमा ।
सबैमा अनुकूलै हो पूजा ध्यानमयै सदा ॥ ३९ । २

गरोस् पूजा [१]स्वतः प्राप्त सारा वस्तु चढाउँदै ।
[२]अपूर्व वस्तुमा यत्न नगर्नू कहिले पनि ॥ ३९ । ३१

दारिद्र्य होस् या राज्यै होस् [३]प्रवाहपतितै भए ।
विचित्र [४]चेष्टापुष्पैले आत्माको गर पूजन ॥ ३९ । ३७

वास्ता नराख [५]नष्टैको लेऊ प्राप्त कुराहरू ।
[६]निर्विकार भई यस्तो आत्माको गर पूजन ॥ ३९ । ४४

म हुँ यो हैन यो ता म यो विभाग हटाउँदै ।
ब्रह्म सारा भनि निधो गरी पूजा गरोस् सँदै ॥ ३९ । ४८

शास्त्रार्थको र गुरुको वचनैले नजानिने ।
आत्मा आफैं जानिने हो आफ्नै बोध भए पछि ॥ ४१ । १५

[७]शास्त्रार्थ गुरुको अर्ती विना आत्मा न जानिने ।
भए संयोग यिनको आत्मज्ञान उदाउने ॥ ४१ । १६

गुरु शास्त्रार्थ शिष्यैको [८]चिरसंयोग नै हुँदा ।
दिनमा [९]जन-चेष्टा झैं आत्मज्ञान उदाउने ॥ ४१ । १७

शिव आत्मा परब्रह्म आदि [१०]शाब्दिक भेद ता ।
पुरानाले गरे तस्मात् छैन वास्तव भेद ता ॥ ४१ । २५

---

१. आफैं । २. फूल, धूप, दीप इत्यादिमा । ३. प्रवाहले ल्याएको । ४. रूपी फूलले । ५. नाश भएका वस्तुको । ६. राग, द्वेष आदि विकार नभई । ७. शास्त्रको अर्थ । ८. धेरै समय सम्मको संयोग । ९. जनको चेष्टा । १०. शब्द-मी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अहंतामा जगत्मा र मरुको जलमा पनि ।
आस्थावान्लाइ धिक्कार अर्तीको योग्य हैन त्यो ॥ ४१ । ५८

( इत्यादि शिवपूजाको विधि बताएर भगवान् शिव अन्तर्धान हुनुभएपछि फे
वसिष्ठ रामलाई भन्नुहुन्छ ) । :—

[१]ग्राह्य-ग्राहक-संबन्ध हो [२]सामान्य [३]समग्रको ।
आसक्ति छोड्नु तर हो योगीको [४]आत्मपूजन ॥ ४३ । ८
खालि इन्द्रियका साथ वर्तमान कुरा लिई ।
असङ्ग मनले जे जे गर्छौं त्यो ता नगर्नु हो ॥ ४४ । १
पाएको छिनमा जस्तो वस्तुले सुख दिन्छ त्यो ।
हुँदैन पछि भन्ने ता गर्दैन [५]अनुभूति को ॥ ४४ । २
इच्छा पुग्दा [६]तुष्टि जो हो त्यस्मा इच्छा छ कारण ।
अतुष्टि सम्म हो तुष्टि छोड इच्छा त्यसै हुँदा ॥ ४४ । ४
टाढा जाँदा बिम्बदेखिन् नपुगुन्जेल [७]भित्तिमा ।
चन्द्रको चाँदनीको जो रूप हो त्यै छ ब्रह्मको ॥ ४८ । ९
[८]देह-गाग्राहरू लाखौं जन्मन्छन् मर्दछन् पनि ।
तर [९]आत्माकाश व्याप्त त्यो [१०]खंडित हुँदैन है ॥ ४८ । १५
यी ईश्वर [११]अरूपै छन् नित्य छन् एक छन् अनि ।
वश [१२]भाव-विकारैको पर्दैनन् कहिले पनि ॥ ४९ । ९
दुर्बुद्धि मूर्खलाई ता सारा ब्रह्म भन्यो भने ।
ठुटोलाई दुःख बिन्ती गर्‍यो ठानेर मित्र नै ॥ ४९ । २०

---

१. ग्राह्य अर्थात् लिइने वस्तुको र ग्राहक अर्थात् लिनेको संबन्ध । २. साधारण । ३. साराको । ४. आत्माको पूजा । ५. अनुभव । ६. आनन्द । ७. भित्तामा । ८. शरीररूपी गाग्राहरू । ९. आत्मारूपी आकाश । १०. टुक्रिने ११. रूप नभएका । १२. भाव र अभावका विकारको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



युक्तिद्वारा बुझाइन्छ मूर्खं विद्वान् त तत्त्वले ।
युक्तिले नबुझाएमा मूर्ख बन्दैन पण्डित ॥ ४९ । २१
प्रकाशरूप चैतन्य आत्मा हुँ व्यापकै भनी ।
हिँड्दा र सुत्दा उभिदा बस्दा अनुभवै गर ॥ ४९ । २५
[1]ज्ञत्व, [2]कर्तृत्व [3]भोक्तृत्व [4]साक्षित्वै आदि [5]धर्मवान् ।
जो संवित् भनिने जीव त्यही पुर्यष्टकै बुझ ॥ ५१ । १८
मन, बुद्धि, अहंकार त्यस्तै [6]तन्मात्र-पञ्चक ।
हो यत्ति पुर्यष्टक ता देह यो आतिवाहिक ॥ ५१ । ५०
[7]जीवाणुको वासनान्त [8]सौषुप्ती स्थिति फुर्दछ ।
हुँदा त वासना बाक्लो जीव स्थावर बन्दछ ॥ ५१ । ६६
[9]मध्य-वासन हो [10]तिर्यक् मर्त्य हो [11]तनुवासन ।
हुँ देहभन्दा भिन्नै म जगत् देखिन्छ बाहिर ॥ ५१ । ६७

(यही प्रसङ्गमा पछि जन्म लिने नरावतार अर्जुन झैं तपाइँ पनि ज्ञानी हुनुहोस् । रव र पाण्डवहरूको लडाइँ हुन लाग्दा पाण्डुका साहिला छोरा अर्जुनलाई खेद स हुनेछ र उनी धनु फ्याँकेर वाल्ल पर्नेछन् । त्यस बखतमा नारायणावतार सुदेवले यस्तो उपदेश दिनुहुनेछ भनी वसिष्ठ रामलाई भन्नुहुन्छ ) । :—

जो यल्लाई ठान्छ मार्ने मरेको फेरि ठान्दछ ।
दुवै ती हुन् न जान्ने नै यो न मार्छ न मर्दछ ॥ ५२ । ३७
जस्तो [12]संवित् भित्र फुर्छ त्यस्तै अनुभवै हुँदा ।
हुँ म यो हैन यो ता म यस्तो दुर्ज्ञान छोडियौ ॥ ५३ । ३

१. जान्ने पन । २. गर्नेपन । ३. भोग्ने पन । ४. साक्षीपन । ५. धर्म एको । ६. पाँच तन्मात्रा । ७. जीवरूपी अणुको । ८. सुषुप्तिको जस्तो । ९. झौला वासना भएका । १०. पशुपक्षी । ११. थोरै वासना भएको । १२. ज्ञान ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आँखा देखोस् कान सुनोस् छाला स्पर्श गरोस् अनि ।
जिभ्रोले रस नै लेओस् म भन्ने स्थिति के यहाँ ॥ ५३ । ६

धेरै मिली गरेकोमा यौटाले अभिमान ली ।
पिरिए उपहासैको पात्र हुन्छ त्यही यहाँ ॥ ५३ । ८

हटेमा [1]सर्वसंकल्प प्रशान्तै वासना भए ।
भावना नहुँदा केही आत्मा हो ब्रह्म भन्दछन् ॥ ५३ । २२

हो [2]चिदाकारता ज्ञान त्यही हो योग नै पनि ।
जगत् म सारा ब्रह्मै हो भन्नु ब्रह्मार्पणै त हो ॥ ५३ । २०

कर्मको फलको त्याग-लाई संन्यास भन्दछन् ।
[3]संकल्प-जालको त्याग असंसङ्ग भनिन्छ है ॥ ५३ । ३३

संपूर्ण [4]कलनाजाल ईश्वरै मात्र हो भनी ।
द्वैतको [5]भास नै त्याग्नु ईश्वरार्पण खास हो ॥ ५३ । ३१

जब सम्मन् ज्ञान हुन्न अज्ञानी म हुँ भन्दछौ ।
तब सम्मन् भक्तिसाथ पूजा साकारको गर ॥ ५३ । ३८

क्रमैले बोधवान् बन्दा अनादि र अनन्त त्यो ।
परमै पद बुझ्नेछौ हुन्न जन्म त्यसै हुँदा ॥ ५३ । ३९

साराको चित्तमा भित्र जो ज्योति छ [6]प्रकाशक ।
[7]अनुभूति हुँदा भन्छन् म हुँ आत्मा त्यही भनी ॥ ५३ । ४६

मोतीका सय गेडामा जसरी [8]तन्तु भित्र छ ।
त्यस्तै लाखौं शरीरैमा भित्र आत्मा [9]अदृष्ट छ ॥ ५३ । ५२

---

१. सारा संकल्प । २. चैतन्य मात्र हुनु । ३. संकल्पको समुदायको
४. कल्पनाको समूह । ५. भान । ६. प्रकाश गर्ने । ७. अनुभव । ८. धागो
९. नदेखिएको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



[१]असत्को [२]भाव नै हुन्न सत्को हुन्न अभाव ता ।
छैनन् यी सुखदुःखादि परमात्मा छ व्यापक ॥ ५४ । ७
डोरीमा डर सर्पैको डोरी जानेर नाशिने ।
त्यस्तै संसारको दुःख नाशिने [३]आत्मबोधले ॥ ५४ । १४
पुरानो [४]वासना-मूल काटिन्छ पुरुषार्थले ।
हिजोको पाप आजैको पुण्यले भस्म बन्दछ ॥ ५५ । ३१
यो कर्म छोड्छु यो कर्म गर्छुं भन्ने घमन्ड ता ।
रूप हो मूढ मनको ज्ञानीको हो [५]सम स्थिति ॥ ५६ । ५
[६]प्रवाह-पतितै कर्म गर्ने ती शान्त—चित्तका ।
जीवन्मुक्तहरू हुन्छन् [७]सुषुप्ति-स्थितिमा सँदै ॥ ५६ । ६
हे अर्जुन यहाँ जान कुरा ज्यादै अचम्मको ।
पैले चित्र खडा हुन्छ पछि भित्ता उदाउँछ ॥ ५७ । १
[८]अभित्तिमा [९]चित्र बन्दा भित्ता[१०] देखिन्छ विस्तृत ।
ओहो माया विचित्रै छ तुंबा डुब्छ शिलासरि ॥ ५७ । २
अभ्यासले हृदयमा बलेको [११]ज्ञान-वह्निले ।
डढेको [१२]वासनाबीज फेरि उम्रिन्न क्यै गरो ॥ ५७ । १०

अर्जुन भन्नुहुनेछः—

गयो [१३]मोह [१४]स्मृति मिल्यो तपाईंका प्रसादले ।
भएँ म शङ्कारहित आज्ञा मान्छु तपाइँको ॥ ५८ । १

---

१. नभएकाको । २. हुनु । ३. आत्माको ज्ञानले । ४. वासनाको जरो । ५. एकनासको । ६. प्रवाहले पारेको । ७. सुतेको जस्तो ज्ञानस्थितिमा । ८. भित्ता नभएको अर्थात् आश्रय नभएकोमा । ९. जगत्‌रूपी चित्र । १०. पञ्च-महाभूत आदि भित्ता । ११. ज्ञानरूपी आगोले । १२ वासनाको बीज । १३. अज्ञान । १४. आत्माको दर्शन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



( यसपछि अर्जुनले धनु उठाउनुहुनेछ भनी कथा टुंग्याएर वसिष्ठ रामलाई भन्नुहुन्छ । )

## चौथो सर्ग

पाप नास्ने यही दृष्टि उघार्दै रघुनन्दन ।
रहू निःसङ्ग संन्यास ब्रह्मार्पणमयै भई ॥ ५९ । १

भोगको भावना त्याग्नु ज्ञानीको हो [1]सुलक्षण ।
तस्मात् ज्ञानी स्वभावैले गर्दैनन् भोग[2]भावना ॥ ५९ । २९

सत्ता[3]सामान्य हो सारा हीन आदि र अन्त्यले ।
व्यापकै हो प्राप्त नै हो वस्तु तत्त्व त्यही त हो ॥ ६० । ८

नाना भेद असत्यै हो तर सत् चित्स्वभावले ।
अजमायो कल्पनाबाट वेतालैसरि बालले ॥ ६०।२२

( वसिष्ठ भन्नुहुन्छ, हे राम' पहिले कुनै भिक्षु समाधिको अभ्यास गर्थे, तर उनी कहिले कही कल्पना पनि गर्थे एक दिन उनले सामान्य जनको वृत्ति उठाए अनि उनी चित्त-पुरुष बने । त्यसको जीवट भन्ने नाम आफैंले राखे । ती स्वप्न पुरुष स्वप्नका शहरमा घुंन थाले । फेरि ब्राह्मण भएर वेदको पाठ गर्न थाले, फेरि सामन्त भए, अनि राजा भए, फेरि स्वप्नमा देवताकी स्त्री भए । त्यसपछि मृगी, लहरा, भमरा भए । त्यसपछि हात्तीले आएर भँमरा बसेको कमल खायो, अनि उनी हात्ती भए । यसै गरी पछिबाट उनी रुद्र भए । अनि उनले आफ्ना सयौं स्वप्नको विचार गर्न थाले ) :—

अत्यन्त नै अचम्मैको [4]संसार-वन-भूमिमा ।
साँचो ठानेर त घुमें ओहो भ्रान्त भएछु म ॥ ६३।२२

जीवको जो दृढाभ्यास अविघ्नैले उदाउँछ ।
अरू जन्म पनि भए त्यो उस्कै पछि लाग्दछ ॥ ६३।२८

---

१. असल लक्षण । २. भोगको भावना । ३. शुद्ध चैतन्य । ४. संसार रूपी जंगलमा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आकाशको रङ्गसरी यो जगत्को महाभ्रम।
नचिताउनु मात्रैले सक्छ स्वाट्टै हटाउन॥ ६३।३५

( यस्तो धेरै मनन गरेपछि सारा स्वप्नलाई हेर्छु र एक तुल्याउँछु भनी रुद्रले पैले विहारमा सुतिरहेका भिक्षुलाई ब्यूँझाए। भिक्षुले पनि सारा भएका घटना संझे, अनि अचम्म माने। अनि दुवै जीवटको संसारमा गए। जीवटलाई ब्यूंझाए पछि तीन जना भए। यसै गरी ब्राह्मण, राजा आदि सबै जम्मा हुँदा सय रुद्र भए। इत्यादि कुरा वसिष्ठले बताउनु भएपछि राम भन्नुहुन्छ ) :—

भिक्षु-संकल्प-रूपैका जीवट-ब्राह्मणा-दि तो।
सत्य केले हुन गए के [1]संकल्पित सत्य हो॥ ६४।९

वसिष्ठ भन्नुहुन्छ :—

जे जे देखिन्छ स्वप्नैमा देख्छौ संकल्पबाट जे।
त्यो रहन्छ त्यहाँ त्यस्तै [2]अधिष्ठान भई सँदै॥ ६४।११
[3]चित्कोशमा त सारा छ जे जस्तो [4]देख्छ यो यहाँ।
[5]चित्ले त्यस्तै [6]पाउने हो सर्वात्मक हुँदा सब॥ ६४।१३

( सुषुप्त मौनको विषयमा बताउनुहोस् भनी रामले सोध्नुभएपछि वसिष्ठ भन्नुहुन्छ ) :—

दुइ प्रकारका हुन्छन् यहाँ मुनिहरू तर।
यौटा [7]काष्ठ—तपस्वी हो जीवन्मुक्त द्वितीय हो॥ ६८।३
आत्माको भावना छोडी आसक्तै शुष्क कर्ममा।
हठले इन्द्रियै जित्ने मुनि हो काष्ठतापस॥ ६८।४

---

१. संकल्प गरिएको। २. आश्रय। ३. चैतन्यको कोश जस्तो सारा वासनाको खानी अज्ञानमा। ४ अदृष्टले उद्बोधित वासनाद्वारा जे जे फुराउँछ। ५. चैतन्यले। ६. दृश्यरूपले पाउने। ७. काठजस्तै नचलेर बस्ने तपस्वी।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बुझी यथार्थं आत्मामा सदा स्थित हुने मुनि ।
मामूली झैं किन्तु तृप्त हो जीवन्मुक्त ज्ञानवान् ॥ ६८।५

नबोल्नु हो शब्दमौन हठैले रोक्नु इन्द्रिय ।
हुन्छ इन्द्रियको मौन निश्चेष्टै[1] काष्ठमौन हो ॥ ६८। ८

फुरेको चित्त-कलना[2] यी तीनथरिमा हुने ।
ज्ञानीहरू त पूर्णात्म-स्वरूपैमा स्थितै हुने ॥ ६८। १३

आदि, अन्त्य, विभागैले हीनं अभ्यास-वर्जित[3] ।
ध्यान अध्यानं दुइमै स्थित[4] सौषुप्त मौन हो ॥

द्वैत त्यागेर आत्मामा जाग्नु सौषुप्त मौन हो ।
जहाँ हुँदैनन् जाग्रत् र सुषुप्ति स्वप्न नै पनि ॥ ६८। १८

आकाशभन्दा विमल आत्माकाश[6] चिदात्मक[7] ।
त्यही पाउनु हो श्रेय[8] जेले पाइन्छ त्यो सुन ॥ ६९। १७

राम्ररी ज्ञान बुझ्नाले सँदै एक समाधिले ।
संख्याले[9] नै बुद्ध[10] हुने सांख्ययोगी कहाउँछन् ॥ ६९। १८

प्राणादि वायु रोक्नाले अनादि र अनन्त त्यो ।
पदमा युक्तिले पुग्ने योगयोगी कहाउँछन् ॥ ६९। १९

प्राप्तव्य[11] ता सबैको हो शान्त अकृत्रि[12]मै पद ।
कोही विचारले पुग्छन् त्यहाँ कोहो त योगले ॥ ६९। २०

---

१. कुनै अङ्गको चेष्टा नगर्ने । २. चित्तको कलना । ३अभ्यासले रहित । ४. आत्म स्वरुपा मा रहने । ५. निर्मल । ६. आत्मरुपी आकाश । ७. चैतन्य रुप । ८. कल्याण अर्थात् मोक्ष । ९. विवेक र विचारले युक्त राजयोगले अथवा अखण्ड ब्रह्माकार चित्तवृत्तिले १०. ज्ञानी । ११. पाउनुपर्ने १२. बनावटीं नभएको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जहाँ प्राण र मनको वृत्ति हुन्न रतीभर ।
वासना-पाश त्यागेको त्यही हो परमैपद ॥ ६९ । २२
एक-तत्व-दृढाभ्यास प्राणको विलयै अनि ।
मनको निग्रह पनि अर्थ हो मोक्षशब्दको ॥ ६९ । २७
मनको स्पन्द हो प्राण प्राणको स्पन्द हो मन ।
यी दुवै चल्दछन् नित्य रथ, सारथि नै सरि ॥ ६९ । ४६
यो अविद्या छैन भन्ने बुद्धिलें युक्तिपूर्वक[१] ।
बुझे पर प्राप्ति हुन्छ अनि अभ्यास त्यै गर ॥ ६९ । ५४
त्यो ब्रह्मपदमा चित्त भए स्थित मुहूर्त नै ।
त्यो ब्रह्म नै एकरस भयो भन्ने तिमी बुझ ॥ ६९ । ५७
चित्त विश्रान्त सांख्यैले योगले या भयो भने ।
सत्वभावै[२] प्राप्त हुँदा यहाँ जन्मन्न फेरि त्यो ॥ ६९ । ५८

( भगीरथ राजाले गङ्गाजी ल्याउनुभएको प्रसङ्ग चल्दा रामलाई वसिष्ठ भन्नुहुन्छ, जबानी अवस्थामा नै भगीरथलाई वैराग्य आयो र गुरु त्रितल मुनिकहाँ गई 'सारा दुःखको नाश कसरी हुन्छ ?' भनी प्रश्न गर्दा त्रितल मुनि जबाफदिनुहुन्छ :—

समताले[३] उदाएको विभाग नहुने रती ।
आत्माको ज्ञानले हुन्छ दुःख संपूर्ण नासिने ॥ ७४ । २२

भगीरथ सोध्नुहुन्छ :—

चिन्मात्र[४] निर्गुणै शान्त आफू हो हैन देह यो ।
भन्ने जान्दछु तर यो होला छर्लङ्ग के गरी ? ॥ ७४ । २५

---

१. जुक्तिका साथ । २. अज्ञान हटेको अर्थात् ज्ञानले डढेको । ३. एकनासको अर्थात् एकरसको भावले । ४. चैतन्य मात्र ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



त्रितल मुनि भन्नुहुन्छ :–

गृह, स्त्री, पुत्रहरुमा [१]अराग र [२]असङ्गता ।
अनिष्ट औ इष्ट हुँदा नित्य नै समता हुनु ॥ ७४ । २८

अनन्य[३]-योगले नित्य आत्माको गर्नु भावना ।
एकान्त-सेवा वैराग्य हुँदा जन-समाजमा[४] ॥ ७४ । २९

अध्यात्म-ज्ञान-नित्यत्व साक्षात्कार त तत्वको ।
यही हो ज्ञान यसको उल्टा अज्ञान भन्दछन् ॥ ७४ । ३०

हटेमा नै अहंकार राग र द्वेष नासिने ।
संसार-रोगको सच्चा ओखती ज्ञान पाइने ॥ ७४ । ३१

( पहाडमा रूख जस्तै आफ्नो शरीरमा धेरै कालदेखि रहेको अहंकारलाई कसरी त्याग्ने ? भनी भगीरथले सोद्धा त्रितल मुनि भन्नुहुन्छ । )—

ठुलो प्रयत्नका साथ त्यागेमा भोगभावना ।
[६]आत्माकार—प्रवाहैले अहंकार बिलाउँछ ॥ ७४ । ३३

लाज इत्यादिले पूर्ण [७]यन्त्रणा-पिंजरा जब ।
फोरिन्छ सर्व-त्यागैले तब हट्छ अहंकृति ॥ ७४ । ३४

---

१. राग नहुनु । २. आफू नभएका स्त्री पुत्र आदिमा आफू जस्तै नठान्नु । ३. परमात्मा नै मेरो सच्चा स्वरूप हुन् भन्ने अभ्यास गर्नु । ४. मानिसको समूहमा । ५. श्रवण, मनन, निदिध्यासन आदि गर्नु । ६. कुनै वृत्ति नउठाए अनि ननिदाए आत्माकार वृत्ति हुन्छ । ७. राज्य छोडेपछि मलाई दुःख हुन्छ, मागेर कसरी खानु शत्रु हरूले पनि ठट्टा गर्नेछन् यसैले दर्वारैमा बस्नु बेस हो इत्यादि चिन्तनरूपी पिंजरा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



छाता चामर आदि चिन्ह नलिई त्यागेर इच्छा सब
सारा राज्य दिएर शत्रुहरूमा बांकी नराखी कुनै।
माग्दैं भीक पनी तिनैसंग गई छोडी अहंकार त्यो
मैलाई पनि त्यागिद्यौ यदि भने ऊँचो पदै पाउँछौ ॥ ७४ । ३६

( गुरुबाट यस्तो आज्ञा पाएका भगीरथ राजाले सारा राज्य शत्रुलाई सुंपे, अनि धोती मात्र लगाएर आफ्नो राज्यबाट निस्के। त्यसपछि एकान्तमा गई मनन र निदिध्यासन गर्दा उनलाई चाँडै नै आत्म-साक्षात्कार भयो। पछि घुंदा घुंदै आफ्नै राजधानीमा आइपुगे। उनलाई चिनेका दुनियाँले सारै दिक्क माने। तर कसैको वास्ता नराखी उनी गुरुकै आश्रममा पुगे। त्यहाँ केही काल रहँदा दुनियाँहरू आएर सारै कराए, अनि गुरुका आज्ञामुताबिक फेरि राजा भएर राज-काज चलाए। यसै हुँदा तपाई पनि असङ्ग भएर व्यवहार गर्नुहोस् भनी रामलाई

## पाँचौं सर्ग

वसिष्ठलें आज्ञा भयो वसिष्ठले शिखिध्वज राजाको प्रसङ्ग चलाउनु भयो। पहिले मालव देशमा शिखिध्वज भन्ने राजा थिए। तिनको सुराष्ट्र देशकी राजकुमारी चूडालासँग विवाह भयो। केही कालसम्म बिहार गरेपछि दुवैलाई वैराग्य आयो। आत्मज्ञान-विना संसार-रोग नष्ट हुन्न भन्ने दुवैले बुझे। त्यसपछि एकदिन एकान्तमा बसेर रानीले बिचार गरिन्। )

कसलाई भयो मोह यो भयो कसरी अनि।
हो मूढ देह जंड नै म ता होइन यो जड ॥ ७८ । १७
बालकै पनि बुझ्छन् यो बुद्धिकै [1]अनुभूति हो।
देहकै अंग हुन् पाँचै [2]कर्मेन्द्रियहरू पनि ॥ ७८ । १८
[3]ज्ञानेन्द्रियैंको गण यो पनि हो जड खास नै।
मनले यी चलाइन्छन् लठ्ठीले [4]लोष्ट झैं यहां ॥ ७८ । १९

१. अनुभव। २. हात, खुट्टा आदि पाँच कर्म गर्ने इन्द्रियं। ३. नाक, कान, आँखा, जिब्रो छालामा रहने शक्ति। ४. माटीको डल्लो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जड नै हो मन पनि यो संकल्प फुराउने।
बुद्धिको निश्चयैबाट चलाइन्छ मनै पनि ॥ ७८। २०
निश्चयात्मक जड यो बुद्धिलाई सँदैभरी।
नदीलाई [१]खातले झै अहंकार चलाउँछ ॥ ७८। २१
अहंकार छ निःसार मुर्दा झैं जड केवल।
पैदा गरिन्छ जीवैले ख्याक झैं [२]भ्रान्त [३]बालले ॥ ७८। २२
जीव बाँच्दछ [४]चिद्रूप पुरानो आत्मरूपले।
दृश्यको दाग लाग्नाले दोषले पूर्ण हुन्छ त्यो ॥ ७८। २४

( इत्यादि मनन गरी धेरै बेरसम्म ध्यानमा रहेर व्यूँझेकी चूडाला फेरि मन-मनै भन्छिन्। ) :—

मन औ इन्द्रियहरू खालि [५]चित्का विलास हुन्।
यी सारा नभएका हुन् दुइटा चन्द्रमा सरि ॥ ७८। ३१
यी [६]चिद्देखिन् कल्पित यो [७]त्रिपुटी भिन्न होइन।
यी चित् ता त्रिपुटीभन्दा अगाडि पनि सिद्ध छन् ॥ ७८। ३५
न काटिन्छन् न पोलिन्छन् [८]चित्सूर्यं अतिनिर्मल।
ओहो धेरै समयमा प्रशान्त र सुखी भएँ ॥ ७८। ४४

( केही दिनपछि चूडालाको मुखमा अपूर्व शोभा देखेर छक्क परेका राजा शिखिध्वजले, तिमी यस्ती श्रीमती कसरी भयौ ? भनी सोध्दा चूडाला भन्नुहुन्छ ) :—

आकाश जस्तो आत्मामै एकलै म रमाउँछु।
राजलीला रुचाउन्नँ तस्मात् देखिन्छु श्रीमती ॥ ७९। २५

---

१. खाल्टो। २. भूलमा परेको। ३. बालकले। ४. चैतन्यरूप। ५. चैतन्यका। ६. चैतन्यले। ७. देख्ने, देख्नु देखिने वस्तु इत्यादि। ८. चैतन्यरूपी सूर्य।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



चाहन्नँ सुख-संपत्ति अनर्थं र अरू पनि।
पाएकैबाट खुश छु तस्मात् देखिन्छु, श्रीमती ॥ ७६ । २९

सँदै हुँदा शास्त्र-दृष्टि रागद्वेष हुँदा कम।
साथी [१]प्रज्ञासँगै रंछु तस्मात् देखिन्छु श्रीमती ॥ ७९ । ३०

( चूडालाले भनेको कुरा शिखिध्वजले पत्याएनन्, झन् उनको कुरालाई ठट्टामा उडाइदिए। त्यसपछि मेरो कुरा राजाले बुझ्न सकेनन् भनी रानी अलि दिक्क भइन्। पछि उनलाई आकाशमा उड्ने इच्छा उठ्यो अनि प्राणलाई लगेर आँखिभौंको बीचमा राख्ने अभ्यास गरिन्। इत्यादि कुरा वसिष्ठले वताउनुभए पछि 'व्यापक चैतन्यको उदय कुण्डलिनीकोशबाट किन हुन्छ' भनी रामले सोध्नु हुँदा वसिष्ठ भन्नुहुन्छ। ) :—

सर्वत्र सर्वदा सारा चित् संवित् मात्र हो तर।
[२]स्थूल-सूक्ष्म-शरीरैमा [३]अभिव्यक्ति बढी हुने ॥ ८० । ५०

चित् रहे पनि सर्वत्र देहमा चल्मलाउँछ।
व्याप्तै भए पनी घाम भित्तामा झल्झलाउँछ ॥ ८० । ५१

( कुण्डलिनी विषयको जबाफ दिंदै वसिष्ठ फेरि भन्नुहुन्छ, 'हे राम सुन्नुहोस्। नाभिको आधार-चक्रमा कुण्डलिनी शक्ति हुन्छ। त्यो नाडी कुण्डलाकार भएर रहेको हुन्छ त्यो सर्पिणीको वासना नै विष हो अरू सारा नाडीको यो समष्टि हो। त्यो कुण्डलिनीमा जब मनन हुन्छ तव मन प्रकट हुन्छ, निश्चय भएपछि बुद्धि प्रकट हुन्छ। जब अहंभाव हुन्छ तब अहंकार प्रकट हुन्छ, जब स्मरण हुन्छ तब चित्त प्रकट हुन्छ। जब स्पर्शको इच्छा हुन्छ तब वायु प्रकट हुन्छ। जति नाडी छन् ती सब कुण्डलिनीबाट प्रकट हुन्छन्। प्राण वायु कुण्डलिनीकै वशमा हुन्छ। इन्द्रियहरू प्राणका अधीनमा हुन्छन्। प्राण ठीक नभए आधि र व्याधि

---

१. ब्रह्माकार वृत्ति। २. स्थूलशरीर र सूक्ष्मशरीरमा। ३. स्पष्टता।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हुन्छ। मनको पीडाको नाम आधि हो। शरीरको पीडा चाहिं व्याधि हो। चित्त शान्त भए कुनै व्याधि लाग्दैन। आधि र व्याधि चित्त शान्त नहुन्जेल मात्र हुन्छन्। राग र द्वेषले गर्दा कुराडलिनी शक्तिमा क्षोभ हुन्छ अनि नाडीहरूले आफ्नो-आफ्नो काम गर्न छोडिदिन्छन्। अनि खाएको अन्न पच्दैन र रोग लाग्छ। व्याधि पनि दुइ किसिमको हुन्छ सामान्य र सार। सार चाहिं जन्ममय हो। आत्मज्ञान विना यो सार विशेष (व्याधि नष्ट हुँदैन) बासना-रहित पुरुषलाई व्याधि लाग्दैन। वासना चार किसिमको हुन्छ। सुषुप्ति वासना स्थावरको हुन्छ। स्वप्न वासना तिर्यक्-योनिको हो। मनुष्य, देवता आदिको जाग्रत् वासना हो। क्षीण वासना ज्ञानीको हो। प्राण र अपान स्थित भई कुराडलिनी सुषुम्णामा प्रवेश गऱ्यो र ब्रह्म रन्ध्रमा एक मुहूर्तसम्म स्थित भयो भने सिद्धि प्राप्त हुन्छ।

हृदयाकाशमा कुराडलिनी-शक्ति छ। उसैबाट कोमल स्वाभाविक वायु निस्कन्छ अनि प्राण र अपानको रूप लिन्छ। अपानरूप जुन शीतलबायु प्रकट हुन्छ त्यो चन्द्रमा हो। प्राणरूप जुन उष्ण वायु प्रकट हुन्छ त्यो सूर्यरूप हो। यिनै दुइबाट जगत् रहेको छ। जब अपान प्राणको स्थानमा आउँछ र प्राण-रूपले उदय भएको हुँदैन। त्यहीं स्थित हुनुपर्छ। प्राण निस्केर जब मुखबाट बाह्र अँगुल-सम्म बाहिर जान्छ र अपान भावमा प्राप्त भएको हुँदैन। त्यही बीचमा स्थित हुनुपर्छ। सूर्य एक राशिबाट अर्को राशिमा जाँदा संक्रन्ति पुण्यकाल मानिएको छ। तर प्राण र अपानको सन्धि अतिशय पुण्यकाल हो। यही पुरायले आत्मसाक्षात्कार हुन्छ। यसरी अभ्यास गर्नलि चूडालालाई सिद्धि प्राप्त भयो। उनी आकाशमा पनि उड्थिन्। तर यो उनले राजालाई पनि थाहा दिएकी थिइनन्। उनी राजालाई आत्मज्ञानरूपी अमृत बारंबार पियाउँथिन् तर यो मेरी[1] गृहिणीले भनेको कुरा हो भनी वास्ता राखेनन् र कुरा बुझेनन्। यो सुन्दा राम सोध्नुहुन्छ। ):—

१. स्वास्नी।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



रानी ज्ञानी योगिनी तो चूडालाको प्रयत्नले ।
बुझेनन् ज्ञान राजाले भने बुझ्ला र को प्रभु ? ८३ । १२

वसिष्ठ भन्नुहुन्छ :—

[१]उपदेश-क्रमै यो हो [२]व्यवस्था-मात्र-पालन ।
ज्ञानको कारणै ता हो शिष्यको शुद्ध बुद्धि नै ॥ ८३ । १३
न शास्त्रले नपुण्यैले आत्मा जानिन्छ आफुले ।
आत्मा जानिन्छ आफैंले सर्पले [३]सर्पपाद झै ॥ ८३ । १४

( 'त्यसो भए आत्मज्ञानको कारण गुरुको उपदेश हो भन्ने भनाइ कस्तो हो ? भनी रामले सोध्नुभएपछि वसिष्ठ भन्नुहुन्छ, 'विन्ध्याचलमा धनी तर अत्यन्त कृपण किराट भन्ने ब्राह्मण थिए । उनले जंगलमा तीन दिन सम्म धुइँ-धुइँती कौडी खोज्दा चिन्तामणि पाए, अनि खुशी भएर घर गए । जस्तो कौडी नखोजी चिन्तामणि उनले पाएनन् त्यस्तै गुरु र शास्त्र विना आत्मा पाइन्न भन्ने भनाइ हो । वास्तवमा इन्द्रियको अतीत आत्मवस्तु आत्माकै खोजले पाइन्छ । अर्थात् अत्यन्त सूक्ष्म अन्तिम ब्रह्माकारवृत्तिमा प्रतिफलित ब्रह्मबाट नै अज्ञानको नाश हुन्छ । त्यसका लागि शिष्यको शुद्ध बुद्धिको नै आवश्यकता पर्छ । यसै हुँदा चूडालाको उपदेश शिखिध्वजले लिन सकेनन्, तर उनलाई वैराग्य आयो, ठूला ठूला दान गरे, तीर्थ, व्रत गरे, अनि एकदिन नजीकै बसेकी चूडालालाई भने । ) :—

राज्य धेरै काल भोगें भोगें संपत्ति बेसरी ।
वैराग्य आयो अहिले जंगलै जान योग्य छ ॥ ८४ । १२
न मोह [४]देशभङ्गैको न ता नाश लडाइँले ।
[५]वनवासी जनैलाई राज्यभन्दा वढी सुख ॥ ८४ । १४

---

१. उपदेशको क्रम । २. व्यवस्थाको मात्र पालन हो । ३. सर्पको खुट्टा । ४. देश बिग्रने । ५. वनमा बस्ने ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



प्रशान्त र सुखी हुन्छ जस्तो एकान्तमा मन ।
त्यस्तो ता चन्द्रबिम्बैमा हुँदैन स्वर्गमा पनि ॥ ८४ । २०

चूडाला भन्छिन्—

बुढ्याइँले श्रोत्रिएका जनको बन वेस हो ।
तपाइँ जस्ता तरुण व्यक्तिलाई त होइन ॥ ८४ । २३
प्रजापालन छोडेर अकालैमा गए वन ।
राज्यमा छिद्र पार्नाले ठूलो पाप हुनेछ है ॥ ८४ । २६

( चूडालाको कुरा नखाएर आधारातमा कसैलाई पत्तै नदिई मन्दराचलको जंगलतिर राजा लागे । यता विहान रानी व्यूँझिइन् । राजालाई नदेख्दा रानीलाई अलि चिन्ता लाग्यो । उनी आकाश-मार्गले उडेर राजालाई हेर्न गइन् । तरवार हातमा लिएर राजा लंकिरहेका रहेछन् । ऐले राजालाई रोक्नु ठीक छैन भनी दरवारमा फर्किन् र राजकाज चलाउन थालिन् ।

राजाले तपस्या गर्न थालेको अठार वर्ष बित्यो । अनि आकाश-मार्गले रानी मुनिकुमारको भेष लिएर राजाकहाँ पुगिन् । तपाइँ को हुनु हो भनीं राजाले सोध्दे पछि अप्सराहरूलाई देख्दा नारद मुनिलाई काम-विकार पैदा भयो । त्यसैबाट म जन्मिएको हुँ भनिन् । अनि त्यस्ता जीवन्मुक्त ज्ञानी नारदलाई त्यस्तो विकार हुनाको कारण के हो ? भनी राजाले सोद्धा रानी भन्छिन् । ):—

निमेषै पनि बिर्सेमा सत्य निर्मल रूप ता ।
दृश्य देखापर्छ स्वाट्टै वर्षामा बादलै सरि ॥ ८५ । १११
निरन्तर स्वरूपैको [1]अनुसन्धान नै भए ।
पिशाच दृश्यरूपै त्यो के सक्थ्यो र खडा हुन ॥ ८५ । ११२
सुखका विषयै देख्दा [2]क्षुब्ध हुन्छ त्यसै जन ।
मासु देख्दा विरालो झैं यहाँ कारण मौर्ख्यं[3] हो ॥ ८५ । १३२

---

१. खोज । २. विह्वल । ३. मुर्ख्याइँ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जान्नुपर्ने शुद्धबोध आत्मज्ञानमयै भई ।
सुख दुःखै छैन भने जीवले लिन्छ सौम्यता[१] ॥ ८५ । १३३

[२]आत्म-स्वभाव-वशले भयो ठूलो जगत् यहाँ ।
स्थिति पाई वासनाले रह्यो पाप र पुण्यमा ॥ ८६ । १

अभ्यासले ज्ञानको नै वासनाको क्षयै भए ।
हुँदैन जन्तुको जन्म भन्ने हाम्रो छ [३]दर्शन ॥ ८६ । २

ठूलो कल्याण हो ज्ञान त्यल्ले[४] कैवल्य भोग्दछ ।
विनोदका[५] लागि क्रिया बन्यो काल बिताउन ॥ ८७ । १६

ज्ञानदृष्टि नपाएका व्यक्तिका लागि हो क्रिया ।
रेशमी वस्त्र नभए को छोड्‌ला कंबलै पनि ॥ ८७ । १७

यक्षको वासनाले नै यक्ष देखिन्छ बालले ।
दुःखको वासनाले नै दुःख देखिन्छ मूर्खले ॥ ८७ । २२

वासना नै यहाँ छैन अहंकारादि[६] रूपको ।
मुर्ख्याइँले देख्छ झूटो मरूभूमा[७] समुद्र झैं ॥ ८७ । २४

मुर्ख्याइँ जस्को नासिन्छ सारा ब्रह्म भनी सँदै ।
वासना त्यसको हुन्न [८]मरुमा त समुद्र झैं ॥ ८७ । २५

यता कमाण्डलु उता फेरि लट्ठी र आसनी ।
यो [८]अनर्थ-विलासैमा किन मान्ने रमाइलो ॥ ८७ । २६

---

१. शान्ति । २. माया-युक्त ईश्वरवाट सृष्टि हुने स्वभावले । ३. अनुभव । ४. मोक्ष । ५. दिल बहलाउन । ६. अहंकार आदि रूप भएको । ७. मरु भूमिमा अर्थात् पानी नभएको ठाउँमा । ८. विवेक नभ-एकाको लट्ठी, कमराडलु आदि साना कुरामा पनि ममता हुने हुँदा दुःखका निम्ति हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



म हुँ को यो जगत् के हो कसरी शान्त हुन्छ यो ।
भन्ने बिचारै नगरी मूर्ख झैं बस्नुहुन्छ के ? ॥ ८७ । ३०

के हो बन्धन के मोक्ष यस्ता प्रश्नहरू गरी ।
ज्ञानीको पाउको सेवा गर्नुहुन्न यहाँ किन ? ८७ । ३१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# छैटौं सर्ग

'आज तपाईंले मलाई व्यूँझाइदिनुभयो। आज मेरो गुरु तपाईं नै हुनुभयो। शिष्य बनेर तपाईंका पाउमा पर्छु, मलाई ब्रह्मज्ञान दिनुहोस्।' भनी शिखिध्वजले भनेपछि चूडाला भन्नुहुन्छ, 'मैले एउटा कथा सुनाउँछु सुन्नुहोस्। पहिले धनी, सबै कलामा सिपालु एक बिद्वान् थिए। उनले चिन्तामणि पाउनलाई धेरै यत्न गरे। एक दिन उनले नजीकै चिन्तामणि देखे, तर उनलाई पत्यार भएन। यसरी सजिलै सँग चिन्तामणि पाइने भए सबै धनी हुने थिए भन्ठाने। पछि चिन्तामणि अलप भयो र फेरि चिन्तामणिको खोजमा लागे, तर यो पटक काँच पो भेट्टाए। त्यही काचलाई चिन्तामणि ठानी उनी जंगलतिर लागे, तर त्यहाँ उनले सारै दुःख पाए।'

'यो कथाको आशय राम्ररी खुलाउनुहोस्, भनी शिखिध्वजले भनेपछि चूडाला भन्नुहुन्छ, त्यो चिन्तामणि खोज्ने मूर्ख पण्डित तपाईं नै हुनु हो। चिन्तामणि हो सर्वत्याग। तपाईंले राज्य इत्यादि त छोड्नुभयो। तर सर्वत्याग गर्नु भएको छैन। बरु तपाईंले तपस्यारूपी काचलाई चिन्तामणि भन्ठान्नुभयो। यसैले जंगलमा आएर यत्रो दुःख पाइरहनुभएको छ। तपाईंले चिन्तामणि त के। स्फटिकको टुक्रा पनि पाउनुभएको छैन।

'राज्य छोडें, रानीलाई छोडें, सारा संपत्ति छोडें, अब कसरी सर्वत्याग गरिनँ?' भनी शिखिध्वजले भनेपछि चूडाला भन्नुहुन्छ, 'धन, स्त्री, घर, राज्य, भूमि, छाता, बान्धवहरू तपाईंका होइनन्। मूल कुरा नै तपाईंले छोड्नुभएको छैन।'

शि०—त्यसो भए यो वन र वनको वासना पनि छोडिदिन्छु।

चू०—यो वन तपाईंको होइन। तपाईंले छोड्नुपर्ने मुख्य कुरा अर्कै छ।

शि०—त्यसो भए यो आश्रम छोडिदिन्छु।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



चू—रुख, झाङ, लहरा इत्यादि तपाइँको केही पनि होइन। ती कुरा छोड्दैमा सर्वत्याग हुँदैन। मुख्य कुरा नै छोड्नुभएको छैन।

'उसो भए यो मृगचर्म, यो छाप्रो यी भाँडाहरू अग्निमा हालिदिन्छु' भनी शिखिध्वजले केही चीज आगोमा हालिदिए, केही फुटाइदिए, कोही भाँचिदिए अनि प्रसन्न भएर भने, अब त मैले सर्वत्याग गरें।

चू—तपाइँले मुख्य कुरा छोड्नुभएको छैन। व्यर्थै सर्वत्याग गरें भन्ने अभिनय नगर्नोस्।

शि०—यी रगत, हाड, मासु इत्यादिको शरीर बाँकी छ, त्यसलाई पनि भिरबाट खसेर खतम गरिदिन्छु।

चू—महाराज, यो जड शरीरको नाश किन गर्नुहुन्छ। शरीर छोड्दैमा सर्वत्याग हुँदैन।

शि० उसो भए के छोडे सर्वत्याग हुन्छ ?

चू.—चित्त नै भ्रम हो भन्ने बुझ्नुहोस् चित्त हो नर।
चित्त नै हो जगज्जाल सर्वको अर्थ चित्त हो॥ ९३। ३३
राज्यादिको शरीरैको सारा यी आश्रमादिको।
हो बीज चित्त नै खालि रूखको बीज झैं यहाँ॥ ९३। ३४
सारा धर्म अधर्मै या राज्य होस् या त जंगल।
[1]सचित्तका दुःखरूप हुन्छन् [2]निश्चित्तका सुख॥ ९३। ३६
जगत् हो चित्तकै रूप देहादि सब चित्त हुन्।
जस्तो त्यो एउटा बीज हुन्छ वृक्ष [3]विशाल नै॥ ९३। ३७
सबै भनेको चित्तै हो त्यसकै त्याग भो भने।
[4]आधि र [5]व्याधि नै हर्ने सर्वत्याग कहिन्छ है॥ ९३। ४२

१. चित्त हुनेको। २. चित्त नहुनेको। ३. ठूलो। ४. मनको पीर। ५. रोग।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भित्र यो सर्वत्यागैको हुन्छ ज्ञान [1]प्रसादक ।
रितो बट्टा भएमा हो सकिने राख्न रत्न ती ॥ ९३ । ६०
छोडेर सारा अनि छोड्छ जेले लौ छोड्नुहोस् त्यो पनि [2]पौरुषैले ।
[3]त्यागाभिमानै मलसाथ छोडी साक्षाद् विमुक्त हुनुहोस् खुरुक्क ॥
शि.—वारंवार हटाएमा पनि आउँछ चित्त यो ।
जान्दिनँ त्याग्न यल्लाई आकार नहुँदा यहाँ ॥ ९४ । २
पैले स्वरूप चित्तैको भगवान् भन्नुहोस सब ।
अनि [4]चित्त-परित्याग यथार्थसँग भन्नुहोस् ॥ ९४ । ४
चू.—हे महाराज चित्तको वासना त स्वरूप हो ।
[5]पर्याय-शब्द हुन् भन्ने बुझ्नोस् चित्त र वासना ॥ ९४ । ५
आंखा चिम्लनु भन्दा हो सजिलो त्याग चित्तको ।
राज्यभन्दा सुख दिने फूलभन्दा त सुन्दर ॥ ९४ । ६
चित्तको त्याग मूर्खैले गर्न सक्दैन क्यै गरी ।
पामरैले राज्य सरि घाँसको झैं [6]सुमेरुता ॥ ९४ । ७
शि.—स्वरूप बुझ्छु चित्तैको वासनामय आकुल ।
तर ठान्छु त्याग गाह्रो निल्नुभन्दा त वज्रको ॥ ९४ । ८
चू.—[7]अहंबीजै [8]चित्त-वृक्ष—लाई, हाँगाहरू सँगै ।
उखेल्नुहोस् जरैसाथ अनि आकाश झैं हुनोस् ॥ ९४ । १३
शि.—त्यो चित्तको जरो के हो के हो अंकुर, पालुवा
कहाँ उम्रन्छ हाँगा के उखेलिन्छ कसो गरी ? ९४ । १४

---

१. प्रसन्न गराउने । २. पुरुषार्थले । ३ त्यागको अभिमान । ४. चित्तको त्याग । ५. एउटै अर्थ बुझाउने अर्को शब्द । ६. सुमेरु पर्वत हुनु । ७. अहंकार नै बीउ भएको । ८. चित्तरूपी रूखलाई ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



[१]अहमर्थैबाट हुने जो अहंकार मूल हो ।
यही नै चित्तवृक्षैको बीज हो भनि जान्नुहोस् ॥ ९४ । १५
[२]परमात्मपदै माया यसको खेत मान्नुहोस् ।
यही फुर्दा परिच्छिन्न हो अहंकार अंकुर ॥ ९४ । १६
निश्चयात्मा बुद्धि भन्ने अंकुरैको त पुष्टता ।
संकल्परूप मन र चित्त हो चिन्तनात्मक ॥ ९४ । १७
हाड र स्नायुरसले रङिएको शरीर यो ।
[३]स्तम्भ हो वासनाचाहिं रस हो कालचालित ॥ ९४ । १९
यो वृक्षका फैलिएका लामा हाँगा प्रशस्त छन् ।
ती हुन् इन्द्रिय औ भोग जन्म मृत्युहरू पनि ॥ ९४ । २०
यस्तो [४]दुर्वृक्ष चित्तैको हाँगा मात्र नकाट्नुहोस् ।
जरो उखेल्नका लागि गर्नुहोस् पुरुषार्थ नै ॥ ९४ । २१
शि.—हाँगा त चित्तवृक्षैका काट्छु किन्तु कसो गरी ।
सारा जरा उखेल्ने हो जुक्ती ऐले वताउनोस् ॥ ९४ । २२
चू.—[५]विभिन्न वासनारूप हाँगा फलहरू सँगै ।
आसक्ति त्याग्दा [६]संवित्को वलले भित्र काटिने ॥ ९४ । २३
म को हुँ साँच्चिको भन्ने दृढ आत्मविचार नै ।
आगो समर्थ हो चित्त—वृक्षलाई डढाउन ॥ ९४ । २९
शि.—यस्तो विचार धेरै नै गरें आफ्नो त बुद्धिले ।
म जगत् होइन कुनै शरीर पनि होइनँ ॥ ९४ । ३०

---

१. नजानिएको आत्मा । २. शुद्ध चैतन्य अथवा परमात्माको पद अर्थात् माया । ३. जरोदेखि हाँगासम्मको भाग । ४. खराब रुख । ५, किसिम किसिम का । ६. ज्ञानको अथवा विचारको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जान्दा पनि अहंकार-मललाई हटाउन ।
आत्मालाई जान्दिनँ म यसैले पीर लाग्दछ ॥ ९४ । ३५

चू—जडै हुँदा जमातै त्यो हुनुहुन्न भने यहाँ ।
हुनुहुन्छ तपाईं को निश्चयैसाथ भन्नुहोस् ॥ ९४ । ३६

शि.—'शुद्ध चैतन्यरूप आत्मा हुँ भन्ने मलाइ थाहा छ, तर अहंकाररूपी मल मलाई कसरी लाग्यो। त्यसलाई मैले हटाउन सकिनँ । संसारको बीउ चित्त हो, चित्तको बीउ हो अहंकार भन्ने मैले बुझें । यो अहंकारलाई भने हटाउन सकिनँ । जतिसुकै छोडे पनि आइहाल्छ । म त हार खाइसकें ।'

चू.—'कारण विना कार्य हुँदैन । कारण विनाको कार्य देखिन्छ भने त्यो भ्रम हो, झूटो हो । अब अहंकारको कारण के हो ? तपाईं भन्नुहोस् ।'

शि.—अहंकारको कारण आत्मा हो । उसैमा म हुँ भन्ने संवेदनभाव नै अहंकारको कारण हो ।

चू॰—जसको कारण सत् हुन्छ उसको कार्य पनि सत् हुन्छ । कारण झूटो भए कार्य पनि झूटो हुन्छ । दुइ चन्द्रमा आकाशमा देखिनाको कारण हो भ्रम ।

शि.—जान्नुको कारण देह आदि दृश्य हो । जानिने वस्तु अगाडि नदेखी जान्नु क्रिया हुँदैन ।

चू.—शरीर आदि त झूटो भ्रमबाट पैदा भएका हुन् । यिनको कारण ता केही पनि छैन ।

शि.—शरीरको कारण बाबुआमा त प्रत्यक्ष छन् ।

चू.—बाबुको कारण को हो ? बाबु त झूटो हो । सपनाका बाबुछोरा दुवै झूटा हुन् । लौ त बाबुको कारण भन्नोस् ।'

शि.—बाबुको कारण बाजे । यसरी माथि जाँदा सबैको कारण ब्रह्मा हुनु हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



चू.—ब्रह्मादेखिको सारा जगत्को सृष्टि संकल्पबाट भएको हो। सीपीमा जस्तो चाँदी देखिन्छ त्यस्तै आत्मामा शरीर भासित हुन्छ। सपनाको सारा कुरा जस्तो भ्रम मात्र हो। विपनाको कुरा पनि त्यस्तै हो। भ्रम हटे आत्मा सिवाय केही रहँदैन।

शि.—मैले कुरा बुझें। यो संसार झूटो रहेछ। तर ब्रह्माको कारण अद्वैत ब्रह्म होइन र ?

चू:—महाराज, कारण र कार्य द्वैतमा हुन्छ। आत्मामा न एक छ, न दुइ छ, अर्थात् न द्वैत छ न अद्वैत छ। अब तपाई आफ्नो चैतन्य-स्वरूपमा स्थित हुनु होस्। जस्तो सपनाबाट ब्यूँझे पछि सपनाका सारा कुरा झूटो भन्ने निश्चय हुन्छ, त्यस्तै यो विपनाबाट पनि जाग्नुहोस्। अनि यथार्थ अनुभव हुनेछ। ब्रह्माको कारण ब्रह्म भनेर जो भन्नुभो त्यस विषयमा सुन्नुहोस्। ब्रह्ममा देश, काल, र वस्तुको परिच्छेद छैन। पूर्ण व्यापक वस्तुमा कार्य-कारण-भाव कसरी हुनु ?

[१]कर्ता [२]कर्म र [३]करण नभएको [४]अकारण।
[५]अप्रतर्क्य ब्रह्म कर्ता कसरी हुनु भन्नुहोस्॥ ९५। १३
छैन केही जगत् आदि कसैले [६]सृष्ट होइन।
न कर्ता हो न भोक्ता हो प्रशान्त शिव एक हो॥ ९५। १६
कसैको यो जगत् हैन कारणैको अभावले।
हुँदा अकारणै विश्व भ्रान्तिबाट खडा भयो॥ ९५। १७
नहुनाले कारण यो ब्रह्म कर्ता त होइन।
विना कर्ता जगत् छैन पदार्थ पनि होइन॥ ९५। २१
राजा, चित्त छँदै छैन कहिले पनि नै कहीं।
जो चित्त जस्तै देखिन्छ त्यो हो [७]अव्यय ब्रह्म नै॥ ९८। २

१. गर्ने। २. गरिने काम। ३. गरिने साधन। ४. कारण नभएको। ५. तर्कना गर्न नसकिने। ६. सृष्टि गरिएको। ७. नाश नहुने।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



[१]चिदाकाश यहाँ खाली अली चलमलाउँछ।
त्यस्तो चैतन्य-ऐनामा चित्त छैन जगत् पनि॥ ९८। १५
नहुनाले जगत् [२]वास्य वासना कसरी हुने ?
[३]वासनात्मक त्यो चित्त हुने अनि कसो गरी ? ९८। १७।
अज्ञानीको उब्जनी हो चित्त औ दृश्य यो जगत्।
भएकै छैन उत्पन्न चित्त [४]आकार-वर्जित ॥ ९८। १८

शिः— हट्यो [५]मोह [६]स्मृति भयो तपाइँको प्रसादले।
शंका जांदा स्थित भएँ आत्मामा चित्त शान्त भो॥ ९९। १
ओहो धेरै कालसम्मन् भव-सागरमा घुमें।
अहिले नाश नहुने पद पाएँ प्रशान्त नै॥ ९९। ३

चूः— म भन्ने तुच्छ संकल्प हो बन्धन [७]विनाशवान्।
म छैन भन्ने संकल्प मोक्षका लागि हो सदा॥ ९९। ११
पानीको भान व्यर्थैको भ्रान्ति हो मरुभूमिमा।
यो ता पानी हैन भन्ने बुझ्नाले भ्रान्ति हट्दछ॥ १००। १९
यो चित भन्ने अज्ञान मल वाक्लो छ छातिमा।
छैन चित्त भनी बुझ्दा उखेलिन्छ जरैसँग॥ १००। २०

शिः— भगवान् म भएँ पार तपाइँकै प्रसादले।
पुगें ऊँचो भूमिकामा पूर्ण आनन्द—रूपमा॥ १०१। ६
तर यो [८]आद्य अमृत अनन्तै आत्मरूपता।
किन बुझ्ने शक्ति ममा भएन अगि भन्नुहोस्॥ १०१। ६

१. चैतन्यरूप आकाश। २. चिताइने जगत्। ३. वासनारूप। ४. आकार नभएको। ५. अज्ञान। ६. आत्माको संझना अर्थात् साक्षात्कार। ७. नाशहुने। ८. पहिलो। ९. अन्त अर्थात् नाश नहुने।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



चूः— मनै हुँदा उपशम भोगको [1]एषणा छुटे ।
[2]कषायको पाक हुँदा सारा इन्द्रिय नै जिते ॥ १०१ । १०

गुरुको निर्मलै अर्ती पस्दछन् भित्र बुद्धिमा ।
जस्तो सेता सफा वस्त्र रङ्गिन्छन् [3]कुंकुमादिले ॥ १०१ । ११

वासनारूप मलको सर्वनाश भएपछि ।
भन्दछन् गुरु जो सार पसिहाल्दछ भित्र त्यो ॥ १०१ । १४

शि० तपाइँ जस्ता [4]निश्चित्त जीवन्मुक्तहरू सब ।
व्यवहार जगत्को यो गर्दछन् कसरी यहाँ ॥ १०१।२५

चू० [5]सत्त्व-स्थित [6]अनासक्त महात्मा इन्द्रियै जिती ।
विहार गर्छन् [7]सानन्द रहन्नन् चित्तमा कहीं ॥ १०१।३०

भन्छन् [8]मूढैलाइ चित्त [9]प्रबुद्धैलाई सत्त्व पो ।
अज्ञानी चित्तमा बस्छन् ज्ञानी ता सत्त्वमा सँदै ॥ १०१।३१

( यसरी पति शिखिध्वजलाइ ज्ञानी गरेई पछि फेरि राज्यमा नै ल्याएर चूडालाले पैलेको जस्तै राजकाज गर्न लगाइन् भन्ने कथा टुंग्याएर वसिष्ठले कचको प्रसङ्ग ल्याउनुभयो ।

---

१ इच्छा । २. उठेको राग आदि वासनाको । ३. काश्मीरी केशर आदिले । ४. चित्त नभएका । ५. प्रबुद्ध अर्थात् ज्ञान भएको चित्त भएका । ६. आसक्त नभएका । ७. आनन्दका साथ । ८. ज्ञान नभएकोलाई । ९. ज्ञान भएकोलाई ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



## सातौं सर्ग

वालक अवस्थामा नै कचलाई वैराग्य आयो र बाबु वृहस्पति कहाँ गई 'कसरी संसाररूपी पिंजरावाट छुट्ने हो ?' भनी कचले सोध्नुभयो। वृहस्पतिले भन्नुभयो, 'यदि संसारसमुद्र पार गर्ने हो भने सर्वत्याग गर्नुपर्छ।' त्यसपछि कच जंगलतिर जानुभयो। छोरा जंगल गएकोमा वृहस्पतिले दिक्क मान्नुभएन। आठ वर्ष वित्तेपछि जंगलमा फेरि कचको वृहस्पतिसँग भेट भयो। त्यसपछि बाबुलाई ढोगेर कचले भन्नुभयो, 'सर्वत्याग गरेको आठ वर्ष भइसक्यो, तैपनि शान्ति आएन।' तर सर्वत्याग नै गर्नुपर्छ भनी वृहस्पति स्वर्गतिर जानुभयो। अनि कच-चाहिँ लाएको बोक्राको लुगाहरू र खान पनि छोडी एकान्तमा गएर बस्नुभयो। तै पनि शान्ति आएन। तीन वर्ष पछि फेरि बाबु कहाँ गएर 'कन्था र बाँसको लट्ठी पनि छोडें तैपनि आत्माको साक्षात्कार भएन,' भनी कचले भन्नुभयो। अनि वृहस्पति भन्नुहुन्छ :—

सर्वको अर्थ हो चित्त त्यल्लाई छोड्नुपर्दछ।<br>
चित्तको त्यागलाई नै सर्वत्याग त भन्दछन् ॥ १११२१

( चित्तको स्वरूप के हो ? भनी कचले सोध्दा वृहस्पति भन्नु-हुन्छ ) :—

चित्त आफ्नै अहंकार हो भनी भन्दछन् जन।<br>
भित्रको जो मभावै हो त्यही चित्त कहिन्छ है ॥ १११२८

क.—चित्तको त्याग हो गाह्रो यो त गर्न सकिन्न कि।<br>
कसरी यो चित्तलाई सकिन्छ त्याग्न भन्नु होस् ॥ १११३०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वृ.—फूललाई मिच्नुभन्दा सजिलो चित्त-त्याग हो ।
आँखा चिम्लनुमा क्लेश होला हुन्न यहाँ तर ॥ १११।३१
अज्ञान मात्रले सिद्ध वस्तु नाशिन्छ ज्ञानले ।
वास्तवैमा अहंकार छैन झूटो भ्रमैसरि ॥ १११।३२
डोरीमा सर्प देखे झैं पानी झैं मरुभूमिमा ।
शुद्ध चैतन्यमा फुर्छ अहंकार झुटो यहाँ ॥ १११।३४
को हो यहाँ अहंभाव कहाँबाट उठ्यो किन ?
के हुन्छ जलमा ढिस्को आगोमा जल हुन्छ के ? १११।३८
[1]देशादिले नटुक्रेका स्वच्छ नित्य उदाउने ।
साराको सार [2]चिन्मात्र एक छौ निर्मले तिमी ॥ १११।४०

(बाबुको यस्तो उपदेश पाएर कच जीवन्मुक्त भए झैं तपाईं पनि निर्विकार हुनुहोस् । अहंकार असत् हो भन्ने बुझ्नुहोस्, नभएको खरायोको सीङको त्याग वा ग्रहण कसरी हुनु ?-भनी रामलाई उपदेश दिंदै वसिष्ठ भन्नुहुन्छ ):—

तहुनाले अहंकार जन्म मृत्यु कहाँ हुने ?
आकाशमा बीउ रोपी कसले फल टिप्दछ ? ११२।४
अविनाशी शरीरीको शरीर-घर नाशिंदा ।
व्यर्थै प्राणी शोक गर्छन् आत्मा नष्ट भयो भनी ॥ ११३।१६
गाग्रोहरू नष्ट हुँदा जस्तो आकाश छ स्थित ।
त्यस्तै नष्ट हुँदा देह देही [3]निर्लिप्त नित्य छ ॥ ११३।१७

यही प्रसङ्गमा अघि शिवजीका भक्त भृङ्गीशले 'भित्र कुन निश्चय गरे यो जगत्—रूपी थोत्रो घरमा पीर नलिईकन रहन सकिन्छ ? भनी भगवान् शिवजी सँग सोध्दा शिवजीले दिनुभएको उपदेश रामलाई वसिष्ठ भन्नुहुन्छ । ) :—

१. देश, काल र वस्तुहरूले । २. चैतन्य मात्र । ३. लिप्त नभएको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सारा शङ्काहरू छोडी लिई धैर्य [१]सनातन ।
महाकर्ता महाभोक्ता महात्यागी सँदै बन ॥ ११५ । ६
धर्म आदि यथाप्राप्त गर्छ [२]शंका-विहीन जो ।
त्यही [३]कर्तृत्व-रहित महाकर्ता कहाउँछ ॥ ११५ । ११
सुख दुःख द्वेष राग आदिका [४]भावव्यञ्जन ।
[५]निष्काम मनले गर्ने महाकर्ता कहाउँछ ॥ ११५ । १२
[६]मौनी [७]अहंकार-हीन छोड्ने [८]मात्सर्य, निर्मल ।
[९]उद्वेग त्याग्ने जो कर्ता महाकर्ता कहिन्छ त्यो ॥ ११५ । १३
सर्वत्र [१०]स्नेह-रहित रहँदा साक्षिभावमा ।
विना इच्छा कार्य गर्ने महाकर्ता कहाउँछ ॥ ११५ । १४
त्याग्दछ द्वेष सर्वत्र इच्छा गर्दैन क्यै पनि ।
भोग्छ प्रारब्धलाई जो महाभोक्ता कहिन्छ त्यो ॥ ११५ । २१
[११]लिंदा पनी जो [१२]लिंदैन [१३]गर्दा [१४]गर्दैन क्यै पनि ।
खाँदा पनी [१५]नखाने जो महाभोक्ता कहिन्छ त्यो ॥ ११५ । २२
व्यवहार सबै गर्छ साक्षीझैं खेद छोड्दिई ।
इच्छा छोडेर जो हेर्छ महाभोक्ता कहिन्छ त्यो ॥ ११५ । २३
बुढ्याँई मृत्यु आपत्ति राज्य दारिद्र्य नै पनि ।
[१६]बैसै छ भन्ने जो ठान्छ महाभोक्ता कहिन्छ त्यो ॥ ११५ । २५

---

१ सँदै रहिरहने कूटस्थ आत्माको भाव । २. शंकाले रहित । ३. म कर्ता भन्ने भाव नभएको । ४. भाव व्यक्त गर्ने चेष्टा । ५. इच्छा नभएको अर्थात् लोकसंग्रहका लागि । ६. मनन गर्ने । ७. अहंकार नभएको । ८. डाह । ९. फल पाइन्न कि भनी आकुल नहुने । १०. स्नेह नभएको ११. इन्द्रियले विषय लिंदा पनि । १२ कर्ता हुँ भन्ठान्दैन । १३. हात खुट्टा आदि चलाउँदा । १४. आत्म भावना हुँदा गरेको ठान्दैन । १५. नित्य तृप्त आत्म-भाव भएकोले आफू कर्ता नठान्ने । १६. सर्वत्र ब्रह्म बुद्धि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सारा इच्छा र सकल शंका चेष्टाहरू पनि ।
[१]असत् भन्ने [२]निश्चयवान् महात्यागी कहाउँछ ॥ ११५ । ३४
देहको मनको सत्ता इन्द्रियैहरुको पनि ।
ती दुःखका साथ त्याग्ने महात्यागी कहाउँछ ॥ ११५ । ३५
म जन्मेको हैन मेरा छैनन् देह र कर्म क्यै ।
यो निश्चयै भित्र गर्ने महात्यागी कहाउँछ ॥ ११५ । ३६
जति देखिन्छ सारा यो जगत् दृश्य झुटो भनी ।
राम्ररी जसले छोड्छ महात्यागी कहिन्छ त्यो ॥ ११५ । ३७

( भगवान् शिवजीबाट यस्तो उपदेश पाई भृङ्गीश ज्ञानी हुनुभयो भनी कथा टुंग्याई रामलाई गुरु वसिष्ठ भन्नुहुन्छ । ) :—

भएर [३] अन्तर्मुख नित्य सारा कार्यैहरू बाहिरका समाल्दा ।
कुनै पलामा पनि खेद हुन्न हट्दा अहंकार जरैसमेत ॥ ११५ ।४२
गल्दा चित्त-अहंकार नाशिदा पाप ज्ञानले ।
प्रसन्नता आदि कैले छोड्दैनन् मुख-मण्डल ॥ ११६ । ३
वासनाका ग्रन्थिहरू चुँड्दै जान्छन् क्रमैसँग ।
रिस हल्का हुँदै जान्छ मोहले लिन्छ मन्दता ॥ ११६ । ४
चित्तको शुद्धिले [४] साध्य आपद्—वर्जित वस्तुमा ।
मोहले जो त लाग्दैन धिक्कार त्यसलाइ छ ॥ ११६ । ११

( यही प्रसङ्गमा वसिष्ठ भन्नुहुन्छ, हे राम, तपाइंका आदिपुरुष इक्ष्वाकु भन्ने राजाले ब्रह्मलोकबाट आएका मनुलाई सोध्नुभयो, सृष्टि कहांबाट भयो ? यसको स्वरूप कस्तो हो ? यो जगत् कति छ ? यो विषम संसारको भ्रान्तिबाट कसरी छुट्छु ? त्यसपछि मनु भन्नुहुन्छ :—

---

१ झुट्टो । २. निश्चय गर्ने । ३. आत्मातिर फर्केको अर्थात् ननिदाउने अनि केही पनि नचिताउने । ४.गर्न सकिने । ५.आपत्तिले रहित ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अदृश्य[1] राहु देखिन्छ चन्द्रको ग्रहणै हुँदा ।
त्यस्तै अनुभवै रूप आत्मा देखिन्छ दृश्यले[2] ॥ ११८ । ३
न शास्त्रले न गुरुले देखिन्छन् परमेश्वर ।
देखिन्छन् बरु आफैंले आत्मा सत्त्वस्थ[3] बुद्धिले ॥ ११८ । ४
देहादि[4] दृश्य संपूर्ण टाढै छोडेर बुद्धिले ।
ठन्डा अन्तःकरणले होऊ आत्ममयै[5] सँदै ॥ ११८ । ७
शरीर म हुँ नै भन्वे बुद्धिले हुन्छ बन्धन ।
कहिले पनि यो बुद्धि नलिनू है मुमुक्षुले ॥ ११८ । ८
कुनै उपाधि नहुने सूक्ष्म चैतन्य मात्र हुँ ।
यस्तो बुद्धि भए मात्र छुट्छ संसार-बन्धन ॥ ११८ । ९
चैतन्य-ऐनामय[7] हो जगत् भन्ने निधो गरी ।
इच्छा छोडेर रहने हो ब्रह्मकवची[8] सुखी ॥ ११९ । ६
यो राम्री हो हैन यो ता भन्नु हो बीउ दुःखको ।
साम्याग्निले[9] त्यो डढेमा दुःखको औसरै कहाँ ? ॥ ११९ । ८
व्यवहारी शान्त या होस् होस् गृहस्थ वनस्थ[10] या ।
अरू होइन चित् नै हुँ भन्ने पर्दैन शोकमा ॥ १२० । १३
यस्तो ज्ञानकला भित्र एक्कैपल्ट भए पनि ।
बढ्दै जान्छ प्रतिदिन रोपेको शालिधान झैं ॥ १२० । २५
विवेक-वशले हुन्छ जब आशा विनाशित[11] ।
तब आत्मा जीवभाव छोड़ी ब्रह्मत्व पाउँछ ॥ १२१ । २

---

१. अरू वेला नदेखिने । २. अन्तः करणले अथवा अन्तिम ब्रह्माकार वृत्तिले । ३. अहंकार नभएको । ४. शरीर आदि । ५. शुद्ध आत्मदृष्टि भएको । ६. मोक्ष हुन इच्छा गर्नेले । ७. चैतन्यरूपी ऐना भएको । ८. ब्रह्मरूपी कवच लगाएको । ९. समतारूपी आगोले । १०. वनमा रहने यति । ११. नाश गरिएको ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



माथिबाटै तल झरी तलबाट त माथि नै ।
पुग्ने गाग्री त नबन जगद्-रूप इनारको ॥ १२१ । ३
यो मेरो हो म यस्को हुँ भन्ने यो व्यवहारको ।
भ्रममा पर्दछन् जो ती स्वाँठ खस्छन् तलैतिर ॥ १२१ ।४
हुने चिन्मात्र[1] निश्चित्त[2] तरेका मृत्यु-सागर[3] ।
ज्ञानी भोग्छन् जुन सुख त्यल्लाई दाँज्नु कोसँग ॥ १२१ । १०
जस्तो रङ्गिन्न स्फटिक अरूको प्रतिबिम्वले ।
कर्मको फलले त्यस्तै रङ्गिन्नन् भित्र ज्ञानवान् ॥ १२२ । ६
यज्ञादिले तीर्थ तपैहरूले पवित्र त्यो धाम त पाइँदैन ।
संसारको रोग हटीसकेका आत्मज्ञको[4] मिल्दछ भक्तिले जो ॥ १२२।१४

( इक्ष्वाकु राजालाई यस किसिमको उपदेश गरेर मनु पनि ब्रह्मगृह अर्थात् सुमेरुको शिखरको स्थानतिर जानुभयो भनी कथा टुंग्याएर ज्ञानीको विशेष राम लाई वसिष्ठ भन्नुहुन्छ )

मन्त्र-सिद्ध तपः सिद्ध तन्त्रका सिद्ध नै पनि ।
उडे आकाशमा के भो त्यसले के अपूर्वता ॥ १२३ । ३
ज्ञानीको हो यो विशेष हुन्नन् मूढसरी उनी ।
सर्वत्र आस्था त्याग्नाले उनी हुन्छन् सुनिर्मल ॥ १२३ । ५
संसारको भ्रम हटेर सुखस्वरूप
चैतन्यमूर्ति त हुने खुद ज्ञानवान्को ॥
जान्छन् हुँदै शिथिल काम र कोप मोह ।
आपत्ति लोभ मद मान हरेक रोज ॥ १२३ । ६

१. चैतन्य मात्र । २. चित्त नभएको । ३. मृत्यूरुप समुद्र । ४. आत्मज्ञानीको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कार्यकारणभावै[१] यो यस्तो हो जन्म, कर्मको ।
अकारणै[२] जीव झर्छन् त्यो ब्रह्म-पद-बाट नै ॥ १२४ । ४
पछि तिन्का स्वकर्मै[३] हुन् कारणै सुखदु:खका ।
आफू जस्तो ठान्छ उस्तै संकल्पै कर्म-हेतु[४] हो ॥ १२४ । ५
होशियार सँदै होऊ ग्राह्य-ग्राहक-भ्रान्तिमा[५] ।
संकल्प छोड साक्षीको भावलाई नबिर्सिई ॥ १२४ । ७
रुचाउँछौ कुनै वस्तु भने बन्धनमा पर्‍यौ ।
कुनै वस्तु रुचाउन्नौ भने मुक्त भयौ तिमी ॥ १२४ । १०
गएकोलाइ सोच्दैनन् न त सोच्छन् भविष्य[६] नै ।
ती साधु वर्तमानैमा[७] प्राप्त कर्म त गर्दछन् ॥ १२४ । १३
ज्यादै तिखो विवेकैले फलामैले फलाम झैं ।
मनले नै काट मन भ्रम सारा हटाउन ॥ १२४ । १५
स्थूल सूक्ष्म परै भन्ने जीवका तीन रुप छन् ।
लिएर रूप पछिको अगिका दुइ छोडिद्यौ ॥ १२४ । १७
मोटो शरीर हो स्थूल चित्त सूक्ष्म शरीर हो ।
पर चैतन्य मात्रै हो यही हो तुर्यनाम[८] को ॥
अहं[९] र अनहं[१०] छोडी-छोडी सत्[११] र असत्[१२] पनि ।
असक्त जो स्वच्छ सम त्यही तुर्य कहाउँछ ॥ १२४ । २३

---

१. कार्य र कारणको भाव । २. कुनै कारण नभई । ३. आफ्ना कर्म नै । ४. कर्मको कारण ५. लिइने र लिने भन्ने भ्रान्तिमा । ६. पछि हुने । ७. अहिले । ८. तुर्य नाउँ भएको । ९. म भन्ने पन अर्थात् जाग्रत् स्वप्नको विक्षेप । १०. म हैन भन्ने पन अर्थात् सुषुप्तिको आवरण । ११. तीनै अवस्थामा रहने । १२. तीनै अवस्थामा नरहने ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अहंकार-कला छोडे समता उदितै भए ।
चित्तलाई पगालेमा तुर्यावस्था उदाउँछ ॥ १२४ । २७
जाग्रत्को चित्त घोरै हो स्वप्न को चित्त शान्त हो ।
सुषुप्तिको त हो मूढ यी देखिन् भिन्न हो मृत ॥ १२४ । ३७
हो मरेको चित्त सत्व रहन्छ त्यसमा सम ।
सारा योगी जतनले त्यस्तो चित्त तुल्याउँछन् ॥ १२४ । ३८
अध्यात्म-शास्त्र-सिद्धान्त हो संपूर्ण बिलाउनु ।
माया अविद्या क्यै छैन प्रशान्त ब्रह्म मात्र हो ॥ १२५ । १
भई सुषुप्त जाग्रत्मा प्राप्त कर्महरू गर ।
भित्र सारा त्याग गर गर बाहिर यन्त्र झैं ॥ १२५ । ६
दुःख हो चित्तको सत्ता नहुँदा चित्त हो सुख ।
यसैले चिन्मयै चित्त तुल्याऊ समता लिई ॥ १२५ । ७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



## आठौं सर्ग

( योगका सात भूमिकाको अभ्यास कसरी गर्ने ? तिनका चिन्ह के के हुन्, भनी रामले सोध्नुहुँदा वसिष्ट भन्नुहुन्छ, 'जो संसार-समुद्र कसरी तरुँ ? भन्ने प्रश्न उठाएर वैराग्य बढाउन कोशिश गर्छ र सत्कर्म मात्र गर्छ, गाउँले जडचेष्टा तिर लाग्दैन, पापदेखि डराउँछ, भोगको इच्छा गर्दैन, मर्मवचन अरूलाई भन्दैन, स्नेह भरिएका असल वचन मात्र भन्दछ। अनि मनले, कर्मले, र वचनले पनि सज्जनको सेवा गर्ने, फेरि जहाँकहींबाट ज्ञातशास्त्रहरू ल्याएर हेर्ने, संसार तर्नाको लागि विचारवान् मुमुक्षु पहिलो भूमिकाको हो।

दोस्त्रो विचार-भूमिकामा पुगेको मुमुक्षु श्रुति, स्मृति, सदाचारको अनुकूल, धारणा र ध्यान आदिमा लागेका, व्याख्या गर्न सिपालु श्रेष्ठ गुरुको आश्रय लिन्छ। अर्थात् श्रवण, मननतिर लाग्छ। पद र पदार्थको बाच्य र लक्ष्य आदिको लक्षणा आदि विभाग उसले जान्दछ। कर्मकाण्ड र ज्ञानकाण्डको निर्णय उसले बुझेको हुन्छ। मद, अभिमान, डाह, मोह, लोभ, इत्यादि दोषलाई सर्पले काँचुली झैं छोडिदिन्छ। यसरी शास्त्र, गुरु र सज्जनको सेवा गर्नाले प्रमाणको अर्थात् शास्त्रको र प्रमेयको अर्थात् ब्रह्मको असंभावना दोष हटाउँछ।

असंसङ्ग भन्ने तेस्त्रो योगभूमिका हो। यहाँ पुगेको मुमुक्षु सँधै शास्त्रार्थमा मन लगाउँछ, तपस्वीका आश्रममा गएर बस्छ, आध्यात्मिक चर्चा गर्दछ, संसारको निन्दा गरेर वैराग्य बढाउने पाठ पढ्दछ, ढुंगालाई शय्या जस्तै ठान्छ, चित्त शान्त गराउने वनवासको विहार गर्छ, असङ्गको सुख लिएर काल बिताउँछ, सत् शास्त्रको अभ्यासले र पुरायकर्म गर्नाले यथार्थ वस्तु देख्ने शक्ति पैदा हुन्छ। यो तेस्त्रो भूमिकाको दुइ भाग लगाइएको छ। पहिलो हो सामान्य। दोस्त्रो हो श्रेष्ठ। म कर्ता भोक्ता होइन, बाध्य अथवा बाधक होइन भनेर विषयमा आसक्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नहुनु सामान्य असङ्ग हो। प्रारब्ध मुताविक सुख दुःख हुन्छ। भोगहरू रोग हुन्, संपत्ति आपत्तिको घर हो। संयोग भएपछि वियोग अवश्य हुन्छ। कालले सबैलाई खाइदिन्छ इत्यादि विचार गरी विषय चिताउँदैनन्। यहाँ सम्म सामान्य असङ्ग हो।

त्यो सामान्य असङ्गको अभ्यासबाट श्रेष्ठ असङ्गमा आएका मुमुक्षुहरू महात्माहरूको मात्र संगत गर्छन्। निरन्तरको अभ्यासयोगद्वारा ठूलो पुरुषार्थले आत्मवस्तु हतकेलाको अमला जस्तै प्रत्यक्ष हुँदै आउँछन्। म कर्ता होइन इत्यादि कुरा पनि छोडेर वचन, मन, इन्द्रिय हरूको चेष्टारहित भई शान्त भएर रहनु हो श्रेष्ठ असङ्ग। यो भूमिकाका व्यक्तिहरूको विवेकरूपी कमल विचाररूपी सूर्यबाट प्रफुल्ल हुन्छ। यी तीन भूमिकालाई जाग्रत् भन्छन्।

तीन भूमिकाको अभ्यासले पूर्णिमाको चन्द्रमा जस्तै अखण्ड बुद्धिमा पूर्ण आत्मचन्द्रको उदय हुन्छ। निर्विभाग, आदि र अन्त्य नभएको सम सच्चिदानन्द-स्वरूपको अनुभव हुन्छ र चौथो भूमिकामा पुगेकाको अज्ञान नष्ट हुन्छ। द्वैत हराएर अद्वैत स्थिर भएका ज्ञानीहरू संसारलाई सपना जस्तै देख्नुहुन्छ। यसैले चौथो भूमिकालाई स्वप्न भन्छन्।

सुषुप्त नाउँ भएको पाँचौं भूमिकामा पुगेपछि द्वैतको भान नै हराउँछ। सँधै अन्तर्मुख भएर रहेकोले ज्यादै शान्त हुँदा सँदै निद्रालु जस्तै देखिन्छन्।

पाँच भूमिकाको अभ्यास गर्दै तुर्य भन्ने छैटौं, भूमिकामा ज्ञानी पुग्नुहुन्छ। जहाँ सत्, असत्, अहं र अनहं पनि हुँदैन। मनन क्षीण भएका छँदा द्वैत र अद्वैतदेखि पर हुन्छन्। हृदयग्रन्थि चुँड्दछ, शंका हराउँछ। तस्वीरको बत्ती जस्तै ननिभे पनि निर्वाणमा प्राप्त हुन्छ। आकाशमा रित्तो गाग्रो जस्तै भित्र र वाहिरपनि शून्य हुन्छन्, समुद्रमा पानी भरिएको गाग्रो जस्तो भित्र र बाहिर पनि पूर्ण हुन्छन्।

छैटौं भूमिकाको अभ्यासले ज्ञानी सातौं भूमिकामा पुग्नु हुन्छ। यही विदेह

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मुक्ति हो । यो भूमिका वचनको विषय हुन सक्दैन । यसैलाई कसैले शिव भने कसैले चाँहि ब्रह्म अब आर्यको स्वरूप रामलाई वसिष्ठ भन्नुहुन्छ ) :—

[1]कर्तव्य वेसरी गर्ने [2]अकर्तव्य त छोड्दिने ।
गर्ने [3]प्राकृत आचार यहाँ आर्य कहाउँछ ॥ १२६ । ५४

आचार अनुसारैको अनि शास्त्रमुताविक ।
व्यवहार [4]यथाचित्त गर्ने आर्य कहाउँछ ॥ १२६ । ५५

पहिलोमा [5]अंकुरित [6]द्वितीयैमा [7]विकाशित ।
फल्ने तेस्त्रो भूमिकामा हो आर्यत्व मुमुक्षुको ॥ १२६ । ५६

आर्यत्वमा मरे योगी [8]शुभ-संकल्प-निर्मित ।
भोग धेरै काल भोगी जन्मन्छन् योगवान् भई ॥ १२६ । ५७

ब्रह्मलोकैसम्म खोज्ने इच्छालाई निकै दृढ ।
धैर्यनामक अस्त्रैले जितोस् [9]सर्वात्म-रूपले ॥ १२६ । ८३

यो मेरो होस् सँधै भन्ने हो चित्तभ्रम कल्पना ।
वस्तुको भावना त्याग्नु कल्पनात्याग भन्दछन् ॥ १२६ । ९१

संकल्प त्याग्नु हो श्रेय लिदैनौ किन त्यो भनी ।
उठाई हात कुर्लन्छु तर सुन्दैन क्वै पनि ॥ १२६ । ९४

हुनाले शान्त अत्यन्त पाइन्छ परमै पद ।
जहां [10]विशाल [11]साम्राज्य पनि हुन्छ[12]तृणैसरि ॥ १२६ । ९५

---

१. गर्नुपर्ने काम । २. गर्न नहुने काम । ३. प्रकृतिले ल्याएको । ४. आफ्नो चित्त प्रसन्न हुने । ५. अंकुर आएको । ६. दोस्त्रोमा । ७. झाङिएको । ८. असल संकल्पले बनाएको स्वर्ग आदिको भोग । ९. सारा आत्मरूप हो भन्ने । १०. ठूलो । ११. चक्रवर्तीको राज्य । १२. घाँस बराबर ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वाल्मीकि भरद्वाजलाई भन्नुहुन्छ :—

अनादि वासना-दोष हुँदा देखिन्छ यो जगत् ।
[1]गन्धर्व–नगरै जस्तो यो असत्[2] हो भनी बुझ ॥ १२७ । १५
चित्त शुद्ध नहुन्जेल भज [3]साकार नै तिमी ।
तब होला [4]निराकार पदमा स्थिति उत्तम ॥ १२७ । ३५
के होला खालि कर्मैले के हुने पुरुषार्थले ।
[5]ईश्वरानुग्रहैले नै पाइन्छ परमै पद ॥ १२७ । ३८
हो [6]पुरायाधीन नै ज्ञान फल्छ त्यो बहु जन्ममा ।
धीर जीवन्मुक्तमा त्यो अनुमान गरिन्छ है ॥ १२७ । ४४
श्रद्धा गर्ने देवता र गुरु ब्राह्मण भक्तमां ।
शास्त्र मान्नेलाइ हुन्छ ईश्वरैको अनुग्रह ॥ १२७ । ५८
एकै भए पनी सृष्टि स्थिति औ लय आदिले ।
धेरै हुने चिदानन्द-मूर्तिमा छ प्रणाम यो ॥ १२७ । ६२

( ज्ञानको सार बताउनोस् भनी भरद्वाजले भन्नुभएपछि वाल्मीकि भन्नुहुन्छ । ) :—

शान्त, इन्द्रिय जितेको, निषिद्ध र काम्यकर्मबाट हटेको, अनि विषय र इन्द्रियको संयोगले हुने सुखबाट पनि उपराम भएको, श्रद्धालु मुमुक्षु मुलायम आसनमा बसेर प्रणवको उच्चारण मन प्रसन्न हुन्जेल गरोस्, चित्त शुद्धिका लागि प्राणायाम गरोस् , इन्द्रियहरू विषयबाट हटाओस्; अनि जजसबाट शरीर, इन्द्रिय, मन, बुद्धि र क्षेत्रज्ञको उत्पत्ति हुन्छ त्यो बुझेर कार्यलाई कारणमा लय गराओस् मासु आदि पार्थिव भाग पृथिवीमा लय गराओस् । जलको भाग रगत आदि जलमा,

---

१. आकाशमा कल्पना गरिएको शहर । २. झूटो । ६. आकारले युक्त भएका गणेश आदि देवता । ३. आकार नभएको । ४. ईश्वरको निगाहले नै । ५. पुण्यको अधीन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तैजस भाग तेजमा, प्राण आदि वायुमा, र शारीराकाश आकाशमा लय गराओस् । अनि इन्द्रियहरू पनि तिनका कारणमा लय गराओस् अर्थात् दिशामा कान, बिजुलीमा छाला, सूर्यमा आंखा, पानीमा जिभ्रो, वायुमा प्राण, अग्निमा वचन, इन्द्रमा हात, विष्णुमा पायु, मित्रमा पायु, कश्यपमा उपस्थ, चन्द्रमामा मन, ब्रह्मामा बुद्धि लय गराओस् । अनि म विराट् हुँ भन्ने चिन्तन गरोस् । पृथिवी जलमा, जल अग्निमा, अग्नि वायुमा, वायु आकाशमा, आकाश साराको उत्पत्तिको कारण भएको महदाकाश अर्थात् हिरण्यगर्भाकाशमा लय गराओस् अनि म आत्मा हुँ भन्ने चिन्तन गरोस् । लिङ्ग—शरीरलाई अव्याकृतमा लय गराओस् यसरी विराट्, हिरण्यगर्भ. अव्याकृत रूप स्थूल, सूक्ष्म, कारणलाइ अधिष्ठान शुद्ध चैतन्य वस्तुमा लय गराओस् ।

शरीर, इन्द्रिय, मन, बुद्धिदेखि परै हुने ।
चैतन्य हुँ भनी ध्यान गरे जीवत्व छुट्दछ ॥ १२८ । ४६
सुषुप्ति र स्वप्न जाग्रत् यी तीनै [१]स्थान छोड्दिई ।
[२]तुरीय आनन्द पद पुगे जीवत्व छुट्दछ ॥ १२८ । ४९
[३]गुरु-वाक्यार्थं बुझ्नाले शास्त्रको त विचारले ।
अभ्यासले सिद्धि हुन्छ भन्ने हो [४]वेदशासन ॥ १२८ । ५५

( विश्वामित्र वसिष्ठलाई भन्तुहुन्छ )

[५]दर्शनेले [६]स्पर्शनले शब्दले शिष्य—देहमा ।
[७]शंभुको जो [८]समावेश पार्दछन् हुन् तिनै गुरु ॥ १२८ । ६१
शिष्यको शुद्ध नै बुद्धि ज्ञानको बन्छ कारण ।
[९]मलको पाक नभए के गर्नु गुरु-वाक्यले ॥ १२८ । ६३

---

१. अवस्था । २. चौथो । ३. गुरुले उपदेश दिएको वाक्यको अर्थ । ४. वेदको आज्ञा । ५. हेर्नालि । ६. छुनाले । ७. स्वयं प्रकाश चैतन्यको । ८. प्रवेश । ९. काम, कर्म, वासनारूप मल ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हुन्छ प्रत्यक्ष नै ज्ञान गुरु-शिष्य–प्रयोजन।
गुरु शिष्यै योग्य भए सारा पौरुष फल्दछ ॥ १२८।६४

( ऐले विश्रान्तिको समय होइन त्यस कारण राज्य आदि विषय नाशवान् हो भनी आफ्नो उचित कार्य गर्नुहोस् भनी वसिष्ठले भन्नुहुँदा राम भन्नुहुन्छ )

श्रुति, स्मृति, पुराणमा आगमैहरुमा पनि।
कर्तव्य गुरु–वाक्यै हो त्याज्य हो तद्विपर्यय ॥ १२८।१०३

( गुरु वसिष्ठको चरणमा परेर उठी अरू श्रोताहरूलाई राम भन्नुहुन्छ ) :—

सुनिश्चित भलो वाक्य सुन्नुहोस् सब सज्जन।
गुरु र ज्ञान भन्दा त ठूलो छैन कुनै पनि ॥ १०८।१०५

अन्त्यमा बाल्मीकि भन्नुहुन्छ :—

जो नित्य सुन्ला संवाद यो राम र वसिष्ठको।
त्यसको पाप छुट्नेछ पुग्नेछ ब्रह्मको पद ॥ १२८।१११

इति निर्वाण पूर्वार्ध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## जसको अर्थबाट यो प्रकाशित भएको छ ती महाशयहरू

| | |
|---|---|
| श्री चित्रकला | १००) |
| श्री चिरराज | १००) |
| श्री मोदनाथ | १००) |
| श्री रङ्गनाथ | १००) |
| श्री टीकाराम | १००) |
| नाम प्रकाशित गर्न नचाहने महाशयबाट | १००) |
| श्री सावित्री | २००) |
| श्रीमती श्रोनि | २००) |
| हरिस्तुति आदि पुस्तकको बिक्रीबाट | २००) |
| श्री शि. वि. ने. बाट | ३००) |

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# लेखकका प्रकाशित कृतिहरू

१ पच्चीस प्रबन्ध

२ कादम्बरी ( नाटक )

३ पौराणिक कहानी

४ ऐतिहासिक कहानी

५ वैदिक कहानी

६ नेपालका तारा ( बालसाहित्य )

७ पौराणिक कथा ,,

८ सिंधुलीको झलक ( खण्डकाव्य )

९ संस्कृत साहित्यको सिंहावलोकन ।

१० ईश्वर किन मान्ने ?

११ अनुवाद-प्रकाशिका

१२ धर्मबोध १–५ ( बालसाहित्य )

अनूदित

१३ हरिस्तुति ( श्रीशंकराचार्य-कृत हरिमीडे स्तोत्रको अनुवाद र व्याख्या

१४ विद्यागीता ( त्रिपुरा-रहस्य ज्ञानखण्डको अनुवाद )

१५ गजेन्द्रमोक्ष ( अनुवाद र व्याख्या सहित )

Jayatu Sanskritam, Kathmandu, Nepal